# ८ औं वार्षिक प्रतिवेदन २०८२/८३

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि



प्रतिवेदन तयार भएको मिति (२०८३/०५/२५) सम्मको

# क्षेत्रगत कर्जाको विवरण







| विवरण (रु.अर्बमा) | जलविद्युत् | स्वास्थ्य | उत्पादन मुलक उद्योग | पर्यटन | सौर्य उर्जा | वायु सेवा | सूचना तथा सन्चार |
|---|---|---|---|---|---|---|---|
| स्वीकृत सिमा | ३३.७३ | ७.९५ | ६.६३ | ५.६२ | ३.३५ | २.९७ | १.३५ |
| प्रवाहित कर्जा | १५.१८ | ६.७० | ३.३६ | ५.०७ | १.७१ | – | ०.८८ |



| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०५/२५ |
|---|---|---|---|---|---|---|---|
| स्वीकृत कर्जा सिमा (रु. अर्बमा) | १७.७० | ३२.८९ | ३२.५३ | ३०.९५ | ४५.४२ | ५६.१३ | ६१.६० |
| प्रवाहित कर्जा (रु. अर्बमा) | ०२.२९ | १५.६९ | २०.४३ | २१.२३ | २५.२३ | ३१.६३ | ३२.९० |
| निष्कृय कर्जा (%) | – | – | – | ०.००९% | – | ०.००१% | ०.००१% |

आ.व. २०८२/८३ सम्मको

## वित्तीय झलक

कुल सम्पत्ति
**रु ४१.८५ अर्ब**

कुल व्याज आम्दानी
**रु २.४२ अर्ब**

खुद नाफा
**रु ९८.८१ करोड**

प्रतिशेयर खुद सम्पत्ति
**रु ११७.२२**

# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
# बैंकको आठौँ वार्षिक साधारण सभाको सूचना

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०८३ साल असोज १ (सेप्टेम्बर १७, २०२६) गते बसेको सञ्चालक समितिको १९३औं बैठकको निर्णयानुसार बैंकको आठौँ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

१. **सभा हुने मिति, समय र स्थान**

मिति : २०८३ साल असोज २३ गते, शुक्रबार (तदनुसार अक्टोबर ९, २०२६)
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं।
सभा सुरु हुने समय : बिहान ९ बजे।
उपस्थिति पुस्तिका बिहान ८ बजे देखि ९:३० बजेसम्म खुल्ला राखिने छ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants ले बैंकको लगातार तीन वर्ष लेखापरीक्षण सम्पन्न गर्नुभएको हुँदा पुनः नियुक्त हुन सक्नुहुन्न।)

४. मिति २०८३ भाद्र १४ गते (तदनुसार ३० अगस्ट २०२६) आइतबार बसेको बैंकको १९१औं सञ्चालक समितिको बैठकबाट प्रस्ताव भए बमोजिम बैंकको चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड रुपैयाँ) को ५.२६३२% (पाँच दशमलव दुई छ तिन दुई प्रतिशत) ले हुने रकम रु.१,१३,६८,५१,२००/- (एक अर्ब तेह्र करोड अठसठ्ठी लाख एकाउन्न हजार दुई सय रुपैयाँ) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने। साधारण सभाबाट स्वीकृत लाभाशं कम्पनी ऐन २०६३ को दफा १८२(२) अनुसार नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त भएपछि वितरण हुने।

**(ख) सञ्चालकको नियुक्ति**

आ.व. २०८१/८२ को सातौँ वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूहमा प्रतिनिधित्व गर्ने गरी निर्वाचित २ (दुई) जना सञ्चालकहरुमध्ये सञ्चालक श्री लिमा अधिकारी आचार्यले सञ्चालक पदबाट दिनुभएको राजिनामा स्वीकृत भई सो स्थानमा सञ्चालक समितिको १७८औं बैठकको निर्णयबाट सोही समूहको प्रतिनिधित्व गर्नुहुने श्री अनिता रायमाझीलाई सञ्चालकको रुपमा नियुक्त गरिएकोमा सो नियुक्ति बाँकी कार्यकालको लागि अनुमोदन गर्ने।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. बैंकको आठौं साधारण सभाको लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०८३/०६/१४ गते एक दिन बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८३/०६/१४ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन, मतदान गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरुहुनु भन्दा १ घण्टा अगावै देखि खुल्ला रहनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले बैंकले जारी गरेको प्रवेश-पत्र सहित शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ। यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ।

५. प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ।

६. कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ।

७. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौ-१०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ।

८. शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नुहुनेछ। नाबालक शेयरधनीको हकमा नाबालकको संरक्षक वा निजको अख्तियारी प्राप्त प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

९. संयुक्त रुपमा एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ।

१०. सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ।

**नोटः**

१. पूर्वाधार विकास बैंकलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशन २०८२ को निर्देशन नं. ६ को बुँदा नं.१.१७ मा सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था शिर्षक अन्तर्गत केही प्रावधानहरु तोकिएकोमा सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सहभागी हुने शेयरधनी महानुभावहरुले आफु उक्त निर्देशन बमोजिम सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न योग्य रहेको बुझि सभामा उपस्थित भएको मानिनेछ।

२. बैंकको वार्षिक प्रतिवेदन काठमाण्डौ १०, बानेश्वर स्थित बैंकको रजिष्टर्ड कार्यालय वा बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै साधारणसभा सँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.nifrabank.com मा पनि उपलब्ध हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

३. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौ १०, बानेश्वर स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२ Ext. १५२) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.**
**काठमाडौं–१० बानेश्वर**

# प्रवेश पत्र

१. शेयरधनीको नाम :

२. ठेगाना :

३. शेयरधनी परिचय/हितग्राही खाता नं. :

४. शेयर प्रमाणपत्र नं. :

५. लिएको शेयर संख्या :

नेपाल इन्फ्राष्ट्रक्चर बैंक लि. को मिति २०८३/०६/२३ मा हुने आठौँ वार्षिक साधारण सभामा उपस्थिति हुन जारी गरिएको प्रवेश पत्र।

द्रष्टव्य : सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्यरुपमा लिई आउन हुन अनुरोध छ। अन्यथा सभाकक्षमा प्रवेश गर्न पाईने छैन।

..............................
**जीवनाथ सापकोटा**
कम्पनी सचिव

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
काठमाडौं १०, बानेश्वर

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे।**

महाशय,

........................ जिल्ला ........................ न.पा./गा.पा. वडा नं. ........बस्ने म/हामी .......................... ................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८३ साल असोज २३ गते शुक्रबारका दिन हुने आठौँ वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थिति भई छलफल, मतदान तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........................ जिल्ला ...................... न.पा./गा.पा. वडा नं. .......बस्ने श्री ................................................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/ पठाएका छौं।

**प्रोक्सी लिनेले भर्ने**

हस्ताक्षरको नमुनाः

नामः

शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.ः

**प्रोक्सी दिनेले भर्ने**

दस्तखतः

नामः

शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.ः

------------------------------------------

शेयर संख्याः

मितिः

छापः

**कम्पनी सचिव**
जीवनाथ सापकोटा

**सूचना अधिकृत**
सूवर्ण कुमार सिंह

**लेखापरीक्षक**
बि.आर.एस न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स्

**शेयर रजिष्ट्रार**
ग्लोबल आइएमई क्यापीटल लिमिटेड


**सम्पर्क ठेगानाः**
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
काठमाडौं १०, बानेश्वर
टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२
ईमेलः info@nifrabank.com
वेभ साइटः https://www.nifrabank.com/



NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि

# विषय सूची


| | | |
|---|---|---|
| १. | सञ्चालक समिति | ०१ |
| २. | आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | ०४ |
| ३. | प्रमुख कार्यकारी अधिकृतको भनाई | ३० |
| ४. | वित्तीय विवरण प्रकाशन सम्बन्धमा नेपाल राष्ट्र बैंकको पत्र | ३२ |
| ५. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण | ३३ |
| ६. | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | ३४ |
| ७. | आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन | ४४ |




# सञ्चालक समितिको संक्षिप्त परिचय



**श्री महेशप्रसाद दहाल**
अध्यक्ष

श्री महेशप्रसाद दहालले सञ्चालक समितिमा स्वतन्त्र सञ्चालकका रूपमा प्रतिनिधित्व गर्नुका साथै समितिको अध्यक्षको जिम्मेवारी समेत सम्हाल्दै आउनु भएको छ। उहाँ नेपाल सरकारको सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनु हुन्छ। निजामती सेवामा तीन दशकभन्दा बढीको अनुभव हासिल गर्नु भएको उहाँले सरकारी सेवाको दौरानमा विभिन्न जिम्मेवारीहरुमा रही नेतृत्वदायी भूमिका प्रदान गरिसक्नु भएको छ। रक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयहरुमा सचिवको जिम्मेवारी पूरा गर्नु भएको उहाँसँग राजश्व परामर्श समितिको कार्यकारी अध्यक्ष भएर कार्य गर्नु भएको समेत अनुभव रहेको छ। यसका अतिरिक्त उहाँले सन् २०१३-१५ सम्म हंङकङका लागि नेपालको महावाणिज्यदुत र सन् २०१८-१९ सम्म ILO Geneva को गर्भनिङ बडीमा सरकारको तर्फबाट सह-सदस्यको रुपमा प्रतिनिधित्व गर्नु भएको थियो। त्यस्तै उहाँ संयुक्त राज्य अमेरिकाको वासिङ्टन डी.सी. स्थित ग्लोबल पार्टनरसिप फर एजुकेसन (GPE) मा एसिया तथा प्रशान्त क्षेत्रका लागि वैकल्पिक बोर्ड सदस्यका रूपमा समेत सेवा प्रदान गर्नु भएको थियो। हाल उहाँ विभिन्न सामाजिक तथा आर्थिक क्षेत्रमा क्रियाशील हुनु हुन्छ। उहाँले कानूनमा स्नातकका साथै एम.बि.ए. तथा एम.पि.ए. सम्मको उच्च शिक्षा हासिल गर्नु भएको छ।



**श्री महेश आचार्य**
सञ्चालक

नेपाल सरकारको राज पत्राङ्कित प्रथम श्रेणीमा कार्यरत श्री महेश आचार्यले बैंकको सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालय (संस्थापक शेयरधनी) को प्रतिनिधित्व गर्नु हुन्छ। आर्थिक नीति निर्माण, राजस्व व्यवस्थापन, बजेट तर्जुमा तथा वित्तीय सुशासनको क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव हासिल गर्नु भएका आचार्यले नेपालको आर्थिक नीति निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएको छ। गृह मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगतका विभिन्न जिम्मेवारी पूरा गर्नु भएको उहाँ हाल अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको प्रमुख जिम्मेवारी सम्हाल्दै आउनु भएको छ। उहाँ सँग वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, कृषि विकास बैंक, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, स्वास्थ्य बिमा बोर्ड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सहरी विकास कोष लगायतका विभिन्न निकायहरुका सञ्चालक समितिमा रही कार्य गरेको अनुभव रहेको छ। श्री आचार्यले दि यूनिभर्सिटि अफ क्विन्सल्याण्ड-अस्ट्रेलियाबाट डेभलपमेन्ट इकोनोमिक्समा स्नातकोत्तर तहको शिक्षा हासिल गर्नु भएको छ।



**श्री सुरेन्द्रराज रेग्मी**
सञ्चालक

श्री सुरेन्द्रराज रेग्मीले बैंकको सञ्चालक समितिमा ग्लोबल आइएमई बैंक लिमिटेड (संस्थापक शेयरधनी) को प्रतिनिधित्व गर्नु हुन्छ। उहाँसँग नेपालको बैंकिङ्ग क्षेत्रमा ३५ वर्षभन्दा बढी कार्य गरेको अनुभव रहेको छ। उहाँ हाल ग्लोबल आइ.एम.ई. बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ। श्री रेग्मीले आफ्नो कार्य सम्पादनको दौरानमा प्रमुख कर्जा अधिकृत, प्रमुख सञ्चालन अधिकृत र प्रमुख जोखिम अधिकृत लगायतका बैंकका विभिन्न नेतृत्वदायी भूमिकाहरू सम्हालि सक्नु भएको छ। उहाँको विशेष गरी कर्जा र जोखिम व्यवस्थापनमा गहन अनुभव रहेको छ। श्री रेग्मीले फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको अध्यक्ष तथा नेशनल बैंकिङ इन्स्टिच्युट लिमिटेड र ग्लोबल आईएमई क्यापिटल लिमिटेडको सञ्चालकको रूपमा पनि सेवा गरिसक्नु भएको छ। उहाँ हाल नेपाल बैंकर्स एसोसिएसनको उपाध्यक्षको रूपमा पनि कार्यरत हुनु हुन्छ। श्री रेग्मीले बेलायतको युनिभर्सिटी अफ वेल्सबाट एम.बी.ए. र नेपालको त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर हासिल गर्नु भएको छ।



**श्री दिपक कुमार अग्रवाल**
सञ्चालक

श्री दिपक कुमार अग्रवाल, विशाल ग्रुप लिमिटेड (संस्थापक शेयरधनी) को प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनु भएको छ। सि.ए. र एम.बी.ए. उपाधी हासिल गर्नु भएको उहाँसँग वित्त, लेखापरीक्षण तथा व्यवस्थापनको क्षेत्रमा दुई दशक भन्दा बढीको अनुभव छ। हाल उहाँ DABN & Associates, CA फर्ममा साझेदार हुनु हुन्छ भने नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. र साउथ एसिया इन्फ्रास्ट्रक्चर प्रा. लि. मा सञ्चालकको रूपमा कार्यरत हुनु हुन्छ। CNI को राष्ट्रिय परिषद् सदस्य र राजस्व समितिको सह-अध्यक्षको जिम्मेवारी सम्हालिरहनु भएको उहाँसँग युनाइटेड फाइनान्स लि.को सञ्चालक, ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को स्वतन्त्र सञ्चालक र SAARC Development Fund मा सहायक निर्देशक जस्ता नेतृत्वदायी भुमिकामा रहि कार्य गरेको अनुभव छ।



**श्री विशाल उप्रेती**
सञ्चालक

श्री विशाल उप्रेतीले बैंकको सञ्चालक समितिमा इमर्जिङ्ग नेपाल लिमिटेड (संस्थापक शेयरधनी) को प्रतिनिधित्व गर्नुहुन्छ । उहाँले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाबाट चार्टर्ड एकाउन्टेन्टको अध्ययन सम्पन्न गर्नु भएको छ। उहाँले विभिन्न संस्थामा विभिन्न जिम्मेवारीमा रही कार्य गर्नु भएको छ। हाल उहाँ इमर्जिङ्ग नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, इमर्जिङ्ग भेन्चर लिमिटेड तथा होटल एलिस द वन्डर इन लि. का सञ्चालक हुनु हुन्छ । परियोजनाहरुको लगानी र बैंक तथा वित्तीय क्षेत्रमा विशेष रुचि राख्ने उहाँसँग विगतमा बैंक तथा वित्तीय संस्थामा कार्य गरेको अनुभव छ। वित्त विश्लेषणमा दखल राख्ने उहाँ अध्ययन-अनुसन्धानका क्षेत्रमा समेत उत्तिकै रुचि राख्नु हुन्छ। उहाँले सि.ए. सहित एम.बी.एस. र एलएल.बी. को उपाधी समेत हासिल गर्नु भएको छ।



**डा. श्री मनिष थापा**
सञ्चालक

डा. श्री मनिष थापाले बैंकको सञ्चालक समितिमा सार्वजनिक शेयरधनीको प्रतिनिधित्व गर्नु हुन्छ । उहाँ नेपालकै पहिलो इजाजतप्राप्त प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल फन्ड Global Equity Fund का संस्थापक तथा Managing Partner हुनु हुन्छ। साथै, उहाँ नेपाल प्राइभेट इक्विटी एसोसिएसन र अमेरिकन चेम्बर अफ कमर्स इन नेपालका सञ्चालक तथा नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फन्डका कार्यकारी अध्यक्ष हुनु हुन्छ । उहाँले लक्ष्मी सनराइज बैंकको सञ्चालकका रूपमा कार्य गरिसक्नु भएको छ भने उहाँ हाल कोस्टारिका गणतन्त्रको अवैतानिक महावाणिज्यदूतका रूपमा कार्यरत हुनु हुन्छ। उहाँले दि युनिभर्सिटी अफ टोकियो जापानबाट विद्यावारिधि र दि युनिभर्सिटी अफ वार्सा पोल्याण्डबाट पोष्ट-डक्टोरेटको उपाधी हासिल गर्नु भएको छ।



**श्रीमती अनिता रायमाझी**
सञ्चालक

श्रीमती अनिता रायमाझी बैंकको सञ्चालक समितिमा सार्वजनिक शेयरधनीको प्रतिनिधित्व गर्नु हुन्छ। उहाँसँग प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको सञ्चालक, नेपाल पुर्नबीमा कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक जस्ता पदहरुमा कार्य गरेको अनुभव रहेको छ भने उहाँ हाल नेपाल इन्स्योरेन्स एण्ड रिस्क म्यानेजमेन्ट एसोसिएसन तथा इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपालका सञ्चालकको रुपमा समेत कार्यरत हुनु हुन्छ । उहाँसँग विशेष गरी बीमा, पुर्नबीमा तथा डिजिटल फाइनान्सियल सर्भिसेज क्षेत्रका कर्पोरेट सुशासन, जोखिम व्यवस्थापन तथा रणनीतिक योजना सम्बन्धी पर्याप्त अनुभव रहेको छ । उहाँले बिजनेस स्टडीजमा स्नातकोत्तर तहको शिक्षा हासिल गर्नु भएको छ।



**महेशप्रसाद दहाल**
अध्यक्ष, सञ्चालक समिति

# आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन अध्यक्ष, श्री महेशप्रसाद दहालद्वारा प्रस्तुत

**आदरणीय शेयरधनी महानुभावहरु,**

बैंकको आठौं वार्षिक साधारण सभामा बैंक सञ्चालक समितिका तर्फबाट म यहाँहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु। विगत आठ वर्षको यात्रामा बैंकलाई यहाँसम्म ल्याइ पुऱ्याउन शेयरधनीका रूपमा यहाँहरूले दिनु भएको अमुल्य सुझाव, पुऱ्याउनु भएको योगदान तथा सद्भावका लागि हृदयदेखि नै आभार प्रकट गर्दछु।

आर्थिक वर्ष २०८२/८३ को अन्त्य सम्म आइपुग्दा बैंकले पूर्वाधारका विभिन्न ५० वटा परियोजनाहरुमा रु ५६ अर्ब १३ करोडको लगानी स्वीकृत गरी रु ३१ अर्ब ६३ करोड कर्जा प्रवाह गरिसकेको छ। बैंक सञ्चालनको शुरुवाती अवस्था देखि हाल सम्म निरन्तर रुपमा खराब कर्जा (Non Performing Loan-NPL) करिब शून्य प्रतिशतमा राख्न बैंक सफल भएको सन्दर्भ यस गौरवान्वित सभामा राख्न पाउदा मलाई अन्त्यन्तै खुशी लागेको छ। पूर्वाधार विकासको क्षेत्रमा लगानी गर्ने विषय आफैमा जटिल र समय लाग्ने प्रक्रिया भएको कारणले गर्दा बैंकले प्राप्त गरेको उपलब्धि अन्य बैंक तथा वित्तीय संस्थाको तुलनामा केही कम देखिएता पनि यस बैंकले अवलम्बन गरेको रणनीतिक दिशा र तय गरिएका लक्ष्यहरु दिर्घकालिन हित तथा दिगो रहेको छ भन्ने विषय यस सभा मार्फत आदरणीय शेयरधनी महानुभावहरु समक्ष राख्न चाहन्छु।

बैंक सञ्चालनको आठ वर्ष पुरा गरी आजको अवस्थासम्म आई पुग्न सम्पूर्ण शेयरधनी महानुभावहरूबाट प्राप्त निरन्तर साथ, सहयोग र विश्वासले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको सन्दर्भ हामी सबैले उच्च सम्मानका साथ मुल्याङ्कन गरेका छौं। त्यसैगरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त सहयोग, नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूबाट प्राप्त मार्गनिर्देशन एवं अन्य सबै पक्षको सामूहिक प्रयासबाट बैंकले आफ्नो संस्थागत एवं व्यवसायिक आधारलाई आगामी दिनमा थप मजबुत एवं संस्थागत गर्दै जाने विषयमा पनि सञ्चालक समितिको तर्फबाट म प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

अब म यस सभा समक्ष विद्यमान ऐन, नियम तथा निर्देशन अनुरुप तयार गरिएको आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफा-नोक्सान हिसाब, आम्दानीको विस्तृत विवरण, नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरण र सुचाङ्कहरु सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा अब म सञ्चालक समितिको तर्फबाट आर्थिक तथा बैंकिङ्ग क्षेत्रका परिसूचकहरु प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षमा भए गरेका कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू सहितको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु।

## (१) समीक्षा अवधिको कारोवारको सिंहावलोकन

विगतका वर्षहरु झै बजारमा निरन्तर देखिएको अधिक तरलता तथा कर्जाको मागमा भएको संकुचन यस आर्थिक वर्षमा पनि निरन्तर रहिरह्यो। बजारमा भएको अधिक तरलताका कारण निक्षेप र कर्जाको ब्याजदर लामो अवधि पश्चात निकै तल झरेको भएता पनि कर्जा विस्तारले अपेक्षित गति नलिँदा बैंकले समीक्षा अवधिमा तय गरेका लक्ष्यहरु अनुरुप उपलब्धी हासिल गर्न सकेन। अर्थतन्त्रका गतिविधिहरुमा मुलुकभित्र भएको जेनजी आन्दोलन तथा प्रतिनिधि सभाको चुनाव जस्ता विषयहरुले संकुचन ल्याएको सन्दर्भमा पूर्वाधारका क्षेत्रमा हुने लगानीलाई तुलनात्मक रुपमा बढी प्रभाव पाऱ्यो।

परिवर्तित अर्थतन्त्रका परिदृश्यलाई निरन्तर रुपमा अध्ययन विश्लेषण गर्दै बैंकले आफ्नो रणनीति तथा कार्यदिशामा यथोचित परिमार्जन गर्दै सम्भव भए सम्मका प्रयासका बावजुद समीक्षा अवधिमा हामीले हासिल गर्नुपर्ने वासलातको बढोत्तरी, लगानी विस्तार, प्रतिफलको वृद्धि जस्ता महत्वपूर्ण सुचाङ्कहरुमा अपेक्षित नतिजा दिन नसकेको विषय हामीले गम्भीरताका साथ लिएको र सोको परिपुर्ति हुने गरी चालु आ.व.को नीति तथा कार्यक्रमहरु तय गरिएको विषय समेत सम्मानित सभामा राख्न चाहन्छु।

पूर्वाधारमा गरिएको लगानीबाट प्राप्त हुने प्रतिफल दीर्घकालीन प्रकृतिको विषय भएकाले त्यसको प्राप्तिका लागि बैंकले निरन्तर प्रयास गरिरहनुपर्ने विषयलाई हामीले केन्द्रमा राख्दै बैंक निरन्तर अगाडि बढिरहेको सन्दर्भमा आशातित तुलनात्मक लगानीको प्रतिफल निकट वर्षहरुमा दिन बैंक पक्कै सक्षम हुनेछ भन्नेमा सञ्चालक समितिको तर्फबाट म यहाँहरूलाई आश्वस्त गराउन चाहन्छु।

अब म यहाँहरु समक्ष आर्थिक वर्ष २०८२/८३ को आर्थिक कारोवारको देहाय बमोजिमका विवरणहरु सिलसिलेवार ढङ्गले सभामा राख्ने अनुमति चाहन्छु।

### क) पुँजी संरचना

बैंकको पुँजी संरचनामा समीक्षा अवधिमा कुनै फेरबदल भएको छैन। साविक बमोजिम नै बैंकको अधिकृत पुँजी, चुक्ता पुँजी र जारी पुँजी क्रमशः रु.४०,००,००,००,०००/- (चालिस अर्ब रुपैयाँ), रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड

रुपैयाँ) र रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड रुपैयाँ) रहेका छन्। यसैगरी, बैंकको मुनाफा संचिती एवं जगेडा कोष समेतलाई समावेश गर्दा बैंकको प्राथमिक पुँजी रु.२४ अर्ब ८९ करोड पुगेको छ।

बैंकका शेयरधनीहरुलाई संस्थापक र सर्वसाधारण गरी दुई भागमा वर्गीकरण गरिएको छ। जसमा नेपाल सरकार सहित संस्थापक शेयरधनीहरुको स्वामित्व ६० प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४० प्रतिशत रहेको छ। बैंकमा सबैभन्दा बढी नेपाल सरकारको लगानी रहेको छ । हाल बैंकमा रहेको नेपाल सरकारको लगानी चुक्ता पुँजीको १० प्रतिशत रहेको छ।

## ख) कर्जा लगानी

बैंकले बजारमा उपलब्ध कर्जा लगानीका अवसरहरुलाई निरन्तर रुपमा अध्ययन-विश्लेषण गर्दै यस बैंकलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम तोकिएका पूर्वाधारका क्षेत्रहरुको उपयुक्त परियोजनाहरुमा कर्जा लगानी स्वीकृत गर्दै आईरहेको छ। बैंकले कर्जा लगानी गर्न सक्ने मुख्य क्षेत्रहरु अर्न्तगत जलविद्युत्, सौर्य ऊर्जा, तारे होटल/रिसोर्ट, पर्यटन पूर्वाधार, विशिष्टीकृत हस्पिटल, उद्योग पूर्वाधार, निर्माण सामाग्री (सिमेन्ट, डन्डी इत्यादि) उत्पादन गर्ने उद्योगको पूर्वाधार, औषधी उद्योगका पूर्वाधार, उड्डयन पूर्वाधार (हवाईजहाज, विमानस्थल), सूचना प्रविधिका पूर्वाधार (डाटा सेन्टर, इन्टरनेट सेवा प्रदायकका पूर्वाधार) लगायत सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न सकिने विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, राजमार्ग, यातायात पूर्वाधार, विद्युत् प्रसारण र विद्युत् व्यापार, कृषि पूर्वाधार लगायत अन्य पूर्वाधारका परियोजना समेत पर्दछन् । नियामनकारी व्यवस्था बमोजिम प्रदान गरिएका क्षेत्रहरुमा बैंकको कर्जा लगानी प्रवाहित भएका छन् । थप सम्भावित परियोजनाहरुमा लगानीका लागि निरन्तर अध्ययन भई रहेको छ । कर्जा लगानीमा क्षेत्रगत एवं भौगोलिक विविधिकरण मार्फत लगानीको जोखिम न्यूनिकरण गर्ने सर्वमान्य सिद्धान्तलाई केन्द्रमा राखी लगानीमा सम्भव भए सम्म विविधिकरण गरिएको छ । यद्यपी, बजारमा लगानी योग्य परियोजनाहरुको उपलब्धता मुख्यतः जलविद्युत्, होटेल, हस्पिटल र उद्योगको क्षेत्रमा भएको हुँदा हाम्रो लगानीको हिस्सा पनि यी क्षेत्रहरुमा तुलनात्मक रुपमा बढी छ । यस विषयलाई यथोचित सम्बोधन गर्न बैंकको लगानीको हिस्सा कम रहेका क्षेत्रहरु जस्तै कृषि पूर्वाधार, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, राजमार्ग, यातायात पूर्वाधार, विद्युत प्रसारण र विद्युत व्यापारमा बैंकले के-कसरी लगानी गर्न सक्छ भन्ने सम्बन्धी अध्ययन अगाडि बढाईएको छ । निकट भविष्यमा अध्ययनहरुबाट सम्भाव्यता देखिएका परियोजनाहरुमा बैंकको लगानी हुने विश्वास लिईएको छ।

कर्जा लगानीतर्फ गरिएको निरन्तर प्रयास मार्फत समीक्षा अवधिमा बैंकले समग्र बैंक तथा वित्तीय संस्थाको अनुपातमा आफ्नो कर्जा उल्लेख्य रुपमा विस्तार (२६ प्रतिशत) गरेको कारणले आ.व. २०८२/८३ को अन्त्य सम्म आई पुग्दा बैंकको कर्जा लगानी विभिन्न क्षेत्रका ५० वटा परियोजनाहरुमा स्वीकृत भएको छ। बैंकले स्वीकृत गरेको परियोजनाहरुमा रु ५६ अर्ब १३ करोडको लगानी सीमा स्वीकृत गरी रु ३१ अर्ब ६३ करोड कर्जा प्रवाह गरिसकेको छ।

## ग) स्रोत संकलन

बैंकले मुलतः ऋणपत्रहरु (वोण्ड/डिवेञ्चर) जारी गरी तथा मुद्दती निक्षेप मार्फत आवश्यक पर्ने स्रोत संकलन गर्ने गर्दछ। यस्ता स्रोतहरुको अवधि सामान्यतः ५ वर्ष वा सो भन्दा बढी को हुने हुँदा स्रोत संकलनमा बैंक विशेष चनाखो हुने गरेको छ।

बैंकले आ.व. २०८१/८२ मा आफ्नो व्यवसायिक योजना र स्वीकृत वार्षिक बजेट बमोजिमको कर्जा लगानी गर्न आवश्यक पर्ने स्रोत तत्कालिन अवस्थामा स्रोतको लागत कम भएको अवसर देखि रु. ११ अर्ब ९३ करोड संकलन गरेको थियो । तर सो आर्थिक वर्षमा कर्जा लगानीमा देखिएको समग्र संकुचनको कारण संकलित सम्पूर्ण स्रोत कर्जामा परिचालन हुन नसकेको कारणले बैंकसंग समीक्षा अवधिमा पनि पर्याप्त लगानी योग्य रकम बाँकी नै रह्यो।

अर्थतन्त्रको समग्र नीतिले समीक्षा अवधिमा पनि कर्जा विस्तारलाई गति दिन नसकेको अवस्थामा हाम्रो लागि पनि समीक्षा अवधिमा बैंकसँग रहेको लगानी योग्य रकम कर्जामा प्रवाह गर्नुपर्ने दवावको अवस्था निरन्तर रही रह्यो। समीक्षा अवधिको कर्जा लगानीमा भएको वृद्धिलाई परिपुर्ति गर्न बैंकसँग पर्याप्त रकम रहेको सन्दर्भमा समीक्षा अवधिमा मुद्दती निक्षेप र ऋणपत्रहरु (वोण्ड/डिवेञ्चर) जारी गरी थप स्रोत संकलन गर्न आवश्यक देखिएन । समीक्षा अवधिमा स्रोत संकलन नभएतापनि विगतमा संकलन गरिएको स्रोतबाटै आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा बैंकसँग रु.७ अर्ब ४३ करोड मुद्दती निक्षेप र रु.७ अर्ब २८ करोड ऋणपत्रहरु (वोण्ड/डिवेञ्चर) गरी जम्मा रु. १४ अर्ब ७१ करोड स्रोत विद्यमान रहेको छ । जुन अघिल्लो आ.व.मा रु.१४ अर्ब ९६ करोड थियो।

## घ) वाणिज्य बैंकहरुको मुद्दती निक्षेप तथा सरकारी ऋणपत्रमा भएको लगानी

समीक्षा अवधिमा बैंकले नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकको लागि जारी निर्देशनको व्यवस्था बमोजिम विभिन्न 'क' वर्गका वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा रु. २ अर्ब ९० करोड लगानी रहेको छ। जुन अघिल्लो वर्ष सोही अवधिमा रु.४ अर्ब ७१ करोड रहेको थियो।

बैंकले सरकारी ऋणपत्र/टी-बिलहरुमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुकुल हुनेगरी अल्पकालिन रुपमा लगानी गर्ने गरेको छ । समीक्षा अवधिको अन्त्य सम्म

ऋणपत्र/टी-बिलहरुमा गरिएको लगानी रु.६ अर्ब २८ करोड रहेको थियो। जुन अघिल्लो वर्षको सोही अवधिमा रु.११ अर्ब ४ करोड रहेको थियो।

स्वीकृत परियोजनाहरुमा कर्जा प्रवाह बढे सँगै वाणिज्य बैंकहरुको मुद्दती निक्षेप र सरकारी ऋणपत्र/टी-बिलहरुमा गरिएका लगानी घट्दो क्रममा रहेको छ।

### ङ) कुल सम्पत्ति

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. ४१ अर्ब ८५ करोड पुगेको छ। जुन गत आ.व.को सोही अवधिमा रु. ४१ अर्ब ५५ करोड रहेको थियो।

### च) खुद ब्याज आम्दानी

विगतका वर्षहरुदेखि नै निरन्तर देखिइरहेको अधिक तरलता तथा कर्जाको मागमा भएको संकुचनको प्रभावका कारण समीक्षा अवधिमा बैंकले गरेको कर्जा लगानी र 'क' वर्गको बैंकको मुद्दती निक्षेप, सरकारी ऋणपत्र तथा टी-बिलमा भएको लगानीको ब्याजदरमा निरन्तर कमी आएको कारणले बैंकको कुल ब्याज आम्दानी १.८४ प्रतिशतले कम भई रु. २ अर्ब ४२ करोडमा सिमित भएको छ। यसैगरी बैंकले अघिल्ला वर्षहरुमा संकलन गरेको स्थिर ब्याजदर रहेको दीर्घकालिन स्रोतको कारण बैंकको ब्याज खर्च करिब ७१ प्रतिशतले बढ्न गई उक्त अवधिमा रु. ९७ करोड ७३ लाख ब्याज खर्च भएको छ। बैंकको कर्जा तथा अन्य लगानीबाट प्राप्त हुने ब्याज आम्दानीमा निरन्तर आएको कमी र ब्याज खर्चमा भएको वृद्धिका कारण आ.व. २०८२/८३ मा बैंकले रु. १ अर्ब ४५ करोड मात्र खुद ब्याज आम्दानी गरेको छ। जुन गत आ.व.को सोही अवधिमा रु. १ अर्ब ९० करोड रहेको थियो।

### छ) शुल्क तथा कमिशन आम्दानी

समीक्षा अवधिमा बैंकले शुल्क तथा कमिशन आम्दानीमा करिब १७५% ले वृद्धि गरी आर्जन गरेको कुल शुल्क तथा कमिशन आम्दानी रु. ५ करोड ८१ लाख पुगेको छ। जुन अघिल्लो आ.व.को सोही अवधिमा रु.२ करोड १२ लाख रहेको थियो।

### ज) खुद नाफा

गत वर्षमा मुलुकले जेनजी आन्दोलन, प्रतिनिधि सभाको निर्वाचन, नयाँ सरकार गठन गर्ने जस्ता विषयहरुले समग्र अर्थतन्त्रका गतिविधिहरुलाई अपेक्षित रुपमा चलायमान बनाउन नसकेको कारणले बैंक तथा वित्तीय संस्थाहरुमा पर्याप्त तरलता एवं लगानी गर्ने क्षमता भएता पनि कर्जा विस्तार मौद्रिक नितिले तय गरेको लक्ष्य अनुरुप हुन सकेन। यसले बैंकहरुमा लगानी योग्य रकम अत्यधिक मात्रामा जम्मा भएको कारणले बैंकहरुको आधार दर निरन्तर रुपमा तल झरि रह्यो, जसले निक्षेप र कर्जाको ब्याजदर समेतलाई निकै तल्लो बिन्दु सम्म पुऱ्यायो। बजारमा भएको घट्दो ब्याजदरले एकातर्फ हाम्रो मुद्दति निक्षेप र सरकारी ऋणपत्र/टी बिलमा गरिएको लगानी प्रतिफललाई सारभुत रुपमा घटायो भने अर्को तर्फ मुलतः पूर्वाधारका परियोजनाहरुमा कायम रहेको ब्याजदरलाई पनि निकै असर गऱ्यो। लागत स्थिर भएको तर लगानीको प्रतिफलमा निरन्तर कमी आएको कारणले समीक्षा अवधिमा बैंकले समग्र बैंक तथा वित्तीय संस्थाको तुलनामा आफ्नो कर्जा उल्लेख्य रुपमा विस्तार (२६ प्रतिशत) गरेता पनि लक्ष्य बमोजिमको खुद मुनाफा हासिल गर्न सकेन । यद्यपी बैंकले लिएको कर्जा विस्तारका कारण खुद मुनाफामा देखिएको कमीलाई केही हदसम्म व्यवस्थापन गर्न सकिएको स्थिती छ।

बैंकले समीक्षा अवधिमा कुल रु. ९८ करोड ८१ लाख खुद नाफा आर्जन गरेको छ। जुन गत आ.व.मा रु. १ अर्ब २३ करोड ४० लाख रहेको थियो। बैंकले यस वर्षको खुद नाफाको २० प्रतिशत रकम अर्थात रु. १९ करोड ७६ लाख साधारण जगेडा कोषमा तथा १ प्रतिशत रकम अर्थात रु. ९८ लाख ८१ हजार सामाजिक उत्तरदायित्व कोषमा बाँडफाँड गरेको छ। सामाजिक उत्तरदायित्व कोषमा बाँडफाँड गरेको रकम चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड भित्र रहेर सामाजिक उत्तरदायित्वका कार्यहरु अगाडि बढाउने योजना रहेको छ।

### झ) प्रति शेयर खुद सम्पत्ति

समीक्षा अवधिमा बैंकले आ.व. २०८१/८२ सम्मको सञ्चित मुनाफाबाट रु. १ अर्ब ३६ करोड ४२ लाख १२ हजार ८ सय नगद लाभांश वितरण गरेको कारण बैंकको प्रति शेयर खुद सम्पत्तिमा कमी आएको छ। यस अवधिमा बैंकको प्रति शेयर खुद सम्पत्ति रु.११७.२२ रहेको छ। जुन गत आ.व.मा रु. ११९.२८ रहेको थियो।

### ञ) प्रति शेयर आम्दानी

समीक्षा अवधिमा खुद नाफामा भएको कमीका कारण बैंकको प्रति शेयर आम्दानी रु.४.५७ मा झरेको छ। जुन गत आ.व.मा रु.५.७१ रहेको थियो।

### ट) निष्क्रिय कर्जा

खराब कर्जाको हिस्सा सम्भव भए सम्म शून्य राख्ने बैंकको रणनीतिक लक्ष्य अनुरुप बैंकले सञ्चालनको सुरु देखि हाल सम्म आफ्नो खराब कर्जा (NPL) लाई करिब शून्य प्रतिशतमा राख्न बैंक सफल भएको छ। समीक्षा अवधिमा बैंकको कुल खराब कर्जा रु.३,९८,१०६/- मात्र रहेको छ। जुन प्रतिशतको हिसाबले केबल ०.००१ प्रतिशत हुन आउँछ। अघिल्लो आ.व. मा बैंकको निष्क्रिय वर्गमा रहेको कर्जा शुन्य मै रहेको थियो।

### ठ) कर्जा अपलेखन

बैंकको सम्पूर्ण कर्जाहरु असल वर्गमा रही नियमित भएको हुनाले समीक्षा अवधि वा सो पूर्व बैंकले कुनै पनि कर्जा अपलेखन गर्नु परेको छैन।

## (२) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक परिदृश्य

अब म समीक्षा अवधिको कारोवारको सिंहावलोकन पश्चात् शेयरधनी महानुभावहरु समक्ष हालको विश्व तथा नेपालको आर्थिक परिदृश्यलाई आधार बनाई मुलुकको समग्र अर्थतन्त्र, बैंक तथा वित्तीय संस्थाहरु र नेपालमा पूर्वाधार विकास बैंकको रूपमा सञ्चालित एक मात्र बैंकको रुपमा रहेको निफ्रा सम्बन्धी विवरणको सारांश प्रस्तुत गर्न चाहन्छु।

### क) अन्तर्राष्ट्रिय परिदृश्य

विश्व अर्थतन्त्र हाल भूराजनीतिक तनाव, क्षेत्रिय युद्ध, उच्च सार्वजनिक ऋण, बढ्दो सार्वजनिक ऋणको लागत, ऊर्जा तथा वस्तु बजारको अस्थिरता र जलवायु परिवर्तनका प्रभावबाट उल्लेख्य रुपमा प्रभावित रहेको देखिन्छ। विशेषगरी विकसित अर्थतन्त्रहरूमा सरकारी ऋणपत्रको लागत बढ्दा विकासशील मुलुकहरूका लागि बाह्य स्रोत परिचालन महँगो र कठिन बन्ने जोखिम बढेको छ। अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) बाट हाल सालै सार्वजनिक गरिएका अध्ययन प्रतिवेदनहरुमा पनि बढ्दो विश्वव्यापी ऋणको लागतले विकासशील मुलुकको सार्वजनिक ऋणपत्र मार्फत पुँजी परिचालन गर्ने क्षमता (Debt Sustainability) र पूर्वाधार परियोजनाहरुमा हुने लगनीको लागत (Infrastructure Financing) मा थप दबाब पार्न सक्ने संकेत गरेको छ।

कोभिड-१९ महामारीपश्चात् क्रमशः सुधार हुँदै गएको विश्व अर्थतन्त्र बढ्दो भूराजनीतिक तनाब र पछिल्लो समय ठूला अर्थतन्त्रहरूबीचको कठोर व्यापारिक नीतिले पुनः प्रभावित हुन थालेको अन्तर्राष्ट्रिय मुद्राकोषको विश्लेषण रहेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०२६ जुलाईमा प्रकाशन गरेको विश्व अर्थतन्त्रको परिदृश्य सम्बन्धी प्रतिवेदनले सन् २०२६ मा ३ प्रतिशत तथा सन् २०२७ मा ३.४ प्रतिशतले विश्व अर्थतन्त्र विस्तार हुने प्रक्षेपण गरेको छ। यसै गरी, विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२६ मा ४.७ प्रतिशत तथा सन् २०२७ मा ३.९ प्रतिशत रहने प्रक्षेपण समेत उक्त प्रतिवेदनमा उल्लेखित छ। सेप्टेम्वर २०२५ मा अमेरिका र उसका प्रमुख व्यापारिक साझेदारहरुबीच उल्लेखनीय रुपमा बढेको भन्सार दर र व्यापार युद्धको तिव्रताका कारण उच्च बिन्दुमा पुगेको विश्वव्यापी अनिश्चितता सूचकांक त्यसपछि क्रमशः घट्दै गएको भएता पनि मध्ये पूर्वी एसियामा द्वन्द्व सुरु भएपछि उक्त सूचकांक पुनः वढेको छ। जसले विश्वव्यापी अनिश्चितताको पुनरुत्थानलाई संकेत गर्दछ।

मुख्यतः मध्यपूर्वमा पुनः सुरु भएको द्वन्द्वका कारण वस्तुको मुल्यमा उत्पन्न भएको अस्थिरता, आपूर्ति श्रृखलामा परेको अवरोध तथा विभिन्न मुलुकहरु बीच देखिएको व्यापारमा विखण्डन थप तिव्र हुन सक्ने सम्भावनाले उत्पादनमा नकरात्मक प्रभाव पार्नुका साथै उच्च मुल्यवृद्धि निम्त्याउन सक्ने देखिन्छ।

माथिका घटनाक्रमहरुलाई मध्येनजर गरी विकासशील अर्थतन्त्र भएका देशहरुको आर्थिक वृद्धिदर सन् २०२६ मा १.७ प्रतिशत र सन् २०२७ मा १.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यद्यपि, यस समूहभित्रका देशहरुमा प्रक्षेपण गरिएको आर्थिक वृद्धिदरमा उल्लेख्य भिन्नता रहने देखिएको छ। खुद ऊर्जा निर्यातकर्ता (Net Energy Exporter) मुलुकहरूले परिवर्तित परिवेशमा अनुकूल व्यापार शर्त (Terms of Trade) मा ऊर्जा निर्यातबाट केही हदसम्म लाभान्वित हुनेछन् भने खुद ऊर्जा आयातकर्ता (Net Energy Importer) मुलुकहरू उच्च ऊर्जा मूल्यका कारण तुलनात्मक रूपमा बढी दबाबमा पर्नेछन्, यद्यपि यस अनिश्चितता र अव्यवस्थाले विश्वव्यापी उत्पादनमा नकारात्मक प्रभाव पारेको भएतापनि कृत्रिम बौद्धिकता (Artificial Intelligence) बाट प्राप्त उत्पादकत्व वृद्धीले यसको प्रभावलाई केही हदसम्म सहयोग पुर्‍याउन सक्ने देखिन्छ।

विशेषगरी संयुक्त राज्य अमेरिकामा सन् २०२६ मा आर्थिक वृद्धिदर २.३ प्रतिशत र सन् २०२७ मा २.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। जुन अप्रिलमा गरिएको प्रक्षेपणको तुलनामा लगभग अपरिवर्तित हो। मुलतः राज्यको वित्त नीति, अनुकूल वित्तीय अवस्था तथा प्रविधिसम्बन्धी व्यवसायमा निरन्तर भइरहेको लगानी र उत्पादकत्वमा देखिएको बलियो अवस्थाले संयुक्त राज्य अमेरिकाको आर्थिक गतिविधिलाई सहयोग गर्ने अपेक्षा गरिएको छ। साथै, अमेरिका खुद ऊर्जा निर्यातकर्ता भएकाले युद्धका कारण उत्पन्न हुने प्रतिकूल प्रभाव तुलनात्मक रूपमा सीमित रहने अनुमान गरिएको छ।

यसै गरी उदीयमान बजार तथा विकासशील अर्थतन्त्रहरूमा आर्थिक वृद्धिदर सन् २०२६ मा केही सुस्त भई ३.८ प्रतिशत रहने र सन् २०२७ मा पुनः सुधार हुँदै ४.५ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। विभिन्न मुलुकका लागि गरिएको संशोधन भने समान प्रकृतिको छैन। जसमा वस्तु तथा कमोडिटीमा निर्भरता, भौगोलिक जोखिम, विप्रेषण तथा पर्यटनबाट प्राप्त आम्दानी, वित्तीय अवस्थाप्रतिको संवेदनशीलता तथा विश्वव्यापी प्रविधि मूल्य शृङ्खलाहरुलाई भिन्नताको मुख्य कारकहरूको रुपमा लिईएको छ।

विशेष गरी हाम्रा दुई छिमेकी राष्ट्रहरु चीन र भारतको तथ्याङ्कलाई हेर्दा चीनको सन् २०२६ को आर्थिक वृद्धिदर ४.६ प्रतिशत र भारतको आर्थिक वृद्धिदर ६.४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। दुवै मुलुकले प्रक्षेपित आर्थिक वृद्धिदर हासिल गर्न विश्वव्यापी तेलको मूल्यमा भएको वृद्धि, लामो समयसम्म कायम रहने अनिश्चितता तथा संरचनात्मक चुनौतीहरूले आर्थिक गतिविधिमा सिर्जना गर्ने दबाबको कुशल व्यवस्थापन गर्नुपर्ने चुनौती देखिन्छ। यसैगरी, साना द्वीपीय विकासशील राष्ट्रहरू (Small

Island Developing States) मा उच्च ऊर्जा लागतका साथै पर्यटन तथा विप्रेषण आम्दानीमा आउन सक्ने कमीका कारण आर्थिक वृद्धिदर तुलनात्मक रूपमा सुस्त रहने अपेक्षा गरिएको छ।

*(स्रोतः अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०२६ जुलाईमा प्रकाशन गरेको विश्व अर्थतन्त्रको परिदृश्य सम्बन्धि प्रतिवेदन)*

## ख) राष्ट्रिय अर्थतन्त्र

नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्क (२०८३ असार) मा आधारित भई भाद्र १०, २०८३ मा प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिती सम्बन्धी प्रतिवेदनमा मुलुकको आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान गरिएको छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो । यसैगरी २०८३ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत तथा आर्थिक वर्ष २०८२/८३ को औसत मुद्रास्फीति ३.०८ प्रतिशत रहेको देखिन्छ। समीक्षा अवधिमा कुल विदेशी विनिमय सञ्चिति रु.३८९७ अर्ब ६७ करोड रहेको छ भने उक्त सञ्चिति रकम अमेरिकी डलरमा २५ अर्ब ३१ करोड पुगेको छ। यस्तो सञ्चिति १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको देखिन्छ।

समीक्षा अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३७.१ प्रतिशतले र अमेरिकी डलरमा २८.१ प्रतिशतले बढेको थियो भने चालु खाता रु.९२३ अर्ब ५६ करोड र शोधनान्तर रु.१०२७ अर्ब ०४ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा निर्यात १३.८ प्रतिशतले र आयात १६.२ प्रतिशतले बढेको र कुल राजस्व परिचालन रु.१२४१ अर्ब ३२ करोड भएको देखिन्छ।

निर्माणाधीन राष्ट्रिय गौरवका तथा उच्च प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरूमध्ये नागढुङ्गा सुरुङमार्गको निमार्ण सपन्न भई सर्वसाधारणको प्रयोगका लागि खुल्ला गरिएको छ । काठमाडौं-तराई द्रुतमार्ग, पृथ्वी लोकमार्गको पोखरा-मुग्लिन सडक खण्ड, भेरी-बबई बहुउद्देश्यीय परियोजना, सिद्धबाबा सुरुङमार्गलगायतका आयोजनाहरू सम्पन्न हुने चरणमा रहेका छन् । यस्ता आयोजनाहरूको निर्माणपश्चात् उद्योग र सेवा क्षेत्रको क्षमता विस्तारमा सहयोग पुग्दै आर्थिक क्रियाकलाप विस्तार हुने अनुमान रहेको छ।

यसैगरी, करिब ४१४६ मेगावाट जडित क्षमताका ऊर्जा पूर्वाधारहरु सञ्चालनमा रहेको र आगामी पाँच वर्षसम्म जडित जलविद्युत् क्षमता प्रत्येक वर्ष कम्तीमा एक हजार मेगावाटका दरले थपिने गरी निर्माण कार्य अघि बढेको सन्दर्भमा मुलुकले आगामी दिनमा विद्युत व्यापार मार्फत थप वैदेशिक मुद्रा आय आर्जन गर्ने सम्भावना बलियो रहेको देखिन्छ । हालसालै कर्णालीका दुई ठूला जलविद्युत्का परियोजनाहरुमा नीजि क्षेत्रको अगुवाईमा वित्तीय लगानी सम्झौता सम्पन्न भएको छ र यसै प्रकृतिका अन्य ठूला जलविद्युत्का परियोजनाहरुमा पनि लगानी जुटाउने कार्य अघि बढेको देखिन्छ।

पर्यटक आगमन सङ्ख्या कोभिड-१९ अघिको अवस्थामा पुग्नुको साथै पर्यटन पूर्वाधार विस्तार भएको छ। विभिन्न अन्तर्राष्ट्रिय ख्याति प्राप्त ब्राण्ड/चेन अर्न्तगतका तारे होटेल/रिसोर्टहरु पछिल्लो समयमा उल्लेख्य मात्रामा निर्माण तथा सञ्चालनमा आएको, पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलहरुबाट पनि अन्तर्राष्ट्रिय उडानहरु सुरु भएको, पोखरा जस्ता गन्तव्यमा भारतीय पर्यटकको आगमन उल्लेख्य मात्रामा बढेको जस्ता विषयहरुले मुलुकको समग्र पर्यटन क्षेत्रमा वृद्धि भई उत्पादन एवम् रोजगारी वृद्धि हुने सम्भावना रहेको देखिन्छ।

आर्थिक वर्ष २०८३/८४ को लागि नेपाल सरकारले जारी गरेको बजेट वक्तव्यमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने तथा मूल्य वृद्धिदर ६ प्रतिशत भित्र राख्ने लक्ष्य लिईएको छ । तीनै तहका सरकारको बजेटमा पुँजीगत खर्चको विनियोजन अघिल्लो वर्षको तुलनामा बढेको, वित्तीय प्रणालीमा न्यून ब्याजदरसहित लगानीको लागि पर्याप्त तरलता रहेको र लगानीसम्बन्धी कानुनहरू सुधार भई लगानीको वातावरण थप अनुकूल हुँदै गएको सन्दर्भमा कृषि, सुचना प्रविधि, ऊर्जा, पर्यटन, सेवा र उद्योगका पूर्वाधारहरुमा लगानी विस्तार गरी लक्षित आर्थिक वृद्धिदर हासिल गर्ने जस्ता रुपान्तरणकारी योजनाहरु समावेश गरेको देखिन्छ।

यहि २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदी क्षेत्रमा आएको विनाशकारी बाढीले रसुवा लगायत नुवाकोट, धादिङ, चितवन तथा आसपासका क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको छ। बाढीका कारण जलविद्युत् आयोजना, सडक, पुल, सीमा नाका, भन्सार पूर्वाधार, बस्ती, व्यापारिक संरचना तथा अन्य सार्वजनिक एवं निजी सम्पत्तिमा उल्लेख्य क्षति पुगेको छ। हजारौंको संख्यामा मानव क्षति र करिब चार खर्ब बरावरको भौतिक क्षति अनुमान गरिएको यस विपतले स्थानीय देखि राष्ट्रिय अर्थतन्त्रसम्म ठूलो नकरात्मक प्रभाव पार्ने देखिन्छ। रसुवा जिल्ला नेपालको चीनसँगको प्रमुख व्यापारिक नाकामध्ये एक रसुवागढी नाकाको प्रवेशद्वार हुनुका साथै जलविद्युत् आयोजनाहरूको महत्वपूर्ण केन्द्रसमेत भएकाले यस विपद्बाट अवरुद्ध भएको व्यापारीक नाका एवं सो क्षेत्रमा सञ्चालन र निर्माणाधिन रहेका १५ वटा जलविद्युत् एवं सोलार आयोजनाहरुबाट उत्पादन हुने करिब ७५३ मेगावाट विद्युत् आपुर्ति प्राय अनिश्चित जस्तै भएको छ। करिब ३५९ मेगावाट क्षमताका १० वटा सञ्चालनमा रहेको विद्युत् परियोजनाहरु बाढीले उल्लेख रुपमा क्षति गरेको अवस्थामा आउने हिउँदमा विद्युत् आपुर्तिमा कठिनाई आउने र मुलतः उद्योग सञ्चालन लागतमा सारभुत रुपमा वृद्धि हुने देखिन्छ।

विगतका केहि वर्षदेखि प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण हुने विपतिको श्रृङ्खला नियमित जस्तै भएको र गत आ.व.मा भएको जेनजी आन्दोलनमा भौतिक तथा आर्थिक क्षतिबाट मुलुक तङग्रिने प्रयासको शुरुवात मात्र गरिएको तथा विविध प्रयासका बावजुद पनि मुलुक ग्रे लिष्टबाट बाहिरिन नसकेको सन्दर्भमा मुलुक भित्रका पूर्वाधार निर्माण र पर्यटन क्षेत्रको विकास र विस्तारमा गम्भिर असर पुऱ्याउने सम्भावना देखिन्छ।

*(स्रोतः ने.रा.बैं. बाट २०८३ असारसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिती सम्बन्धी प्रतिवेदन र आ.व. २०८३/८४ को बजेट)*

## ग) बैंक तथा वित्तीय क्षेत्रको कर्जा तथा निक्षेपको अवस्था

आ.व. २०८२/८३ को आषाढ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १३.९ प्रतिशतले वृद्धि भई रु.८२ खर्ब ७६ अर्ब ९३ करोड पुगेको छ। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.१ प्रतिशत, ४७.० प्रतिशत र ३५.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको थियो। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३३.९ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.१ प्रतिशत रहेको थियो।

यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशत (रु.३ खर्ब ५९ अर्ब ३६ करोड) ले वृद्धि भई रु.५८ खर्ब ५७ अर्ब ६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ८.४ प्रतिशत (रु.४ खर्ब २३ अर्ब ७३ करोड) ले बढेको थियो।

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.१ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा यस्तो अंश क्रमशः ६२.८ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको ६.५ प्रतिशत, विकास बैंकहरूको ७.० प्रतिशत र वित्त कम्पनीहरूको ५.४ प्रतिशतले बढेको छ। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) को सुरक्षणमा १५.१ प्रतिशत रहेको छ भने घरजग्गा धितो सुरक्षणमा ६२.९ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १४.५ प्रतिशत र ६४.७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये निर्माण क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशत, उपभोग्य क्षेत्रतर्फको कर्जा १७.८ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.० प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.२ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा ५.० प्रतिशत, र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ४.४ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा १.८ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये ट्रष्ट रिसिट (आयात) कर्जा ३२.२ प्रतिशत, मार्जिन प्रकृतिको कर्जा १८.३ प्रतिशत, हायर पर्चेज कर्जा ११.१ प्रतिशत, माग तथा अन्य चालु पुँजी कर्जा ७.३ प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ६.९ प्रतिशत, अधिविकर्ष कर्जा ५.२ प्रतिशत र आवधिक कर्जा ४.३ प्रतिशतले बढेको छ। क्यास क्रेडिट कर्जा भने १.८ प्रतिशतले घटेको छ।

उक्त अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत र ९१-दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर २.३२ प्रतिशत रहेको थियो। वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.२१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.५५ प्रतिशत रहेको छ।

*(स्रोतः ने.रा.बैं. बाट २०८३ असारसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिती सम्बन्धी प्रतिवेदन)*

## घ) पुँजीबजारको अवस्था

२०८२ असार मसान्तमा २७९४.७९ रहेको नेप्से सूचकाङ्क २०८३ असार मसान्तमा २५९७.८० कायम रहेको थियो जुन यो प्रतिवेदन तयार भएको मिति भाद्र २५, २०८३ सम्म आईपुग्दा २५३१.५५ मा झरेको छ। २०८३ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४४ खर्ब ६३ अर्ब ५५ करोड कायम रहेकोमा भाद्र २५, २०८३ मा उक्त रकम रु.४३ खर्ब ५४ अर्ब ६० करोड कायम भएको छ। २०८२ असार मसान्तमा बजार पुँजीकरण रु.४६ खर्ब ५६ अर्ब ९९ करोड रहेको थियो। २०८२ असार मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनको ७५.११ प्रतिशत रहेकोमा २०८३ असारमा घटेर ६७.६३ प्रतिशत रहेको छ। २०८३ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या ३०२ मध्ये १३३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ११० जलविद्युत् कम्पनी, २९ उत्पादन तथा प्रशोधन उद्योग, ९ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र १० अन्य समूहका रहेका छन्। २०८२ असार मसान्तमा सूचीकृत कम्पनीहरूको संख्या २७२ रहेको थियो। सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५१.८ प्रतिशत रहेको थियो। त्यसैगरी, जलविद्युत् कम्पनीको

हिस्सा १७.५ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ८.४ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.७ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ४.२ प्रतिशत, होटेलको हिस्सा ३.२ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.३ प्रतिशत रहेको थियो।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८३ असार मसान्तमा सूचीकृत ९ अर्ब ५८ करोड शेयरको चुक्ता मूल्य रु.९ खर्ब ४४ अर्ब ४ करोड रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा रु.५५ अर्ब ६६ करोड बराबरको साधारण शेयर, रु.४१ अर्ब ८५ करोड बराबरको बोनस शेयर, रु.२७ अर्ब ५० करोड बराबरको म्युचुअल फन्ड, रु.१६ अर्ब ८५ करोड बराबरको परिवर्तनीय अग्राधिकार शेयर, रु.१० अर्ब ७६ करोड बराबरको हकप्रद शेयर, रु.३ अर्ब ४५ करोड बराबरको डिबेन्चर, रु.९७ करोड बराबरको एफपीओ र रु.२ करोड बराबरको अन्य गरी कुल रु.१ खर्ब ५७ अर्ब ६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका थिए। समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.३९ अर्ब ३३ करोड बराबरको म्युचुअल फण्ड, रु.९ अर्ब १२ करोड बराबरको साधारण शेयर, रु.४ अर्ब ९४ करोड बराबरको हकप्रद शेयर, रु.२ अर्ब ६० करोडको डिबेन्चर र रु.५ करोडको एफपीओ गरी कुल रु.५६ अर्ब ३ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको थियो।

*(स्रोतः ने.रा.बैं. बाट २०८३ असारसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिती सम्बन्धी प्रतिवेदन)*

## ङ) मुलुकका पूर्वाधार सम्बन्धी परियोजनाहरुको परिदृश्य र लगानीयोग्य स्रोतको व्यवस्थापन

नेपाल सन् २०२६ नोभेम्बरमा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती हुनुपर्नेमा जेनजी आन्दोलन र त्यस पश्चात्को आर्थिक गतिविधिलाई मध्येनजर गरी वर्तमान सरकारले उक्त अवधिलाई सन् २०२९ को नोभेम्बर सम्म लम्ब्याउने गरी अनुरोध गरेको छ। यसको मुख्य कारण तत्काल स्तरोन्नति गर्दा प्राप्त हुँदै आएका सहुलियतहरू गुम्ने र अर्थतन्त्रले त्यसको प्रभाव थेग्न पर्याप्त तयारी गरिनसकेको भन्ने हो। समग्रमा, अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतीको उद्देश्य अतिकम विकसित मुलुकको हैसियतलाई अनिश्चितकालसम्म कायम राख्नु नभई थप तीन वर्षको संक्रमणकालीन अवधि प्रयोग गरी नेपालको आर्थिक तथा व्यापारिक क्षमता सुदृढ गर्नु, निर्यात तथा रोजगारीमा पर्ने सम्भावित असर न्यूनीकरण गर्नु, तथा स्तरोन्नतिको लागि आवश्यक भौतिक पूर्वाधार एवं अर्थतन्त्रको सबल आधार तयार गर्नु रहेको छ।

समग्रमा दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नती हुने वृहत उद्देश्य हासिल गर्न मुलुक कृयाशील छ। यी लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि देशको समग्र भौतिक पूर्वाधार र त्यसका विविध पक्षहरुबीच अन्तर आबद्धताको महत्वपूर्ण भूमिका रहने विषयमा दुविधा देखिदैन। विशेषतः नयाँ सरकार गठन भए पश्चात् जारी भएको शासकीय सुधार सम्बन्धी १०० बुदाँ, आर्थिक वर्ष २०८३/८४ को बजेट तथा पूर्वाधार विकास मन्त्रालयको अगुवाईमा स्वदेशी तथा वैदेशिक लगानीयोग्य परियोजनाहरुको पाईपलाइन तयार गर्न सम्बन्धित निकायहरु, निजी क्षेत्र र पूर्वाधारमा केन्द्रित भई लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरुको सहभागीतामा गठन गरिएको समितिको कार्यादेशहरुलाई अध्ययन विश्लेषण गर्दा मुलुकले समग्र पूर्वाधारको विकास मार्फत आर्थिक उन्नतिका लागि आधारशिला तयार गर्ने विषयलाई महत्वका साथ अगाडि बढाएको पाइन्छ।

आर्थिक वर्ष २०८३/८४ को संघीय बजेटलाई आधार मानी पूर्वाधारको क्षेत्रमा सरकारले अघि सारेका प्रमुख पहलहरूलाई समेट्दा सडक तथा यातायात पूर्वाधार निर्माण तथा स्तरोन्नति, सुरुङमार्ग तथा वैकल्पिक यातायात पूर्वाधार निर्माण, काठमाडौं उपत्यका तथा प्रमुख शहरी क्षेत्रमा सार्वजनिक यातायात प्रणालीको सुधार तथा विद्युतीय यातायातलाई प्रोत्साहन, जलविद्युत् उत्पादनसँगै प्रसारण लाइन तथा विद्युत् वितरण पूर्वाधारको विस्तारलाई प्राथमिकता, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न ठूला तथा बहुउद्देश्यीय सिँचाइ आयोजनाको विकास, तीव्र शहरीकरणलाई व्यवस्थापन गर्न एकीकृत शहरी पूर्वाधारको निर्माण, निर्माण सम्पन्न भई सञ्चालनमा रहेका अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण क्षमतामा सञ्चालन, उद्योग तथा निजी लगानीलाई आकर्षित गर्न औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र (SEZ) र औद्योगिक करिडोरको निर्माण तथा विस्तार, डिजिटल नेपाल निर्माणका लागि डिजिटल कनेक्टिभिटी, डेटा सेन्टर पूर्वाधारमा लगानी एवं पूर्वाधार वित्त (Infrastructure Finance) को अवधारणाबाट सार्वजनिक निजी साझेदारीमा ठूला आकारको स्रोत परिचालन गर्ने जस्ता कार्यक्रमहरु अघि सारिएको देखिन्छ।

आ.व. २०८३/८४ को बजेटमा पूर्वाधार विकासलाई आर्थिक वृद्धि, निजी लगानी परिचालन, औद्योगिकीकरण, व्यापार सहजीकरण र रोजगारी सिर्जनाको आधारका रूपमा लिइएको देखिन्छ।

हाम्रो परिप्रेक्ष्यमा उर्जा, यातायात, सिँचाइ, सञ्चार तथा सूचना प्रविधिका पूर्वाधारहरुले आर्थिक विकासका आधार

निर्माण गर्न उल्लेख्य भूमिका खेल्ने हुँदा मुलुकको सोह्रौ योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६) भित्र यी पूर्वाधारहरुको दिगो संरचना निर्माण र सोको प्रयोग मार्फत कुल गार्हस्थ उत्पादन वृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेर योजना तर्जुमा भएको छ । जसअनुसार मुलुकले आर्थिक वर्ष २०८५/८६ सम्ममा प्रतिव्यक्ति आय अमेरिकी डलर २,३५१ पुऱ्याउने, आर्थिक वृद्धिदर (आधारभुत मुल्यमा योजना अवधिको औसत) ७.१ प्रतिशत हासिल गर्ने र मुद्रास्फीतिलाई ५ प्रतिशतमा कायम राख्नेगरी समृद्धिका राष्ट्रिय लक्ष्यहरु तय गरिएको छ । आ.व. २०८५/८६ सम्ममा मुलुकले यातायात तर्फ दुई लेनसम्म कालोपत्रे भएको राष्ट्रिय राजमार्ग १३,६७५ कि.मि., दुई लेन माथिको कालोपत्रे (द्रुतमार्ग समेत) भएको १०८० कि.मि., नागढुङ्गा र सिद्धबाबा सहित सुरुङ मार्ग १६.६५ कि.मि. निर्माण गर्ने र ऊर्जातर्फ विद्युत उत्पादन (जडित क्षमता) ११,७६९ मे.वा. पुऱ्याई सत् प्रतिशत जनसंख्यामा विद्युतको पहुँच मार्फत प्रतिव्यक्ति विद्युत खपत ७०० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य तय गरिएको छ।

यसैगरी, मुलुकको एउटा भू-उपग्रह स्थापना गर्नेदेखि अप्टिकल फाइवर २५,००० कि.मि. सम्म विस्तार गर्ने, ब्रोडव्याण्ड र 5G सेवाको पहुँच विस्तार तथा विभिन्न ७ वटा स्थानहरुमा सरकारी डाटा सेन्टर स्थापना गर्ने जस्ता लक्ष्यहरु सूचना तथा सञ्चार प्रविधि तर्फ लिइएको छ । हाम्रो सन्दर्भमा कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान गर्ने पर्यटन क्षेत्रको दिगो विकासको मर्म अनुरुप पर्यापर्यटनसँग जोड्ने, पर्यटन पूर्वाधारमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने, कृषि पर्यटनको विकास र विस्तार गरी स्थानीय स्तरबाट उत्पादन भएको पर्यटकीय उपजहरुको व्यवसायिकरण गर्ने तथा पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउने, पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरुको क्षमता अभिवृद्धि गर्ने लगायतका प्रमुख कार्यक्रमहरु सोह्रौं योजनामा समावेश गरिएका छन्।

उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने विषयलाई सहजिकरण गर्ने, वित्तीय पहुँचमा सहजता प्रदान गर्दै बजारीकरणमा बढोत्तरी गर्ने तथा उत्पादनको लागत घटाउन उद्योगका पूर्वाधारमा पर्याप्त लगानी गर्न एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयनमा ल्याई विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्रहरुको विकास एवं सुदृढीकरणमा सार्वजनिक-निजी-साझेदारी अवधारणा मार्फत उद्योग पूर्वाधारहरुमा थप लगानी गर्ने वातावरण निर्माण गर्ने विषय पनि योजनाको प्राथमिकता पारेको छ।

सामाजिक एवं शहरी पूर्वाधार तर्फ १०,३०० हेक्टरमा व्यवस्थित योजनाबद्ध बस्ती विकास गर्ने, १३ वटा स्मार्ट शहर निर्माण गर्ने, लक्षित वर्ग तथा विपद्बाट विस्थापितहरुका लागि ५० हजार आवास निर्माण गर्ने जस्ता कार्यक्रमहरु पनि समावेश भएका छन्।

लगानी सम्बन्धी कानुन परिमार्जन, नीतिगत स्थायित्व एवं लगानी सुरक्षाको प्रत्याभूति, कन्ट्री रेटिङ्गमा स्थिरता, द्विपक्षीय लगानी र दोहोरो करमुक्ती सम्झौता, प्रविधि हस्तान्तरण वापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि, विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई निश्चित सीमासम्म पुनः विदेशमा लगानी गर्न पाउने व्यवस्था र ससानो पुँजी संकलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने जस्ता पहलकदमी मार्फत समग्र व्यावसायिक वातावरण निरन्तर सुधार गर्दै जाने हो भने सोह्रौं योजना तथा बजेटको लक्ष्य बमोजिमका पुँजीगत खर्च जुटाउन सम्भव हुने देखिन्छ। यस आकारको लगानी परम्परागत सरकारी तवरबाट मात्र परिचालन गर्न चुनौतीपूर्ण हुने हुँदा सरकारले हालसालै जारी गरेको वैकल्पिक विकास वित्त परिचालन ऐनमा प्रस्ताव गरिएका अवधारणाहरुलाई मुर्त रुप दिन यथासम्भव छिटो तिनको कार्यान्वयनका लागि आवश्यक कानूनी संरचना निर्माण गर्नुपर्ने देखिन्छ। यसले पूर्वाधार विकासमा फड्को मार्न विद्यमान व्यवस्था र प्रकृयाहरुमा ब्यापक सहजीकरण गर्ने र नवीनतम ढंगले थप स्रोत परिचालनका लागि दरिलो आधारशिला तयार गर्ने देखिन्छ।

मुलुक अहिले बृहत् आर्थिक सुधारको निर्णायक मोडमा उभिएको छ । अधिकांश समष्टिगत आर्थिक परिसूचक सुधारोन्मुख छन् । सुदृढ विदेशी विनिमय सञ्चितिसहित वित्तीय प्रणालीमा पर्याप्त तरलता छ, स्वच्छ ऊर्जा उत्पादन र नयाँ प्रविधिमा विशाल सम्भावना छन् भने युवा जनसाङ्ख्यिक शक्ति ठूलो रूपमा उपस्थित छ।

लगानी प्रवर्धन र आर्थिक सुधारका लागि ऐन, नियम, कार्यविधि र निर्देशिकाको निर्माण, प्रतिस्थापन वा परिमार्जन गर्ने लगायतका विषयमा स्पष्टता कायम गर्दै एञ्जेल इन्भेष्टमेन्टलाई भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटी फण्डमा लगानी गर्न प्रोत्साहन गर्ने, उद्योगको क्षमता वृद्धि, स्वामित्व परिवर्तन, पुँजी वृद्धि लगायतका विषयमा सहजीकरण हुने गरी औद्योगिक व्यवसाय ऐन संशोधन गर्ने, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी लगानी फिर्ता सम्बन्धि कानून लाई सहज बनाउने, वैदेशिक लगानीको दायराभित्र कन्भर्टिबल उपकरणहरू, परियोजना आबद्ध फण्डिङ लगायत अन्य हाइब्रिड उपकरणलाई समेट्ने जस्ता विषयहरुले समग्र पूर्वाधारको वित्तपोषणमा निकै सहजीकरण गर्न सक्दछ।

सफा सहर, सहज यातायात र सुरक्षित सडक चलायमान अर्थतन्त्रको अभिन्न अंग हुने हुँदा आर्थिक पहुँचका पूर्वाधारलाई एकीकृत रूपमा विकास गर्दै यात्रा सुरक्षा र सडकस्तर सुधार गर्न सकिएको खण्डमा नेपालको पर्यटन क्षेत्रमा दुरगामी प्रोत्साहन मिल्नुकासाथै यस क्षेत्रमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने छ।

यसैगरी, नेपाललाई एआई (आर्टिफिसियल इन्टेलिजेन्स) को युगमा आत्मविश्वासका साथ प्रवेश गराउन विशेष पहल सुरु गर्न एआई कम्प्युट केन्द्र स्थापना गर्ने र स्वच्छ जलविद्युत ऊर्जालाई उच्च मूल्यको एआई कम्प्युट सेवामा रूपान्तरण गर्ने मुलुकसँग असीमित सम्भावना छ । नेपालको विद्यमान अपार ऊर्जा शक्तिलाई कृत्रिम बुद्धिमत्ताको विकासमा प्रयोग गरी सीपयुक्त रोजगारी, डिजिटल निर्यात र एआईमा आधारित आर्थिक रूपान्तरणको जग निर्माण हुने हुँदा यस क्षेत्रको पूर्वाधारमा उच्च लगानी विस्तार गर्नु पर्नेछ।

प्रसारण लाइन बनाउने, ह्विलिङ चार्ज लिई विद्युत व्यापार गर्न सक्ने र निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत व्यापार गर्न पाउने गरि कानुन परिमार्जन गर्ने, वनको जग्गा भोगाधिकार र रुख कटान वापतको शुल्क समायोजन गर्ने व्यवस्थाहरु समेत कार्यन्वयनमा आएको आवस्थामा मुलूकभित्र थप ठूला तथा जलाशययुक्त उर्जाका परियोजनाहरु को निर्माणले तीब्रता पाउने देखिन्छ।

*(स्रोतः मुलुकको आ.व. २०८३/८४ को बजेट, १०० बुँदे शासकिय सुधार कार्य योजना र सोह्रौ योजना)*

## अ) नेपालको राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

अन्तर्राष्ट्रिय संवाददाता एजेन्सी PM World Journal Nepal ले अप्रिल ३०, २०२६ मा प्रकाशन गरेको यामन्त राज निरौलाद्धारा लिखित लेख "From High Ambition to Delayed Deliveries: Assessing Nepal's National Pride Project Protfolio in 2026" मा मुलुकमा सन् २०११/१२ देखि राष्ट्रिय गौरवका आयोजना नामाकरण गरी सुरु गरिएका १७ वटा आयोजनाहरु हाल विस्तार भई २७ वटा कायम भएको र उक्त आयोजनाहरुको उद्देश्य निमार्णको अवस्था एवं साझा चुनौतीहरु लगायत वित्तीय स्थिती र बजेटको उपयोग सहितको विस्तृत सारांश प्रस्तुत गरेको देखिन्छ । जस अनुसार हाल सम्म कायम भएका २७ वटा आयोजनाहरु मुलतः जलविद्युत्, सिचाइँ, यातायात, खानेपानी आपुर्ति र सांस्कृतिक सम्पदा सम्बन्धी पूर्वाधारहरु रहेको पाइन्छ। आयोजनाहरुको विकास क्रम र प्रगतिलाई नियालेर हेर्दा देहाय बमोजिम स्थिती रहेको देखिन्छः

### i) सम्पन्न आयोजनाहरुको अवस्था

राष्ट्रिय गौरवका आयोजनाको रुपमा तोकिई अति महत्वका साथ निर्माण सुरु गरिएको भएता पनि परियोजनाहरु अपेक्षित समयमा निर्माण सम्पन्न हुन नसकेको तथा निर्माण पश्चात् पनि पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको पाइन्छ।

- **माथिल्लो तामाकोशी जलविद्युत्** (**४५६ मेगावाट**)ः सन् २०१५ को भूकम्पले गर्दा ढिलाइ भएपछि सम्पन्न भएको यो आयोजना अहिले पूर्ण क्षमतामा सञ्चालनमा छ। यसले नेपालको विद्युत प्रणालीलाई स्थिर बनाउन मद्दत गर्नका अतिरिक्त हिउँदयाममा मुलुकको विद्युत् आपुर्ति शृङ्खला व्यवस्थापमा अर्थपूर्ण भुमिका निर्वाह गरेको छ।
- **मेलम्ची खानेपानी आपूर्ति** (**पहिलो चरण**)ः लामो समयसम्म ढिलाइ भएको सुरुङ आयोजनाले अहिले काठमाडौं उपत्यकामा सफा खानेपानी पुऱ्याउँदै आएको छ र दीर्घकालीन अभावलाई सहज बनाउँदै छ।
- **अन्तर्राष्ट्रिय विमानस्थलहरूः** गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पोखरामा निर्माण भएका छन् । पुराना घरेलु सुविधाहरूलाई आधुनिक पूर्वाधारले प्रतिस्थापन गर्ने उद्देश्यले यी दुई विमानस्थलहरु सञ्चालन भएका छन् । यद्यपी दुवै विमानस्थलले मुख्यतः आन्तरिक ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याएता पनि पूर्ण रुपमा अन्तर्राष्ट्रिय विमानस्थलको हैसियतमा सञ्चालनमा आउन सेकेका छैनन्।

माथी उल्लेखित सम्पन्न भएका आयोजनाहरु सम्पन्न गर्न ढिलाई भएता पनि निर्माणको काम सम्पन्न भएको छ । जसले मुलुकको ठूला पूर्वाधारहरु निर्माण गर्ने क्षमता विकास भएको देखाउँदछ भने अर्को तर्फ निर्माण सम्पन्न भई सकेको लामो अवधि सम्म पनि पूर्ण क्षमतामा पूर्वाधारहरु सञ्चालनमा आउन नसकेको विषयले हाम्रो सञ्चालन क्षमतामा प्रश्न चिन्ह खडा गरेको छ।

### ii) निर्माणाधीन आयोजनाहरुको अवस्था

राष्ट्रिय गौरवका आयोजना छनोट र निर्माण गर्ने रणनीति मुलुकले अवलम्बन गरे पश्चात् केही आयोजनाहरूको निर्माण सम्पन्न भएता पनि सुचिमा रहेका धेरै आयोजनाको निर्माण कार्य अझै विभिन्न कारणले ढिलाई भएको वा शुरुवात नै हुन नसकेको अवस्था विद्यमान छ।

#### जलविद्युत् र सिँचाइ

- **सुनकोशी–मरिन डाइभर्सन**ः करिब १,२२,००० हेक्टरमा सिँचाइ पुऱ्याउने तथा ३१ मेगावाट जलविद्युत् उत्पादन क्षमता भएको यो बहुउद्देशीय आयोजनाको १३.३ कि.मी. हेडरेस सुरुङ मे २०२४ मा ब्रेक थ्रु

भएको थियो। तर बाँकी काम (बाँध, पावर इन्टेक र पावरहाउस) रोकिएको छ। मूल ठेकेदारलाई कमजोर कार्य सम्पादनका कारण सन् २०२४ को अन्त्य तिर खारेज गरियो र सो पश्चात नयाँ ठेकेदार नियुक्ति गर्ने तथा परियोजनको बाँकी काम अगाडि बढाउने जस्ता विषयहरुमा प्रायः शून्य प्रगति भएको पाइन्छ।

- **बुढीगण्डकी जलविद्युत् (१२०० मेगावाट)**: दशकौंको छलफल र विश्लेषण पछि मन्त्रिपरिषदले ३०% इक्विटी र ७०% ऋण (मुख्यतः घरेलु वा सहुलियतपूर्ण) सहितको वित्त संरचना गत आ.व.मा स्वीकृत गरेको छ। सन् २०२८ तिर सुरु हुने गरी निर्माण कार्य अगाडि बढाउने जस्ता विषयमा नितिगत एवं कानूनी संरचनाहरु तय गर्ने कार्य अगाडि बढेको छ। ३,४०० भन्दा बढी घरपरिवारको जग्गा अधिग्रहण लगभग पूरा भएको यस परियोजनाको निर्माण र सञ्चालनबाट मुलुकको समग्र ऊर्जा आपुर्ति संयन्त्रमा करिब वार्षिक ३,३८३ GWh जडित क्षमता विकास हुनेछ।
- **पश्चिम सेती जलविद्युत् (८०० मेगावाट)**: भारतको National Hydroelectric Power Corporation (NHPC) सँगको सहकार्यमा निर्माण गर्न सन् २०२४ मा सम्भाव्यता अध्ययन सम्पन्न गरी उक्त परियोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण लाईनमा जोड्न आवश्यक भएको मुख्य सबस्टेसन निर्माण हुने स्थलहरूको जग्गा अधिग्रहण करिब ९०% पूरा भएको यो परियोजना निर्माण भएमा मुलुकको समग्र ऊर्जा आपुर्तिमा थप योगदान हुने देखिन्छ।
- **भेरी–बबई डाइभर्सन**: करिब दुई-तिहाइ निर्माण पूरा भईसकेको यो बहुउद्देश्यीय आयोजनाको निर्माण सम्पन्न भए पश्चात् समग्र सिँचाइ प्रणालीमा उल्लेख्य सुधार भई मुलुकको कृषि उपजमा वृद्धि हुने अपेक्षा गरिएको छ।
- **मेलम्ची खानेपानी आपूर्ति (बाँकी चरणहरू)**: पहिलो चरणको निर्माण र सञ्चालन तथा विगतको बाढीबाट भएको संरचनागत क्षतिको पुनर्निर्माण पश्चात् हाल मेलम्ची खानेपानीको आपुर्ति सूचारु छ। यद्यपी उक्त परियोजनको विस्तार र वितरण प्रणाली सम्बन्धी कार्यहरु जारी नै रहेको अवस्थामा काठमाडौं उपत्यकाको खानेपानी अभावलाई पूर्ण रूपमा हटाउन भने सकिएको छैन।

## सडक, राजमार्ग र कोरिडोर

- **उत्तर–दक्षिण कोरिडोरहरू**: मुलुकमा आन्तरिक यात्राको दुरीलाई छोट्याउने तथा भारत र चीनसँग थप व्यापारीक मार्ग खोल्दै आयात निर्यातलाई सुदृढ बनाउन तीन वटा राजमार्ग कोरिडोरहरु निर्माणका चरणमा छन् । सन् २०२६ को प्रारम्भ सम्म यी मार्गहरूको निर्माण अवस्थालाई हेर्दा पूर्वमा कोशी कोरिडोर जनवरी २०२५ मा राष्ट्रिय यातायात प्रणालीमा जोडिएता पनि विभिन्न भागहरुमा कालोपत्रेको काम र केही पुलहरू निर्माण सम्पन्न हुन बाँकी नै रहेको छ। यसैगरी कालीगण्डकी कोरिडोर (४४५ कि.मी.- सुनौलीदेखि कोरलासम्म) को निर्माण प्रगती तुलनात्मक रुपमा राम्रो छ। पश्चिममा कर्णाली कोरिडोर हिल्सासम्म पुग्छ तर हालको अवस्थामा सडकबाट यात्रा गर्ने विषय निकै कठिन एवं जोखिमपूर्ण छ।
- **पुष्पलाल (मध्य–पहाडी) राजमार्ग**: यो मध्य-पहाड हुदै जाने कुल १,८७९ कि.मी.को पूर्व-पश्चिम पहाडी राजमार्ग सन् २००७ मा सुरु भएको थियो र करिब ७८% निर्माण पूरा भएको छ। कुल लम्बाई मध्ये करिब १,४६३ कि.मी. कालोपत्रे सम्पन्न भएको यस राजमार्गको निर्माण १९ वर्ष हुदा सम्म पनि पूर्ण रुपमा सम्पन्न गर्न सकिएको छैन।
- **हुलाकी राजमार्ग**: झापा देखि कञ्चनपुर सम्मको तराईको भूभागलाई जोड्ने उद्देश्यले १६ वर्ष अघि निर्माण सुरु गरिएको हुलाकी राजमार्गको निर्माण करिब ७४% मात्र पूरा भएको छ । यस राजमार्गले निरन्तर रुपमा वित्तीय अभाव झेल्नु परेको कारणले यस राजमार्गको सम्पूर्ण निर्माण कार्य सम्पन्न हुन समय लाग्ने देखिन्छ।
- **काठमाडौं–तराई द्रुतमार्ग**: काठमाडौंलाई निजगढसँग जोड्ने ७३ कि.मी.को यो सडक २०२६ को सुरुसम्म करिब ४५% पूरा भएको छ। बाटोमा पर्ने प्रायः जसो सुरुङ निर्माणको कार्य सम्पन्न भएता पनि विभिन्न खण्डमा जग्गा अधिग्रहण र निरन्तर डिजाइनमा गरिएको परिवर्तनले आयोजना समापन हुने अवधिलाई केही वर्ष पर धकेलेको छ।

## रेलमार्ग र विमानस्थल

- **निजगढ अन्तर्राष्ट्रिय विमानस्थल**: त्रिभुवन विमानस्थलको चापलाई प्रतिस्थापन गर्ने उद्देश्यले प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम सम्मानित सर्वोच्च अदालतबाट सन् २०१९ डिसेम्बर र सन् २०२२ मार्चको फैसलाका कारण ८,००० हेक्टरभन्दा बढी वन कटान सम्बन्धी निर्णय स्थगित भएको छ । संशोधित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्वीकृति नहुन्जेल सम्म निर्माण सम्बन्धी थप कार्यहरु अगाडि बढ्ने सम्भावना देखिदैन।
- **पूर्व–पश्चिम रेलमार्ग**: मेचीदेखि महाकालीसम्मको प्रस्तावित ९४५ कि.मी. विद्युतीय रेल लाइन अझै कागजी आकाक्षांको रुपमा मात्र सिमित रहेको देखिन्छ। सन् २०२० सम्म बर्दिबास-निजगढ नजिक करिब ७० कि.मी. ट्र्याक बेड र दुई पुल निर्माण भई सर्लाहीमा पर्ने करिब ३० कि.मी. को खण्डमा निर्माण

सुचारु छ। चितवन राष्ट्रिय निकुञ्ज मध्य भाग हुँदै जाने भएकोले वातावरणीय अवरोधका कारण वैकल्पिक मार्ग खोज्नुपर्ने परिस्थितीले यस आयोजनाको सम्भाव्यतालाई थप चुनौतीपूर्ण बनाएको छ।

### संस्कृति, पर्यटन लगायत अन्य आयोजना

- **लुम्बिनी क्षेत्र विकासः** युनेस्को विश्व सम्पदामा सुचिकृत बुद्धको जन्मस्थल लुम्बिनीको विकास गुरुयोजना बमोजिम करिब ८८% पूरा भएको छ। परियोजनाले चर्चेको भूभागहरुमा सौन्दर्यकरण, बगैंचा विस्तार र पर्यटकलाई बस्ने स्थलहरु निमार्ण जस्ता छिटपुट कार्यहरु मात्र बाँकी रहेका छन्।
- **पशुपतिनाथ क्षेत्र विकासः** काठमाडौंको पशुपतिनाथ मन्दिर वरपर गुरुयोजना बमोजिम निर्माण गर्नुपर्ने कामहरु करिब ८०% सम्पन्न भएको छ। मन्दिर परिसर र तीर्थयात्रीहरुका लागि आवश्यक सुविधाहरुको स्तरउन्नति र बाग्मती नदीको सौन्दर्यकरण सम्बन्धी केही विषयहरु हाल निर्माणाधीन छन्।
- **गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाः** काठमाडौं बाहिर अन्तर्राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने मुख्य लक्ष्य सहित भरतपुरमा निर्माणाधीन यो रंगशाला करिब ४०% पूरा भएको छ। नगरपालिकाको अगुवाईमा अगाडि बढाईएको यस रंगशाालामा १५०० सिट क्षमता रहेको छ।

## आ) मुलुकको मुख्य पूर्वाधारहरुको स्थिती

निफ्राले निजी एवं सार्वजनीक पूर्वाधारका परियोजनाहरुमा आवश्यक रहेको लगानीको खाडल परिपूर्ति गर्नका लागि खेल्न सक्ने भुमिकालाई अत्मसात गर्दै सार्वजनीक र आर्थिक दृष्टिकोणले महत्वपूर्ण रहेका सार्वजनिक पूर्वाधारहरुमा समेत लगानी गर्नका लागि आवश्यक अध्ययन र छलफल अगाडि बढाएको छ। यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट २०८३ जेठमा प्रकाशित आर्थिक गतिविधि अध्ययनको अर्ध वार्षिक प्रतिवेदन २०८२/८३ मा समावेश गरिएको मुलुकका मुख्य पुर्वाधारहरुको स्थितीलाई अध्ययन गर्दा निम्न बमोजिम रहेको देखिन्छ।

### उद्योग क्षेत्र

उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा देशभर साना, मझौला र ठूला गरी थप ४ सय ६१ नयाँ उद्योगहरू दर्ता भएका छन्। यस अवधिमा बाग्मती प्रदेशमा सबैभन्दा बढी ३६३ वटा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ४ वटा उद्योग दर्ता भएका छन्। समीक्षा अवधिमा दर्ता भएका उद्योगहरूमा प्रस्तावित विदेशी लगानी रु. ५५ अर्ब ८३ करोड रहेको छ भने सो उद्योगहरुले २२ हजार ८ सय ८५ जनालाई रोजगारी सृजना गरेको छ।

बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा ७.९९ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १७.६६ प्रतिशतले बढेको थियो।

### पर्यटन क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुससम्ममा ६ लाख ३ हजार १ सय ५० पर्यटकको नेपाल आगमन भएको थियो। गत वर्षको सोही अवधिमा ५ लाख ७९ हजार ९ सय ४३ जना पर्यटकको आगमन भएको थियो। २०८२ साउनदेखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका ७२ होटलहरूको औसत क्षमता उपयोग (अकुपेन्सी रेट) ३५.८३ प्रतिशत रहेको छ। २०८१ साउनदेखि पुस मसान्तसम्ममा यस्तो क्षमता उपयोग औसतमा ४०.२१ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा बागमती प्रदेशका होटलहरूको औसत क्षमता उपयोग सबैभन्दा धेरै ५१.१५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अकुपेन्सी रेट १५.२३ प्रतिशत मात्र रहेको छ।

### सडक

विगत १२ वर्षमा सडक विभाग अन्तर्गत ९ हजार ७५ कि. मि. सडक कालोपत्रे, ७ हजार ६ सय ६९ कि. मि. ग्राभेल र ६ हजार १ सय ८० कि. मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ। त्यसैगरी १ हजार ६ सय ८७ पुलहरुको निर्माण भएको छ।

### सिँचाई

बर्दिया जिल्लाको करिव ३६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजना आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७८.७४ प्रतिशत रहेको छ। कञ्चनपुर जिल्लाको करिव ३३ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधिन महाकाली सिँचाइ आयोजना आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति २७.९८ प्रतिशत मात्र रहेको छ। करिब ४३ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ २०६१/६२ देखि सुरु गरिएको सिक्टा सिँचाइ आयोजनाको २०८२ फागुनसम्मको भौतिक प्रगति ४७.५ प्रतिशत मात्र रहेको छ। बाँके जिल्लामा अवस्थित यस आयोजनालाई आर्थिक वर्ष २०८९/९० सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कैलाली जिल्लाको करिव ३८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन रानी जमरा कुलरिया सिँचाइ आयोजना आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७४.८ प्रतिशत रहेको छ। बाँके र बर्दिया जिल्लाको करिव ५१ हजार हेक्टर क्षेत्रफलमा बाह्रैमहिना सिँचाइ सेवा दिने तथा ४६.८

मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यका साथ निर्माणाधीन भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७० प्रतिशत रहेको छ । सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाको करिव १ लाख २२ हजार हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सेवा दिने तथा ३१.२ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यका साथ निर्माणाधीन सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजनाको २०८२ फागुनसम्मको भौतिक प्रगति ३७.२ प्रतिशत मात्र रहेको छ।

### जलविद्युत तथा प्रसारण लाइन

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत बुढीगण्डकी जलविद्युत् आयोजना र पश्चिम सेती जलविद्युत् आयोजना गरी दुई जलविद्युत् आयोजना रहेका छन् । १ हजार २ सय मेगावाट विद्युत् उत्पादन गर्ने उद्देश्यले आर्थिक वर्ष २०६९/७० मा सुरु गरिएको बुढीगण्डकी जलविद्युत् आयोजनाको आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति १०.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म यस आयोजनाको विस्तृत प्रतिवेदन तयार भई वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भएको छ। साथै रैकर जग्गाको मुआब्जा र घरगोठ लगायत भौतिक संरचना, फलफुल तथा बोटविरुवाको क्षतिपूर्ति वितरण कार्य करिब ९५ प्रतिशत सम्पन्न भएको छ। पश्चिम सेती जलविद्युत् आयोजनालाई भने लगानी बोर्डमा सिफारिश गरिएको छ । कुल विद्युत् उत्पादन क्षमता ९०० मे.वा. रहेको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण कार्य वि.सं.२०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८४ पुस सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको २०८२ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७४ प्रतिशत र ७८ प्रतिशत रहेको छ । यस आयोजनाले करिब २१७ किलोमिटरको ४०० के.भी. प्रसारण लाइन मार्फत उत्पादित क्षमता प्रवाह गर्नेछ। संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५७ प्रतिशत र ६० प्रतिशत रहेको छ।

कुशाहादेखि विराटनगरसम्म उच्च भोल्टेज प्रसारण लाइन विस्तार गर्ने उद्देश्य सहित आ.व.२०७४/७५ बाट निर्माण प्रारम्भ गरिएको कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७७.१ प्रतिशत र ७७.५ प्रतिशत रहेको छ। तनहुँ जिल्लामा नेपाल विद्युत् प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण सुरु गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको २०८२ पुस मसान्तसम्मको भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ। हाल आयोजनाको ड्याम निर्माण, हेडरेस टनेलको कार्य, पावर हाउसमा उपकरण जडान र प्रशारण लाइनमा टावर निर्माण सम्बन्धी कार्यहरु भइरहेको छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट २०८३ जेठमा प्रकाशित आर्थिक गतिविधि अध्ययन, २०८२/८३ को अर्ध वार्षिक प्रतिवेदन)*

### इ) पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न देखिएका चुनौती, अवसर र समाधानका उपायहरु

नेपालको रुपान्तरणकारी पूर्वाधार परियोजनाहरुको निर्माण मार्फत अपेक्षित आर्थिक समृद्धि र विकासको लक्ष्य हासिल गर्न आयोजनाहरूमा केन्द्रित चुनौतीहरुको व्यवस्थापन तथा दृढ राजनीतिक प्रतिबद्धता र दिर्घकालीन प्रकृतिको कम लागत भएका वित्तीय स्रोत परिचालन गर्दै फास्ट-ट्र्याकमा स्वीकृति र परिणाममा आधारित योजना बनाई लागु गर्न अपरिहार्य भएको छ । पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न देखिएको चुनौती, अवसर र समाधानका उपायहरुलाई मिहीन ढङ्गले विश्लेषण गर्दा निम्नानुसार को स्थिती देखिन्छ।

### साझा चुनौतीहरू

- **जग्गा अधिग्रहण र क्षतिपूर्ति**ः परियोजनालाई आवश्यक हुने सरकारी तथा निजी जग्गाहरुको अधिकरणमा क्षतिपूर्ति विवाद, अस्पष्ट स्वामित्व रेकर्ड र कानूनी चुनौतीहरूका कारण वर्षौं लाग्ने गरेको छ। जसले परियोजनाको सुरुमै लागत र समय बढाउने गरेको छ।
- **वातावरणीय स्वीकृति**ः ठूला आयोजनाहरुको लागि आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन मुलतः वन संरक्षण सम्बन्धी मौजुदा कानुन र विकेन्द्रिकृत अधिकार विभाजनले निकै पेचिलो र झन्झटिलो रहेको छ। यस विषयलाई समय समयमा न्यायपालिकाहरुबाट जारी हुने थप आदेशहरुले समेत प्रभावित पारेको देखिन्छ।
- **सार्वजनिक खरीद प्रकृयाको कुशल व्यवस्थापन**ः नेपालको मौजुदा सार्वजनिक खरीद सम्बन्धी व्यवस्थाले ठेक्का खरिद प्रकृयाको शुरुवाती चरणबाट नै विभिन्न बाधा व्यवधान सृजना भई परियोजनाहरु ढिलाई हुने गरेको छ।
- **भूगोल र प्राविधिक कठिनाई**ः कठिन भूभागले नेपालमा निर्माण हुने परियोजनाहरुको लागत र प्राविधिक जटिलता बढाउने गरेको छ। यसैगरी मुलुक भित्र रहेको सिमित क्षमतामा रहेको प्राविधिक दक्ष जनशक्तिले विशिष्टीकृत संरचनाहरु जस्तै सुरुङ, ठूला बाँध आदि निर्माणमा कठिनाई ल्याउने गरेको छ । भूकम्पीय जोखिम, मनसुनको असर जस्ता विषयहरुले पहाडी तथा हिमाली क्षेत्रमा निर्माण हुने परियोजनाहरुलाई थप चुनौती थप्ने गरेको छ।

- **राजनीतिक निरन्तरताको अभावः** बारम्बारको सरकार परिवर्तनले प्राथमिकता परिवर्तन भई आयोजना निरन्तरतामा थप जटिलता थप्ने गरेको छ। यद्यपी वर्तमानका दुई तिहाईको सरकारसँग स्थिरताको अपेक्षा गर्न सकिन्छ।
- **पि.पि.पि. अवधारणामा निर्माण हुने परियोजनाको एकीकृत ढाँचाको अभावः** मुलुकमा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गरी निर्माण गर्न सकिने ठूला, रणनीतिक तथा रूपान्तरणकारी (Game-Changing) पूर्वाधार आयोजनाको निर्माणमा सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership -PPP) महत्वपूर्ण वित्तीय तथा व्यवस्थापकीय माध्यमका रूपमा रहेको छ । यद्यपि पि.पि.पि. सम्बन्धी स्पष्ट, एकीकृत, पूर्वानुमानयोग्य र दीर्घकालीन संस्थागत तथा नीतिगत ढाँचा (PPP Framework) को पर्याप्त विकास र प्रभावकारी कार्यान्वयन हुन नसक्दा पूर्वाधार विकासमा अपेक्षित रूपमा स्वदेशी निजी क्षेत्र तथा विदेशी लगानी परिचालन गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।
- **जलवायु प्रभावः** विगतका केही वर्ष देखि मुलुकले निरन्तर भोगिरहेको प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण निम्तियको विपत्तिहरुले नेपालमा ठूला पूर्वाधारहरुको निर्माणका चरणमा ठूलो जन धनको क्षति गरेको छ। फलतः जलवायु परिवर्तनको दृष्टिकोणले नयाँ परियोजनाहरुमा लगानीको सम्भावनालाई संकुचित गर्ने सम्भावना छ।

## ३) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

प्रतिवेदन तयार भएको मिति भाद्र २५, २०८३ सम्म आईपुग्दा बैंकको कुल स्वीकृत कर्जा सिमा रु. ६१ अर्ब ६० करोड र कुल प्रवाहित कर्जा रु. ३२ अर्ब ९० करोड पुगेको छ। यसैगरी बैंकको कुल सम्पत्ति रु. ४२ अर्ब ४२ करोड, ब्याज आम्दानी रु. ३८ करोड ५३ लाख, ब्याज खर्च रु. १४ करोड ९९ लाख, खुद नाफा रु. १३ करोड ९९ लाख र नेट वर्थ रु. २५ अर्ब ४६ करोड पुगेको छ।

चालु आ.व.को अन्त्यसम्म बैंकले रु. ९५ अर्ब ७५ करोड सम्मको कर्जा स्वीकृत गरी रु. ५६ अर्ब २० करोड कर्जा प्रवाह गर्ने लक्ष्य लिएको छ । चालु आ.व. मा कर्जाको प्रवाहमा लक्ष्य अनुरुप वृद्धि हुने विश्वासका साथ यस आ.व.को अन्त्यसम्म वासलातको आकार रु. ६७ अर्ब ११ करोड पुगी रु. १ अर्ब ३ करोड खुद नाफा हासिल गर्ने लक्ष्य सहित बैंकको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी लागू गरिएको छ। मुलतः बैंकको ५ वर्षे रणनीतिक योजना (२०८२/८३ - २०८६/८७) अनुरुप बैंकको गतिविधि सञ्चालन गर्न/गराउन बैंक सञ्चालक समिति क्रियाशिल रहेको छ।

## ४) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध

नेपालको पहिलो तथा एक मात्र पूर्वाधार विकास बैंकका रूपमा बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था एवं औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरूसँग सुमधुर र दीर्घकालीन सम्बन्ध स्थापना गरी त्यस्ता सम्बन्धलाई संस्थापन कालदेखि नै निरन्तर रूपमा विस्तार तथा सुदृढ गर्दै आएको छ।

बैंकले संघीय, प्रदेश तथा स्थानीय तहका सरकार, विभिन्न सरकारी निकाय, द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्था तथा औद्योगिक एवं व्यावसायिक प्रतिष्ठानहरूसँग सहकार्य र समन्वय गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै आएको छ। साथै यस्ता सम्बन्ध तथा सहकार्यबाट बैंकलाई मात्र नभई सम्बन्धित सरोकारवाला तथा साझेदार पक्षहरूलाई समेत पारस्परिक लाभ प्राप्त होस् भन्ने उद्देश्यका साथ बैंकले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

यसै क्रममा बैंकले विकास साझेदार एवं द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरू, जस्तै Global Green Growth Institute (GGGI), Korea International Cooperation Agency (KOICA), The Foreign, Commonwealth and Development Office (FCDO), World Bank (WB), Asian Development Bank (ADB), Asian Infrastructure Investment Bank (AIIB), United Nations (UN) अन्तर्गतको Food and Agriculture Organization (FAO) लगायतका संस्थाहरूसँग प्राविधिक तथा वित्तीय सहयोगका लागि सहकार्य गर्दै आएको छ।

यसैगरी मुलुकभित्रका विभिन्न औद्योगिक एवं व्यवसायिक प्रतिष्ठानहरु जस्तैः नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल जर्मन उद्योग वाणिज्य संघ, नेपाल-युएसए च्यम्बर अफ कमर्स एण्ड इण्डष्ट्री लगायतका संघ संस्थाहरुसँग समेत बैंकले नजिकको सम्बन्ध राखि मुलुकभित्र निर्माण गर्न सकिने औद्योगिक पार्क, विशेष आर्थिक क्षेत्र, कम लागतको एकीकृत आवास आयोजना लगायतका पूर्वाधारहरु सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न नीतिमा पैरवी र लगानी संरचना तयार गर्ने सम्बन्धी कार्यहरु अगाडि बढाईएको छ।

आगामी दिनमा यस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी, सहकार्य र समन्वयका कार्यलाई थप विस्तार एवं सुदृढ गर्दै पूर्वाधार विकास, लगानी प्रवर्द्धन तथा दिगो आर्थिक विकासमा बैंकको योगदानलाई थप प्रभावकारी बनाउने नीति बैंकले अवलम्बन गरेको छ।

## ५) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

समीक्षा अवधिमा सञ्चालक समितिमा निम्नबमोजिम ५ पटक हेरफेर भएको छ :

क) बैंकको सातौँ वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूह अर्न्तगत प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालक श्री लीमा अधिकारी आचार्यले आफ्नो व्यक्तिगत कारण देखाई मिति २०८२/१२/०३ गते दिनुभएको राजीनामा सोही दिन बसेको बैंकको १७८औं सञ्चालक समितिको बैंठकबाट स्वीकृत भएको र श्री लीमा अधिकारी आचार्यको राजीनामा स्वीकृत भए पश्चात् रिक्त रहेको सञ्चालक पदमा सोही बैठकले सोही समूहबाट श्री अनिता रायमाझीलाई नियुक्त गरेको।

ख) संस्थापक शेयरधनी श्री ग्लोबल आइएमई बैंक लिमिटेडबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालक श्री सुमन पोखरेलको स्थानमा सो बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुरेन्द्र राज रेग्मीलाई मनोनयन गरी पठाईएको (उक्त बैंकको मिति २०८३/०२/११ को पत्र अनुसार) सञ्चालक समितिको मिति २०८३/०२/१३ गते बसेको १८३औं बैठकबाट श्री सुरेन्द्र राज रेग्मीलाई पदवाहाली गराई सोही मितिबाट वहाँले सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको।

ग) संस्थापक शेयरधनी श्री विशाल ग्रुप्र लिमिटेडबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका अध्यक्ष/सञ्चालक श्री अनुज अग्रवालले आफ्नो कार्य व्यस्तताका कारण दिनुभएको राजीनामा बैंकको मिति २०८३/०२/२७ मा बसेको १८५औं सञ्चालक समितिको बैठकबाट स्वीकृत भई वहाँको स्थानमा श्री विशाल ग्रुप्र लिमिटेडको मिति २०८३/०२/२६ को पत्र मार्फत मनोनयन गरीएका श्री दिपक कुमार अग्रवाललाई सोही बैठकबाट सञ्चालकको रुपमा पदवाहाली गराई सोही मितिबाट वहाँले सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको।

घ) संस्थापक शेयरधनी तर्फ नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्दै रहनु भएका सञ्चालक श्री अमृत लम्सालको स्थानमा श्री महेश आचार्य (सह-सचिव, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा) लाई मनोनयन गरी पठाईएको अर्थ मन्त्रालयको मिति २०८३/०२/२७ को पत्र अनुसार सञ्चालक समितिको मिति २०८३/०३/१७ मा बसेको १८७औं बैठकबाट श्री महेश आचार्यलाई पदवाहाली गराई सोही मितिबाट वहाँले सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको।

ङ) बैंकको सञ्चालक समितिमा अध्यक्ष रहनु भएका श्री अनुज अग्रवालको राजीनामा पश्चात् मिति २०८३/०२/२८ मा बसेको १८६औं सञ्चालक समितिको बैठकबाट श्री महेश प्रसाद दहाल सर्वसम्मत् अध्यक्षको रुपमा चयन हुनु भई सोही मितिबाट वहाँले अध्यक्षको जिम्मेवारी सम्हाल्नु भएको।

## ६) सञ्चालक समितिको बैठक

विद्यमान ऐनमा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। समीक्षा अवधि अर्थात आ.व. २०८२/८३ मा कुल २० वटा बैठक सम्पन्न भएका छन्।

## ७) कारोबारलाई असर पार्ने मुख्य विषयहरू

आ.व. २०८२/८३ मा मुलुक भित्र भएका घटनाक्रम जस्तैः जेनजी आन्दोलन र प्रतिनिधी सभा चुनावले समग्र आर्थिक तथा वित्तीय क्षेत्रमा पारेको प्रभावबाट यस बैंकको व्यवसायिक गतिविधिलाई पनि सारभुत रुपमा प्रभाव पार्‍यो । मुलतः बजारमा ब्याजदरको निरन्तर गिरावटका बावजुद पूर्वाधार क्षेत्रमा दीर्घकालीन कर्जा माग र नयाँ आयोजना कार्यान्वयनको गति कमजोर भई बैंकको व्यवसाय विस्तार तथा वित्तीय कार्यसम्पादनमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारेको छ । विशेषगरी बैंकको उपलब्ध स्रोतलाई अपेक्षित रूपमा कर्जा प्रवाहमा परिचालन गरी लगानीको प्रतिफललाई अपेक्षित रुपमा बढोत्तरी गर्न नसकिएको कारणले बैंकको समग्र वित्तीय सुचाङ्कहरु वृद्धि गर्न मुख्य चुनौती रहेको थियो । समीक्षा अवधिमा लगानीको प्रतिफल विस्तार गर्ने लगायत बैंकले अनुभव गरेको मुख्य चुनौतीहरु सहित बैंकको लागि आगामी दिनमा समेत उत्तिकै सान्दर्भिक हुने विषयहरु निम्नानुसार उल्लेख गरिएको छ :

### क) ब्याजदरमा आएको निरन्तर गिरावट तथा स्रोत-कर्जा परिचालनबीचको असन्तुलन

आ.व. २०८२/८३ मा निक्षेप, सरकारी ऋणपत्र तथा अन्य वित्तीय साधनको ब्याजदर क्रमशः घट्दै गएको अवस्थामा पछिल्ला अवधिमा सङ्कलन गरेको दीर्घकालीन स्रोतहरूबाट बैंकसँग रहेको लगानी योग्य स्रोतलाई अपेक्षित प्रतिफल दिने गरी कर्जामा प्रवाह गर्न समय लागेको अवस्थामा उक्त रकमलाई अल्पकालीन अवधिका लागि टी-बिल, अन्तरबैंक लगानी तथा अन्य कम प्रतिफल दिने वित्तीय साधनमा स्रोत परिचालन गर्दा स्रोतको लागत र सोको परिचालनबाट प्राप्त प्रतिफलमा ऋणात्मक भार (Negative Carry) को अवस्था सिर्जना भई Net Interest Margin तथा समग्र आम्दानीमा प्रतिकूल प्रभाव पर्‍यो। यसको व्यवस्थापन गर्ने विषय बैंकको लागि मुख्य चुनौतीको रुपमा समीक्षा अवधिमा रही रह्यो। यस्तो चुनौतीको उचित व्यवस्थापन गर्न अगामी दिनहरुमा पनि बैंकले सजकताका साथ पाइला चाल्नुपर्ने देखिन्छ।

**ख) ठूला पूर्वाधार आयोजनाको कार्यान्वयनमा ढिलाइ**

ठूला तथा दीर्घकालीन पूर्वाधारका परियोजनाहरुमा मात्र लगानी गर्ने यस बैंकको व्यवसाय विस्तारमा नयाँ परियोजनाहरुको तयारी, वित्तीय व्यवस्थापन (Financial Closure), जग्गा प्राप्ति, स्वीकृति तथा अनुमति, ठेक्का व्यवस्थापन, निर्माण कार्यको प्रगति तथा परियोजनाको व्यवसायिक सञ्चालनमा हुने ढिलाइ जस्ता विषयहरुले निरन्तर असर गरिरहेको स्थिति छ।

**ग) पूर्वाधार परियोजनामा निहित उच्च तथा दीर्घकालीन जोखिम**

पूर्वाधार परियोजनाहरूको स्वीकृति तथा लामो निर्माण अवधि, उच्च पुँजीगत आवश्यकता र नियामकीय, प्राविधिक तथा वातावरणीय पक्ष, आयोजना सम्पन्न हुन लाग्ने समय तथा लागतमा वृद्धि, मागको अनुमानमा हुने कमी र सोबाट परियोजनाको कर्जा चुक्ता भुक्तान गर्ने क्षमतामा आउने ह्रास लगायतका विषयहरुले यस क्षेत्रमा हुने लगानीको जोखिमलाई अन्य कर्जाको तुलनामा सदैव उच्च राख्ने गर्दछ। यसको अतिरिक्त नेपालमा विगत केही वर्षदेखि नियमित रुपमा देखिएको प्राकृतिक प्रकोप र विपत्तिले पूर्वाधारमा हुने लगानीलाई थप चुनौतीपूर्ण बनाउँदै लगेको छ र भविष्यमा पनि यस्तो स्थिती बन्ने जोखिम बढी नै छ।

**घ) कर्जा माग तथा व्यवसाय विस्तारमा देखिएको चुनौती**

मुलुकको पूर्वाधार विकासमा लगानीको आवश्यकता अत्यधिक रहेतापनि सम्भाव्यता तथा विस्तृत अध्ययन-विश्लेषण सम्पन्न भएका लगानीयोग्य परियोजनाको पाइपलाइन (Pipeline of Bankable Projects) को सारभुत रुपमा कमी देखिन्छ। यसबाट बैंकको स्वीकृत कर्जा सीमा र प्रवाहमा प्रत्यक्ष प्रभाव र असर परिरहने देखिएको छ।

**ङ) बैंकको सम्पत्ति र दायित्व व्यवस्थापनमा चुनौती**

कम लागत र स्थिर प्रकृतिका दीर्घकालिन स्रोत जुटाउदै त्यस्तो स्रोतलाई लागतको दरभन्दा उच्च प्रतिफल दिने लगानीका क्षेत्रहरुमा छोटो समयमै परिचालन गरी बैंकको सम्पत्ति र दायित्व मिलान गर्दै लैजाने विषय निफ्रा जस्तो प्रकृतिका बैंकको लागि सदैव सान्दर्भिक हुन्छ जुन एक चुनौतीको रुपमा हाम्रो सामु छ।

**च) समष्टिगत आर्थिक तथा नीतिगत वातावरण**

राष्ट्रिय आर्थिक वृद्धि, मौद्रिक तथा वित्तीय नीति, सरकारी पुँजीगत खर्च, कर तथा नियामकीय व्यवस्था, पूर्वाधार क्षेत्रमा प्रदान गरिने सहुलियत तथा लगानीसम्बन्धी नीतिगत परिवर्तनले बैंकको व्यवसायमा प्रत्यक्ष प्रभाव पार्दछ। विशेषगरी सरकारी पुँजीगत खर्च तथा विकास आयोजनाको कार्यान्वयन अपेक्षित गतिमा अगाडि नबढ्दा हाम्रो जस्तो प्रकृतिका बैंकको व्यवसायमा प्रत्यक्ष प्रभाव पर्ने गर्दछ।

**च) समष्टिगत आर्थिक तथा नीतिगत वातावरण**

राष्ट्रिय आर्थिक वृद्धि, मौद्रिक तथा वित्तीय नीति, सरकारी पुँजीगत खर्च, कर तथा नियामकीय व्यवस्था, पूर्वाधार क्षेत्रमा प्रदान गरिने सहुलियत तथा लगानीसम्बन्धी नीतिगत परिवर्तनले बैंकको व्यवसायमा प्रत्यक्ष प्रभाव पार्दछ। विशेषगरी सरकारी पुँजीगत खर्च तथा विकास

**छ) भू-राजनीतिक तथा अन्तर्राष्ट्रिय आर्थिक अनिश्चितता**

विश्व अर्थतन्त्रमा देखिने मन्दी, व्यापारिक तनाव, भू-राजनीतिक द्वन्द्व, अन्तर्राष्ट्रिय ब्याजदर तथा वस्तु तथा ऊर्जाको मूल्यमा हुने उतारचढावको प्रभाव नेपालको आयात, विदेशी मुद्रा प्रवाह, विप्रेषण, लगानी तथा समग्र आर्थिक गतिविधिमा पर्ने नै हुँदा यी विषयहरुले पूर्वाधार परियोजनाहरुको लागत वृद्धि गर्ने र विदेशी वित्त बजारबाट संकलन गरिने स्रोतको लागत बढाउने जस्ता सवालले परियोजनाहरुको वित्तीय सम्भाव्यतामा प्रत्यक्ष असर पार्ने गर्दछ।

**ज) पुँजी बजार तथा वैकल्पिक वित्तका उपकरणहरुको अभाव**

अन्तर्राष्ट्रिय सफल अभ्यासहरुलाई हेर्दा स्वःपुँजी बाहेकका विशिष्टिकृत उपकरणहरु (Debt Fund, InvIT, AIF, Thematic Bond, Green Bond etc.) पुँजीबजारमा पर्याप्त मात्रामा उपलब्ध भई वैकल्पिक वित्तको अवधारणाबाट उल्लेख्य लगानी पूर्वाधार परियोजनाहरुमा परिचालन गरेको देखिन्छ। नेपाल भित्र यस प्रकृतिका उपकरणहरु प्रचलनमा नरहेको तथा पुँजीबजारबाट स्रोत जुटाउने महत्वपूर्ण उपकरण सार्वजनिक शेयर निष्काशन (IPO) को स्वीकृतीमा लामो समय लाग्ने गरेको विषयले पूर्वाधार परियोजनाको लागत तथा व्यवस्थापनमा थप चुनौती सृजना गरेको छ।

**झ) सार्वजनिक-निजी साझेदारी (PPP) मा आधारित परियोजनाहरुको विकास सम्बन्धी संस्थागत चुनौती**

सार्वजनिक-निजी साझेदारी (PPP) मा आधारित ठूला तथा रूपान्तरणकारी पूर्वाधार आयोजना विकासका लागि आयोजना छनौट, जोखिम बाँडफाँड, सरकारी समन्वय र सहयोग तथा कार्यान्वयनको स्पष्ट संरचना सहित एकिकृत खाकाको अभावमा यस अवधारणामा नयाँ परियोजनाहरुको पहिचान तथा लगानी व्यवस्थापन हालको अवस्थामा प्राय न्यून रहेको कारणले बैंकको रणनीतिक उद्देश्य मध्ये एक सार्वजनिक निजी साझेदारीमा लगानी विस्तार गर्ने विषयमा अपेक्षित प्रगति गर्न नसकिएको स्थिती हाम्रो सामु छ।

**ञ) कर्जा जोखिम मूल्याङ्कन तथा जोखिम व्यवस्थापनको क्षमतामा निरन्तर अभिवृद्धि**

पूर्वाधार परियोजनामा निहित प्राविधिक, वित्तीय, वातावरणीय, कानुनी तथा बजार जोखिमको समयमै पहिचान, मूल्याङ्कन र न्यूनीकरण गर्न दक्ष जनशक्ति तथा प्रभावकारी जोखिम व्यवस्थापन प्रणाली आवश्यक हुन्छ। आयोजना तथा प्रवर्द्धकको नगद प्रवाह, लागत वृद्धि, निर्माण प्रगति तथा बजार जोखिमको प्रभावकारी मूल्याङ्कन गर्न नसक्दा भविष्यमा कर्जाको गुणस्तरमा प्रतिकूल प्रभाव पर्न सक्ने भएकाले जोखिम व्यवस्थापन गर्ने क्षमतामा नियमित अभिवृद्धि गर्ने विषय बैंकको लागि सदैव महत्वपूर्ण छ।

**ट) प्रविधिगत परिवर्तन तथा साइबर जोखिम**

Artificial Intelligence (AI), Machine Learning, Blockchain Technology तथा Quantum Computing लगायतका नयाँ प्रविधिको तीव्र विकासले बैंकिङ्ग क्षेत्रमा नयाँ अवसर सृजना गरेको छ। यसको साथै आयोजना व्यवस्थापन तथा सञ्चालन, साइबर सुरक्षा, डेटा संरक्षण तथा प्रविधि अनुकूलन सम्बन्धी जोखिम पनि बढ्दै गएको सन्दर्भमा हाम्रो लागि पनि प्रविधि मार्फत हुन सक्ने सञ्चालन जोखिमको नियमित व्यवस्थापन गर्न बैंक भित्रको प्रविधिगत पूर्वाधारमा नियमित सुदृढिकरण गर्दै जाने विषय पनि निकै टडकारो बन्दै गएको पाइन्छ।

**ठ) वातावरणीय तथा जलवायुजन्य जोखिम**

नेपालमा बाढी, पहिरो, भूकम्प, हिमपहिरो तथा अन्य प्राकृतिक प्रकोपको जोखिम निरन्तर उच्च देखिएको सन्दर्भमा बैंकले लगानी गरेको/गर्ने पूर्वाधारका परियोजनाहरूमा Climate तथा Disaster Risk बाट हुने प्रतिकूल प्रभावहरुलाई न्यूनिकरण गर्ने एवं उत्थानशील (Resilient) उपायहरुको पहिचान र सोको नियमित अनुसरण गर्ने/गराउने विषय थप चुनौतीको रुपमा देखिएको छ।

**८) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख्य भए सो उपर भएका र सञ्चालक समितिको प्रतिकृया**

आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदनमा सामान्य कैफियत बाहेक अन्य उल्लेख्य कैफियतहरु नभएको तथा प्रतिवेदनमा औंल्याईएका सामान्य कैफियतहरु सुधारको लागि आवश्यक पहल भैसकेको स्थिति छ।

**९) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

आ.व. २०८२/८३ को वित्तीय विवरण अनुसार उक्त आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफा मध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड रुपैयाँ) को ५.२६३२ प्रतिशत (पाँच दशमलव दुई छ तीन दुई प्रतिशत) ले हुन आउने रकम रु.१,१३,६८,५१,२००/- (एक अर्ब तेह्र करोड अठसठ्ठी लाख एकाउन्न हजार दुई सय रुपैयाँ) नगद लाभांश (लाभांश कर प्रयोजन समेत) वितरण गर्न सिफारिस गरिएको छ।

**१०) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण**

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन।

**११) विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितीको पुनरावलोकन**

यस बैंकको हालसम्म कुनैपनि सहायक कम्पनी रहेको छैन।

**१२) बैंक तथा बैंकको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

यस बैंकको हालसम्म कुनै पनि सहायक कम्पनी नरहेकोले सहायक कम्पनीको कुनै कारोबार नरहेको स्थिति छ।

**१३) विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा बैंकको कुनै आधारभूत शेयरधनीहरुले कुनै किसिमको जानकारी गराउनु भएको छैन।

**१४) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन।

**१५) विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन।

## १६) बैंकले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत बैंकले भुक्तानी गरेको रकम

बैंकले हालसम्म आफ्नो शेयर आफै खरिद गरेको छैन।

## १७) आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा हुनसक्ने मुख्य जोखिमहरुमा कर्जा जोखिम, संचालन जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम लगायतका जोखिमलाई लिईन्छ। यस बैंकले पनि यस्ता जोखिमहरुको न्यूनिकरण एवं नियन्त्रण गर्न आन्तरिक रुपमा विभिन्न संरचनागत इकाइहरुको स्थापना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउँदै लगेको छ। बैंकिङ्ग क्षेत्रमा देखापरेका विभिन्न जोखिम न्यूनिकरण गर्न तथा आन्तरिक नियन्त्रणको प्रणाली मार्फत कार्य गर्न "जोखिम तथा अनुपालन विभाग" को संरचनागत व्यवस्था गरी आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन तर्फ विभिन्न नीतिगत एवं प्रकृयागत व्यवस्थाहरु लागू गरिएको छ।

सम्पत्ति शुद्धिकरण र आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा थपिएको कानूनी व्यवस्था, Artificial Intelligence (AI) लगायत सूचना प्रविधिले यस विषयमा बढाएको पहुँच र सोबाट उत्पन्न हुने जोखिम एवं सूचना प्रविधिमा भएको नविनतम विकासले बैंकको समग्र जोखिम व्यवस्थापन प्रणालीलाई थप चुनौतीपूर्ण बनाएको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जा र गैरबैंकिङ्ग सम्पत्ति बढ्दो क्रममा रहेकोले समग्र बैंक तथा वित्तीय संस्थाहरुको पुँजी कोषमा दवाव पर्न गई कर्जा लगानी क्षमता समेत प्रभावित भएको छ। यसैगरी विगतका दिनहरुमा विभिन्न कारणले कालो सूचीमा पर्ने ऋणीहरूको संख्या वृद्धि हुँदै गएको देखिन्छ। यि विषयहरुले कर्जा लगानी स्वीकृत गर्दा तथा सोको प्रवाह गर्दा ग्राहक सम्बन्धी गर्नुपर्ने जोखिम मुल्यांकनको विषयलाई थप पेचिलो बनाएको छ। साथै परिवर्तित परिस्थितीमा बैंकको जोखिम मुल्यांकन एवं व्यवस्थापनको प्रणालीलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित सबैलाई जिम्मेवार हुनेगरी कार्य गर्ने गराउने व्यवस्था मिलाईएको छ।

बैंकको लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही तथा पर्याप्त रुपमा रहेको र बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको सन्र्दभ सुनिश्चित गर्न आन्तरिक लेखापरिक्षकको व्यवस्था गरिएको छ। विगतमा जस्तै समीक्षा अवधिमा पनि बैंकको आन्तरिक लेखापरीक्षण Outsourcing विधि मार्फत स्वतन्त्र लेखापरिक्षकबाट सम्पन्न गराईएको छ। यसैगरी कर्जा लगानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, विदेशी विनिमय, तरलता तथा ब्याज निर्धारण जस्ता बजार जोखिमका विषयहरुका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक निर्णय लिने वा उपल्लो अधिकारी समक्ष सिफारिस गर्ने गरी प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन समिति, कर्जा समिति, सम्पत्ति तथा दायित्व समितिहरु गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

विशेषगरी, बैंकले कर्जा प्रवाह गर्दा परियोजनाको प्रकृति, ऋणीको व्यावसायिक ज्ञान, सीप, अनुभव तथा क्षमता लगायतका पक्षहरूको विस्तृत विश्लेषणलाई उच्च प्राथमिकता दिँदै सोही अनुरुपको आन्तरिक मुल्याङ्कन विधिहरु अवलम्बन गरेको हुनाले बैंकले लगानी गरेको प्रायजसो परियोजनाहरु अपेक्षित अवधिमा नै निर्माण सम्पन्न गर्दै सञ्चालनमा आउने गरेको पाइन्छ। साथै व्यवसाय सञ्चालनका क्रममा उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरूको पहिचान, मूल्याङ्कन तथा न्यूनीकरणका लागि प्रचलित उत्तम अभ्यासहरू अवलम्बन गरी जोखिममा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र क्रमिक रूपमा सुदृढीकरण गर्दै लगिएको छ। प्रविधिको अधिकतम उपयोग तथा कर्मचारीहरूको ज्ञान, सीप र क्षमता विकासमार्फत जोखिमको समयमै पहिचान गर्ने र नियमित प्रभावकारी अनुगमन तथा देखिएका जोखिमहरुको उचित व्यवस्थापनका लागि आवश्यक थप व्यवस्थाहरु मिलाउदै लगिएको छ।

बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सवलिकरण गर्न आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली तथा अन्य आवश्यक पर्ने सम्पूर्ण नीति एवं कार्यविधिहरु लागु गरेको छ। त्यसैगरी बैंकले लगानी गरेको परियोजनाहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाउन विज्ञहरुलाई समेत समावेश गराई अनुगमन गर्ने गराउने, सूचना प्रविधि पूर्वाधारको अडिट गराउने जस्ता कार्यहरुले बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाएको महसुस गरिएको छ।

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ तथा प्रभावकारी बनाउन एकीकृत निर्देशन तथा संस्थागत सुशासन सम्बन्धी प्रचलित व्यवस्था अनुरूप गैर-कार्यकारी सञ्चालकहरूको संयोजकत्वमा गठित चारवटा सञ्चालक स्तरीय समितिहरू आ-आफ्नो कार्यक्षेत्र, जिम्मेवारी तथा अधिकार अनुसारको जिम्मेवारी सक्रिय रूपमा निर्वाह गर्ने गरेको छ। यी समितिहरूले बैंकको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, सुशासन तथा सम्बन्धित विषयहरूको नियमित समीक्षा, अनुगमन तथा आवश्यक निर्देशन प्रदान गर्दै बैंकको समग्र आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

सञ्चालक स्तरीय त्यस्ता समितिहरुको काम, कर्तव्य, अधिकार र संरचना निम्नबमोजिम रहेको छः

- **जोखिम व्यवस्थापन समिति**: यस समितिले बैंकको व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरिएको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित रुपमा पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा नियमित रुपमा सुझाव पेश गर्ने गरेको छ। त्यस्तै जोखिम तथा अनुपालना सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा तयार भई समयमै सम्बन्धित निकायमा पेश भए नभएको विषयहरुको अनुगमन गर्ने र ती प्रतिवेदनहरुमा उल्लेख भएका जोखिम सम्बन्धी विवरणहरुको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा राय सहित सुझाव पेश गर्ने गरेको छ। यसैगरी बैंक भित्र कार्यान्यवयनमा ल्याईएका नीति तथा कार्यविधिहरुलाई समय सापेक्ष एवं नियमनकारी निकायहरुबाट समय समयमा भएको संशोधन समेत समावेश गरी अद्यावधिक भए नभएको विषयहरु समेतलाई नियमित रुपमा समितिले समीक्षा गर्ने गरेको छ।

  कर्जा लगायतका अन्य विषयहरुको जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि यस समितिले नियमित रुपमा छलफल गरी सञ्चालक समितिलाई सुझाव दिने गरेको छ।

  आ.व. २०८२/८३ को असार मसान्तमा जोखिम व्यवस्थापन समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| सञ्चालक श्री सुरेन्द्र राज रेग्मी | संयोजक |
| सञ्चालक श्री दिपक कुमार अग्रवाल | सदस्य |
| सञ्चालक श्री विशाल उप्रेती | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख, स्रोत तथा सञ्चालन व्यवस्थापन) | सदस्य |
| प्रमुख जोखिम तथा अनुपालन अधिकृत | सदस्य-सचिव |

  आर्थिक वर्ष २०८२/८३ मा जोखिम व्यवस्थापन समितिको जम्मा ६ वटा बैठक बसेको छ।

- **लेखापरीक्षण समिति**: बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्न संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक तथा बाह्य लेखापरीक्षण लगायत नेपाल राष्ट्र बैंकबाट हुने अनुगमनहरुमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सोको सुधारका लागि गर्नुपर्ने कार्यहरु समयमै सुरु गरिए/नगरिएको र कैफियतहरुको सुधार भए/नभएको विषयहरुलाई नियमित समीक्षा गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र कार्यान्वयनको अन्तिम अवस्था सम्बन्धी जानकारी तथा आन्तरिक नियन्त्रण प्रणालीमा गर्नुपर्ने सुझावहरु समेटि सञ्चालक समितिमा नियमित पेश गर्ने गरेको छ। बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई आवश्यक निर्देशन तथा सहयोग गर्दै मुलतः आन्तरिक नियन्त्रण प्रणालीलाई सवलीकरण गर्ने विषयमा केन्द्रीत भई लेखापरिक्षण समितिले आफ्नो जिम्मेवारी निर्वाह गर्ने गरेको छ।

  आ.व. २०८२/८३ को असार मसान्तमा लेखापरीक्षण समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| सञ्चालक श्री विशाल उप्रेती | संयोजक |
| सञ्चालक श्री दिपक कुमार अग्रवाल | सदस्य |
| इन्चार्ज (In-Charge) आन्तरिक लेखापरीक्षण | सदस्य-सचिव |

  आर्थिक वर्ष २०८२/८३ मा लेखापरीक्षण समितिको जम्मा ५ वटा बैठक बसेको छ।

- **कर्मचारी सेवा सुविधा समिति**: बैंकका सम्पूर्ण कर्मचारीहरुको क्षमता अभिवृद्धि, कार्यसम्पादनमा बढोत्तरी एवं समग्र विकासका विषयहरुलाई केन्द्रमा राखि बस्तुनिष्ठ कार्य सम्पादन मुल्यांकन हुने गरेको नीति तथा कार्यविधि तर्जुमा गर्न सिफारिस गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी आवश्यक निर्णय एवं सिफारिस गर्ने लगायत नेपाल राष्ट्र बैंकबाट हुने सुपरिवेक्षण र लेखापरीक्षणका दौरान मानव संशाधन सम्बन्धी औंल्याएका कैफियतहरुलाई सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिने र सञ्चालक समितिमा मानव संशाधन सम्बन्धी विषयहरुमा राय सुझाव दिने जस्ता कार्यहरु यस समिति मार्फत गर्ने/गराउने गराएको छ।

  आ.व. २०८२/८३ को असार मसान्तमा कर्मचारी सेवा सुविधा समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| सञ्चालक डा. श्री मनिष थापा | संयोजक |
| सञ्चालक श्री अनिता रायमाझी | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख, स्रोत तथा सञ्चालन व्यवस्थापन) | सदस्य |
| जनशक्ति तथा प्रशासन विभाग प्रमुख | सदस्य-सचिव |

  आर्थिक वर्ष २०८२/८३ मा कर्मचारी सेवा सुविधा समितिको जम्मा २ वटा बैठक बसेको छ।

- **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिः** बैंकको कारोबार संचालनका दौरान हुनसक्ने सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न आवश्यक हुने नीति/ नियम/ मार्गदर्शनहरु तर्जुमा भई समय मै लागु भए/नभएको विषय यकिन गर्ने र बैंक भित्र यस विषयसँग सम्बन्धित प्राविधिक पूर्वाधार एवं कर्मचारीको क्षमतामा आवश्यक अभिवृद्धि गर्ने विषयमा विशेषतः केन्द्रीत भई यस समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन दिने एवं सञ्चालक समितिमा राय सुझावहरु पेश गर्ने गरेको छ।

  आ.व. २०८२/८३ को असार मसान्तमा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| सञ्चालक श्री महेश आचार्य | संयोजक |
| सञ्चालक डा.श्री मनिष थापा | सदस्य |
| सञ्चालक श्री अनिता रायमाझी | सदस्य |
| प्रमुख जोखिम तथा अनुपालन अधिकृत | सदस्य-सचिव |

  आर्थिक वर्ष २०८२/८३ मा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिको जम्मा १ वटा बैठक बसेको छ।

  यसका अतिरिक्त, बैंकको खर्च व्यवस्थापन, खरिद प्रक्रियामा मितव्ययीता तथा अन्य तोकिएका व्यवस्थापकीय विषयमा आवश्यक छलफल गरी निर्णय लिन व्यवस्थापकीय स्तरमा बैंकको आर्थिक प्रशासन विनियमावलीको व्यवस्था बमोजिम गठित आर्थिक निर्देशन समिति तथा खरिद समितिहरूले आ-आफ्नो कार्यक्षेत्रअनुसार जिम्मेवारी निर्वाह गर्दै आएका छन् । बैंकको कर्जा लगानी सम्बन्धी विषयहरुमा आवश्यक छलफल र सिफारिश गर्न प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापनस्तरीय कर्जा समिति र समग्र बैंकको व्यवसायसँग सरोकार राख्ने अन्य विषयहरुमा छलफल एवं निर्णय प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन समुह (Management Committee) गठन गरी आवश्यक कार्यहरु गर्दै आईएको छ।

### १८) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

आ.व. २०८२/८३ मा नाफा नोक्सान हिसाबको अनुसूची ४.३६, ४.३७ र ४.३८ मा उल्लेखित रु.३०,०५,९६,५०४/- मध्ये रु. १४,३०,६५,८१०/- व्यवस्थापन/कार्यालय संचालन खर्च रहेको छ।

### १९) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सोसमितिले कुनै सुझाव दिएको भए सोको विवरण

समीक्षा अवधिमा बैंकको लेखापरिक्षण समितिले मुख्य गरी निम्न विषयहरुमा आफ्नो कार्य सम्पादन गरी आवश्यकता अनुसार सञ्चालक समितिमा राय सुझाव पेश गर्ने गरेको छः

- बैंकको आन्तरिक लेखापरिक्षक Outsource विधिबाट नियुक्त गर्न सञ्चालक समितिमा सिफारिस गर्ने।
- आन्तरिक लेखापरिक्षकले तयार गरेको जोखिममा आधारित लेखापरिक्षण योजनामा छलफल गरी स्वीकृत गर्ने।
- आन्तरिक लेखापरीक्षकबाट त्रैमासिक रुपमा गरिएको लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने।
- आन्तरिक तथा बाह्य लेखापरीक्षण र नेपाल राष्ट्र बैंकबाट गरिएको निरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरूको सुधारको अवस्था नियमित रुपमा समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक राय सुझाव प्रदान गर्ने।
- बैंकको त्रैमासिक तथा वार्षिक वित्तीय विवरणहरु माथि छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने एवं सञ्चालक समितिमा सुझाव पेश गर्ने।
- बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउदै लैजान आवश्यक हुने नितिगत एवं संरचनात्गत विषयहरुमा समीक्षा गरी अवलम्बन गर्नुपर्ने सुधारका विषयहरु सञ्चालक समितिमा सिफारिश गर्ने।

आ.व. २०८२/८३ को असार मसान्तमा लेखापरीक्षण समितिमा रहनु भएका सदस्यहरुको नामावली यस प्रतिवेदनको आन्तरिक नियन्त्रण प्रणाली खण्डमा उल्लेख भए बमोजिम रहेको छ। साथै आर्थिक वर्ष २०८२/८३ मा लेखापरीक्षण समितिको जम्मा ५ वटा बैठक बसेको र उक्त बैठकहरुको भत्ता वापत जम्मा रु. ८४,०००/- खर्च भएको छ।

### २०) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

बाँकी नरहेको।

## २१) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

**क) आ.व. २०८२/८३ मा सञ्चालकहरुलाई भुक्तान गरिएको विवरणः**

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | १५,३०,००० |
| २ | सञ्चालक स्तरिय अन्य समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | ३,७२,००० |
| | **जम्मा** | **१९,०२,०००** |

यसका अतिरिक्त बैंकको चौंथो वार्षिक साधारण सभाबाट स्वीकृत भए बमोजिम सञ्चालकहरुलाई संचार/यातायात र पत्रपत्रिका बापत प्रति सञ्चालक मासिक एकमुष्ठ रु. १० हजार प्रदान गरिने गरिएको छ।

**ख) कार्यकारी प्रमुख तथा प्रबन्धकहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण**

**अ) प्रमुख कार्यकारी अधिकृतलाई आ.व. २०८२/०८३ मा प्रदान गरिएको तलब, भत्ता, वोनस तथा अन्य सुविधाहरु देहाय बमोजिम छन्।**

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | तलब | ६६,००,००० |
| २ | चाडपर्व भत्ता | ५,५०,००० |
| ३ | बोनस | ३२,९१,१२९ |
| ४ | सञ्चार | १६,४३१ |
| | **जम्मा** | **१,०४,५७,५६०** |

माथि उल्लेख भए बाहेक प्रमुख कार्यकारी अधिकृतलाई प्रचलित व्यवस्था बमोजिम कल्याणकारी कोषबाट उपलब्ध हुने सुविधा एवं बैंकको स्वीकृत नियमानुसार प्रदान गरिएको दुर्घटना तथा औषधोपचार खर्चको बिमा प्रिमियम बैंकले ब्यहोर्दै आएको छ।

**आ) सहायक भाइस प्रेसिडेन्ट तह र सो भन्दा माथिका कर्मचारीहरुलाई आ.व. २०८२/०८३ मा प्रदान गरिएको तलब, भत्ता, बोनस तथा अन्य सूविधाहरु देहाय बमोजिम छन्।**

- सहायक भाइस प्रेसिडेन्ट तह र सो भन्दा माथिका कर्मचारीहरुलाई तलब, भत्ता, सञ्चय कोष समेत रु.२,४७,०३,२६३/- (कर्मचारी बोनस बाहेक) प्रदान गरिएको तथा बैंक नियम अनुसार इन्धन तथा मोवाईल खर्च सुविधा प्रदान गरिएको छ।
- अन्य भत्ता तथा सुविधाहरु बैंकको कर्मचारी सेवा विनियमावली र आर्थिक प्रशासन विनियमावली एवं सञ्चालक समितिले समय समयमा निर्णय गरे बमोजिम प्रदान गर्ने गरिएको छ।

**इ) कुल कर्मचारी खर्च :**

आ.व. २०८२/८३ को कुल कर्मचारी खर्च रु.२३,०८,४४,६०१/- रहेको छ। यस रकममा बोनस बापतको रु.१५,७५,३०,६९४/- समेत समावेस गरिएको छ।

## २२) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

बैंकले वितरण गरेको लाभांश रकम मध्ये आ.व. २०८२/८३ को अन्त्य सम्ममा रु.७,९२,४०,४६६.७९ रकम शेयरधनीहरुले बुझिलिन बाँकी रहेको देखिन्छ।

## २३) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

आ.व. २०८२/८३ मा बैंक संचालनको लागि आवश्यक अफिस ईक्युपमेन्ट, फर्निचर लगायतका सामाग्रीहरु खरिद गरिएको बाहेक बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको अन्य सम्पत्ति खरिद वा बिक्री गरेको छैन।

## २४) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

समीक्षा अवधिमा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच कारोवार नभएको।

## २५) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु सम्बन्धित शिर्षक/खण्ड अर्न्तगत प्रतिवेदनमा खुलाइएको छ।

**क) लेखापरीक्षक**

लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants ले आ.व. २०८२/८३ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गरेकोमा बैंक धन्यवाद व्यक्त गर्दछ।

**ख) संस्थागत सुशासन**

बैंकले संस्थागत सुशासनलाई सदैव पहिलो प्राथमिकतामा राख्दै सम्पुर्ण सरोकारवालाहरुको हित र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न आवश्यक देखेको संस्थागत सुशासन सम्बन्धी अभ्यास र संरचनालाई मेल हुने गरी आफ्नो नीति, नियम तथा संथागत व्यवस्था कायम गरेको छ। बैंकको संस्थागत सुशासन संरचना अन्तर्गत सञ्चालक समितिको निष्पक्ष एवं पारदर्शी कार्य प्रणाली, सञ्चालक समितिको हस्तक्षेपमुक्त दैनिक व्यवस्थापकीय कामकारवाही तथा बैंकको कार्य सम्पादन अझ चुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति र यस अन्तर्गतका उप-समितिहरु समेत कृयाशिल रहेका छन्। त्यस्तै बैंकको सञ्चालक समितिमा रहनुभएका सञ्चालकज्यूहरु, बैंकका

कार्यकारी तहमा रहनु भएका उच्च अधिकृतहरु, बैंकका अधिकृतहरु तथा अन्य सम्पुर्ण कर्मचारीहरु समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय निकायहरुले आयोजना गरेका विभिन्न सेमिनार, गोष्ठि तथा तालिमहरुमा सहभागी गराउँदै संस्थागत सुशासनको अभ्यासलाई निरन्तर चुस्त बनाउँदै लगिएको छ। समीक्षा अवधि सम्म संस्थागत सुशासन कमजोर भएकै कारणले बैंकले कुनै किसिमको नियमकारी एवं अन्य प्रकृतिको कैफियत/सजायहरु व्यहोर्न नपरेको विषयले पनि बैंकमा विद्यमान रहेको संस्थागत सुशासन सम्बन्धी व्यवस्था उपयुक्त रहेको सन्दर्भलाई पुष्टि गर्छ।

**ग) मानव संसाधन**

मानवस्रोत संस्थाका कर्मचारी मात्र नभई संस्थाको मार्गदर्शक र सफलताका प्रमुख आधार हुन् । संस्थाको रणनीति तथा उद्देश्यहरुलाई व्यवहारमा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी कर्मचारीकै हुन्छ । मानव संसाधन व्यवस्थापन सम्बन्धी सर्वमान्य सिद्धान्तलाई महत्वपूर्ण पक्षको रुपमा लिई बैंकमा कार्यरत कर्मचारीहरुको उत्साह, जिम्मेवारीबोध र संस्थाप्रतिको अपनत्वलाई निरन्तर कायम राख्ने गरीको उचित सेवा-सुविधा तथा अन्य व्यवस्था लागू गरिएको छ। बैंकमा पूर्वाधारको क्षेत्रमा विशेष रुची र दखल राख्ने सक्षम जनशक्तिलाई आकर्षित गर्ने तथा निजहरुको निरन्तर वृत्ती विकासमा विशेष जोड दिने गरिएको छ । क्षमता र योग्यताको आधारमा दक्ष जनशक्तिको छनोट तथा कर्मचारीको नियमित सीप र क्षमताको विकास गर्दै कर्मचारीहरुको मनोवल उच्च राख्न बैंकले उचित तथा प्रचलित बजार सरहको प्रतिस्पर्धि तलबभत्ता तथा सुविधाहरु प्रदान गर्नुका अतिरिक्त कर्मचारीहरुलाई नियमित रुपमा विभिन्न तालीम, सेमिनार र गोष्ठिहरुमा सहभागी गराउने गरेको छ।

**घ) संस्थागत सामाजिक उत्तरदायित्व**

बैंकले आफ्नो स्थापना काल देखि नै देशको एक जिम्मेवार संस्थाको रूपमा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने विषयलाई महत्वका साथ निरन्तरता दिंदै आएको छ। आ.व. २०८२/८३ मा बैंकले तल उल्लेख भए बमोजिम शिक्षा, वित्तीय साक्षरता, वातावरण तथा पुर्नउत्थान लगायतका क्षेत्रहरुमा विभिन्न संघ संस्था र नेपाल सरकारद्धारा स्थापित कोषहरुमा गरी रु.१,३५,९५,०००/- रकम संस्थागत सामाजिक उत्तरदायित्व तर्फ खर्च गरेको छ।

मुख्यतः गरिब, विपन्न तथा लक्षित वर्गको हित तथा उत्थानमा योगदान पुऱ्याउने मुल उद्देश्यका साथ संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन गर्न कार्यविधि तयार गरी लागु गरिएको छ।

यसैगरी, सामाजिक उत्तरदायित्वका लागि संस्थागत रुपमा खडा गर्नुपर्ने सामाजिक उत्तरदायित्व कोषको व्यवस्था बमोजिम बैंकले कोष खडा गरी प्रचलित व्यवस्था बमोजिम वार्षिक रुपमा रकम जम्मा गर्ने गरेको छ। समीक्षा अवधि देखि बैंकले नेपाल राष्ट्र बैंकबाट यस विषय सम्बन्धित मार्गदर्शन अनुरुप हुनेगरी बैंकको सामाजिक उत्तरदायित्व कोषबाट प्रदान गरिने सहयोगलाई प्रादेशिक, भौगोलिक एंव क्षेत्रगत हिसावले विविधिकरण गर्दै लगेको छ।

बैंकले यस कोषबाट सहयोग गरेको रकम सम्बन्धी त्रैमासिक विवरण आफ्नो वेवसाईटमा प्रकाशन गर्ने तथा चालु आर्थिक वर्षको लागि शुरुवात मै वार्षिक कार्य योजना तय गरी वेवसाईटमा राख्ने र नेपाल राष्ट्र बैंक समक्ष पेश गर्ने व्यवस्था मिलाएको छ।

आ.व. २०८२/८३ को बैंकका संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विवरण

| क्र.सं. | संस्थाकोनाम | विवरण/क्षेत्र | रकम रु. |
|---|---|---|---|
| १. | नेपाल सरकारद्धारा स्थापित भौतिक पूर्वाधार पुनर्निर्माण कोष | आपतकालीन स्थितीमा राहत तथा पुनर्निर्माणमा सहयोग | १,००,००,००० |
| २. | समता एजुकेशन फाउण्डेशन काठमाडौं | शिक्षा | ५,००,००० |
| ३. | समानता डेभलपमेन्ट फाउण्डेशन | शिक्षा | ५,००,००० |
| ४. | रिड सुचना तथा श्रोत केन्द्र | शिक्षा | ५,००,००० |
| ५. | श्री दियालो आधारभूत विद्यालय | शिक्षा | ४,८०,००० |
| ६. | रिडी राम्दी पाल्पाली समाज (रिरास) | क्षेत्रगत विविधिकरण, शिक्षा, दिगो विकास लक्ष्य | ३,८०,००० |
| ७. | इन्जिनियर्स विदाउट बोडर्स नेपाल | क्षेत्रगत विविधिकरण, शिक्षा, दिगो विकास लक्ष्य, वित्तीय साक्षरता | ४,००,००० |
| ८. | श्री कंकाली माध्यमिक विद्यालय | शिक्षा | ४,००,००० |
| ९. | श्री लुम्बिनी विश्व शान्ति मञ्च | वातावरण | ७५,००० |
| १०. | सरस्वती माध्यामिक विद्यालय | शिक्षा | ४,००,००० |
| | | **जम्मा रकम** | **१,३५,९५,०००** |

**ङ) ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी कानुनको परिपालना**

बैंकका गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरिएको छ। ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण सम्बन्धमा प्रचलित नेपाल कानुन एवं नेपाल राष्ट्र बैंकले जारी गरेका अद्यावधिक निर्देशनहरुलाई बैङ्कले प्राथमिकताका साथ पालना गर्दै आएको छ। साथै, सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनको परिपालना भए/नभएको सन्दर्भमा कार्य अनुगमन गर्न तथा अन्य अनुपालनाका विषयहरु समेत हेर्नेगरी जोखिम व्यवस्थापन विभाग अन्तर्गतको अनुपालन शाखाले नियमित रुपमा आफ्नो कार्यहरु गरिरहेको छ। बैंकको सम्पूर्ण कारोबारको अनुपालना गर्न गराउन कार्यकारी श्रेणीको अनुपालन अधिकृत नियुक्त गरिएको छ। बैंक भित्र ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण लगायत सम्पूर्ण अनुपालनको स्तरलाई सवलीकरण गर्न सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिएको छ। प्रचलित ऐन नियम तथा निर्देशनको अधिनमा रही बैंकले ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मार्गदर्शन तथा विनियमावली र विभिन्न लिखतहरु तयार गरी लागू गरेको छ।

**च) दिगोपन (Sustainability) सम्बन्धी विवरण**

समीक्षा अवधिमा बैंकले आ.व. २०८१/८२ मा हरित ऋणपत्र निष्काशन गरी प्राप्त गरेको रु. ५ अर्ब बराबरको स्रोतलाई उक्त ऋणपत्र जारी गर्दा तयार गरिएको Framework अनुरुपका योग्य परियोजनाहरुमा परिचालन गर्ने तर्फ आफ्नो व्यवसायिक गतिविधिलाई केन्द्रित गरेको छ। जसको फलस्वरुप यो प्रतिवेदन तयार भएको मितिसम्म बैंकले ६ वटा सौर्य ऊर्जा तथा ४ वटा जलविद्युत् परियोजनामा गरी कुल रु. ८ अर्ब ४ करोड बराबरको कर्जा स्वीकृत गरी रु. १ अर्ब ९३ करोड बराबरको कर्जा प्रवाह पनि गरिसकेको छ।

त्यस्तै यस ऋणपत्रबाट संकलित स्रोत लगानी भएको/हुने परियोजनाहरु र उक्त परियोजनाहरुको निर्माण एवं सञ्चालनबाट उत्पन्न हुने कुल सकरात्मक वातावरणीय प्रभावको वार्षिक समीक्षा गरी प्रतिवेदन मार्फत ऋणपत्रका लगानीकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउने तथा उक्त प्रतिवेदन बैंकको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाईएको छ। जस अनुसार ऋणपत्र निष्काशन गर्दा बखत अवलम्बन गरिएको Green Bond Framework को अधिनमा रहि लगानी गरिएको जलविद्युत् तथा शौर्य उर्जा परियोजनाहरुबाट तल उल्लेख भए बमोजिम करिब २३ हजार ५ सय ८० टन बराबरको Green House Gas (GHG) न्यूनिकरण गर्न सहयोग गर्ने अनुमान गरिएको छ।

नेपाल सरकारले अवलम्बन गरेको दिगो विकासको लक्ष्य तथा Second Nationally Determined Contribution (NDC) अनुरूप सन् २०४५ सम्म Net Zero Emission हासिल गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुऱ्याउने उद्देश्यले हरित क्षेत्रका परियोजनाहरुमा लगानी विस्तार गर्ने विषय बैंकको रणनीतिमा समेत समावेश भएको सन्दर्भमा बैंकले अन्तर्राष्ट्रिय वित्त बजारबाट Green Finance Taxonomy तथा ICMA (International Capital Market Association) लगायतका सर्वमान्य सिद्धान्तहरु अनुकुल हुने परियोजनामा लगानीका लागि कम लागतको दिर्घकालीन स्रोत प्राप्त गर्न Green Climate Fund (GCF) को Accredited Entity हुने प्रकृयाको दोस्रो चरणमा प्रवेश गरेको छ। यो प्रकृया सम्पन्न गरे पश्चात् बैंकको पहुँच हरित क्षेत्रलाई प्रर्वद्धन एवं वित्त पोषण गर्ने मुख्य उद्देश्यका साथ स्थापित विभिन्न कोष तथा लगानीकर्ताहरु समेत सम्म विस्तार हुने अपेक्षा गरिएको छ।

यसैगरी नेपाल राष्ट्र बैंकद्वारा जारी Green Finance Taxonomy तथा ICMA लगायतका अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विगतमा जारी गरिएको रु. ५ अर्ब बराबरको "निफ्रा हरित ऊर्जा ऋणपत्र ६%-२०८८/८९" सम्बन्धी प्रगति विवरण नियमित रुपमा Second Party Opinion (SPO) एवं लगानीकर्ता र नियामकीय निकायहरुलाई पेश गर्ने गरिएको छ।

| ऊर्जा प्रकार | मेगावाट | (रु. दश लाखमा) | | अनुमानित वार्षिक ऊर्जा उत्पादन (MWh) | अनुमानित GHG उत्सर्जनबाट बच्न सकियो (tCO2e) |
|---|---|---|---|---|---|
| | | प्रतिबद्ध रकम | छुट्याइएको रकम | | |
| जलविद्युत् | ५५.३० | ४,६९५.०० | २५०.०० | ३,०१,०३६.७२ | ३,४७५.१७ |
| सौर्य | १६६.५० | ३,३५०.०० | १,६८८.१२ | २,९९,२९९.६४ | २०,१०४.९६ |
| **जम्मा** | **२२१.८०** | **८,०४५.००** | **१,९३८.१२** | **६,००,२४५.३६** | **२३,५८०.१३** |

छ) **गुनासो सुनुवाइ**

आफ्ना ग्राहक एवं सरोकारवालाहरुसँग कुनै गुनासाहरु भएमा त्यस्ता गुनासाहरुलाई विभिन्न माध्यमबाट दर्ता गर्न एवं सूचनाहरु प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। गुनासो पेटिकामा सोझै गुनासोको विवरण राखि वा ईमेल अथवा टेलिफोन मार्फत गुनासो सुनुवाई अधिकृत वा सूचना अधिकारीलाई आफ्नो गुनासो पेश गर्ने वा सूचना दिन सक्ने व्यवस्था मिलाईएको छ । यस प्रयोजनको लागि निम्न अधिकारीहरुको फोन वा इमेल मार्फत आफ्ना गुनासो वा सुझाव पेश गर्न सकिने व्यवस्था गरिएको छ।

**सूचना अधिकारी:**

नाम : सुवर्ण कुमार सिंह
फोन नं. : ०१-४७९६४०२, Ext: १६०
इमेल : suwarn.singh@nifrabank.com, information.officer@nifrabank.com

**गुनासो सुनुवाइ अधिकारी:**

नाम : जीवनाथ सापकोटा
फोन नं. : ०१-४७९६४०२, Ext: १५२
इमेल : jeeva.sapkota@nifrabank.com

## २६) शेयरधनीहरुले दिएका सुझावहरुको कार्यान्वयन

आदरणीय शेयरधनी महानुभावहरुले प्रत्यक्षरुपमा वा विभिन्न माध्यमबाट दिनुभएका सुझावहरु बैंकले अनुसरण गर्ने गरेको छ। बैंकको व्यवसायिक गतिविधि एवं भावी योजनाहरुमा केन्द्रित भई प्राप्त हुने सुझावहरु बैंकले गहन रुपमा विश्लेषण गरी तीनको आवश्यक सम्बोधनको लागि सम्भव भए सम्मको प्रयास गर्ने गरेको छ।

**धन्यवाद ज्ञापन**

अन्त्यमा, बैंकको स्थापनाकाल देखि हालसम्मको यात्रा एवं प्रगतिमा सदैव साथ दिनुहुने आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, ग्राहक महानुभावहरू, लेखापरीक्षकहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुबाट प्राप्त सहयोग तथा मार्गदर्शनको लागि सञ्चालक समितिको तर्फबाट म हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यसैगरी यहाँहरूको साथ र सहयोग पाईरहने विश्वास सहित आजको वार्षिक साधारण सभामा उपस्थित हुनु भएको यहाँहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

**सञ्चालक समितिको तर्फबाट**
**महेश प्रसाद दहाल**
**अध्यक्ष**



# ७औं वार्षिक साधारण सभाका झलकहरु

















NIFRA
सातौं वार्षिक साधारण सभा
Seventh Annual General Meeting



NIFRA
Nepal Infrastructure Bank Ltd.



**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# प्रमुख कार्यकारी अधिकृत, श्री कृष्ण बहादुर अधिकारीको भनाई

**आदरणीय शेयरधनी महानुभावहरु,**

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको आठौं साधारण सभामा यस बैंकको विषयमा आफ्नो कुरा राख्न पाउँदा म गौरवान्वीत भएको छु। यस अवसरमा बैंक प्रति निरन्तर विश्वास, मार्गदर्शन र सहयोग प्रदान गर्नुहुने आदरणीय शेयरधनी महानुभावहरु, सञ्चालक समितिका सदस्यहरु, नियामक निकायहरु, ग्राहकवर्ग, लगानीकर्ता, ऋणदाता, व्यवसायिक साझेदार तथा सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।**

यहाँहरु सबैमा विदितै छ, मुलुकको एक मात्र पूर्वाधार विकास बैंकको रुपमा बैंकले आफ्नो व्यवसायिक गतिविधि सञ्चालन गरेको कम समयमै बैंकले ६० अर्वको भन्दा बढी कर्जा स्वीकृती गरिसकेको विषय पूर्वाधारमा मात्र केन्द्रित भई लगानी गर्ने संघ संस्थाको तुलनामा आफैमा राम्रो उपलब्धि रहेको विषय हामीलाई लाग्दछ। यो पर्याप्त छैन भन्ने विषयमा हामी निरन्तर चिन्तित छौं र यसको आकारमा गुणात्मक वृद्धि गर्न पूर्वाधार क्षेत्रसँग तादम्यता राख्ने सफल अभ्यासहरु अवलम्बन गरी बैंकले आफ्नो कार्यगत तथा रणनीतिक दिशा तय गरी लागू गरी सकेको अवस्थामा आगामी वर्षहरुको वित्तीय सुचाङ्कहरुमा सोको नतिजा देखिन्छ नै भन्ने विषयमा म यँहाहरुलाई विश्वस्त बनाउन चाहन्छु।

समीक्षा वर्ष नेपालको अर्थतन्त्रका लागि चुनौती र अवसर दुबै रहेको वर्ष रहयो। ऐतिहासिक रुपमा निरन्तर घट्दो ब्याजदरको बाबजुद पनि लगानीको मागमा उत्साह नथपिनु, परियोजना कार्यान्वयनमा देखिएका चुनौती तथा विश्वव्यापी आर्थिक अनिश्चितताबीच हामीले सम्भव भएसम्मका प्रयासहरु निरन्तर गरिनै राख्यौं। जसको फलस्वरुप हामीले समग्र बैंक तथा वित्तीय संस्थाको औषत वृद्धिको तुलनामा आफ्नो कर्जा उल्लेख्य रुपमा (अर्थात् २६ प्रतिशत) वृद्धि गर्न सफल भयौं।

समीक्षा अवधि कर्जा विस्तारको दृष्टिकोणले जति चुनौतीपूर्ण थियो त्यति नै कर्जाहरुलाई सक्रिय वर्गमा राखी बैंकको कुल खराब कर्जालाई विगतका वर्षहरु झै करिब शून्यमा राख्ने विषय हाम्रा लागि महत्वपूर्ण थियो। बैंकमा विद्यमान रहेको कर्जा मुल्याङ्कन, स्वीकृती र अनुगमन सम्बन्धी व्यवस्था र सक्षम जनशक्ति मार्फत हामीले यी दुबै विषयमा अपेक्षित नतिजा हासिल गर्न सफल भयौं जस्तो हामीलाई लाग्दछ।

यहाँहरुमा विदितै छ, बैंकले आ.व. २०८१/८२ मा आफ्नो व्यवसायिक योजना र स्वीकृत वार्षिक बजेट बमोजिमको कर्जा लगानी विस्तार गर्न आवश्यक पर्ने स्रोत तत्कालिन अवस्थामा स्रोतको लागत कम भएको अवस्थालाई अवसरको रुपमा लिएर रु. ११ अर्ब ९३ करोड थप संकलन गरेको थियो। तर सो आर्थिक वर्ष र गत वर्षमा पनि मुलुक भित्र भएका विभिन्न घटनाक्रमहरुले समग्र अर्थतन्त्रका गतिविधिहरुलाई अपेक्षित रुपमा चलायमान बनाउन नसकेको अवस्थामा हामीलाई सोही रकम कर्जामा परिचालन गर्न चुनौती भईरह्यो।

समग्र बैंकिङ्ग क्षेत्रमा लगानी योग्य रकम अत्याधिक मात्रामा जम्मा भएको कारणले निक्षेपको ब्याजदर निरन्तर रुपमा घट्न गई बैंकहरुको आधार दर तल झरि रह्यो, जसले कर्जाको ब्याजदर समेतलाई निकै तल्लो बिन्दु सम्म पुर्‍यायो। बजारमा भएको घट्दो ब्याजदरले एकातर्फ हाम्रा लगानीका प्रतिफललाई सारभुत रुपमा घटायो भने अर्को तर्फ संकलन गरिएका दिर्घकालीन स्रोतहरुको लागत स्थिर भएको कारणले कर्जा तुलनात्मक रुपमा विस्तार गरेता पनि प्रक्षेपित मुनाफा हासिल हुन सकेन। यद्यपी कर्जामा भएको विस्तारले हाम्रो मुनाफालाई केही हदसम्म व्यवस्थापन गर्न सहयोग गर्‍यो। बैंकको मुनाफामा बढोत्तरी गर्दै शेयरधनीहरुको लाभाशंको दर नियमित बढाउदै लैजानुपर्छ भन्ने विषयमा कुनै द्बिविधा छैन। यद्यपी कुनै विशेष कारणले कुनै वर्ष सोमा कमी आउन सक्छ तर सो कमीलाई आगामी वर्षहरुमा परिपुर्ति गर्नुपर्छ भन्ने हामीले गम्भीरताका साथ मनन गरी चालु आ.व.को वार्षिक कार्ययोजना तय गरी कार्यान्वयनमा ल्याएका छौं। मलाई विश्वास छ हामीले आगामी साधारण सभामा हजुरहरु माझ अहिलेको भन्दा सुधारिएको नतिजा प्रस्तुत गर्ने छौं।

आर्थिक वर्ष २०८१/८२ मा रु. ५ अर्व बराबरको नेपालको पहिलो सार्वजनिक हरित ऋणपत्र जारी गर्नु बैंकको महत्वपुर्ण उपलब्धि रह्यो जसबाट नवीकरणीय हरित उर्जा परियोजनामा दीर्घकालीन पुँजी परिचालन गर्ने आधार तयार भएको छ। यस पहललाई संस्थाको दिगो वित्तीय रणनीतिको महत्वपुर्ण आधारका रुपमा अघि बढाउँदै हरित तथा वातावरणमैत्री पूर्वाधारमा वित्तीय स्रोत परिचालनको सम्भावनालाई थप विस्तार गर्ने दिशामा बैंक केन्द्रित रहेको छ। यस उपलब्धिले नेपालको पुँजी बजारमा हरित लगानीका अवसर विस्तार गर्नुका साथै वित्तीय विकासलाई वातावरणीय दिगोपनसंग जोड्ने बैंकको प्रतिबद्धतालाई थप सुदृढ गरेको हामीलाई सहशुस भएको छ। बढ्दो जलवायु परिवर्तनका कारण मुलुकमा विगत केही वर्षदेखि निरन्तर देखिएको प्राकृतिक विपत्तीले पूर्वाधार क्षेत्रको लगानीमा उल्लेख्य जोखिम थपेको सन्दर्भमा यस प्रकृतिका स्रोतले जलवायु अनुकुलता बढाउने र जलवायुजन्य जोखिम न्यूनिकरण गर्ने तथा वातावरणीय सामाजिक पक्ष र दीर्घकालीन दिगोपनालाई थप योगदान पुर्‍याउने छ भन्ने आशाका साथ हामीले यस विषयलाई महत्वका साथ अगाडी बढाएका छौं।

समग्र अर्थतन्त्र र पछिल्लो समयमा मुलुकले देखे-भोगेको चुनौतीका बाबजुद पनि नेपालको आर्थिक सम्भावना उत्साहजनक छ । जलविद्युत् तथा विद्युत् निर्यात, पर्यटन, सूचना प्रविधि तथा सहरी पूर्वाधार र उत्पादनमुलक क्षेत्र नेपालको आगामी आर्थिक वृद्धिका महत्वपूर्ण आधार बन्न सक्नेछन् । विपदपछिको पुनर्निर्माणलाई "**अझ राम्रो र सुरक्षित पुनर्निर्माण**" को अवधारणा अनुरुप सुरक्षित, दिगो तथा जलवायु अनुकूलनयुक्त पूर्वाधार निर्माणको अवसरका रुपमा उपयोग गर्न सकिन्छ।

आगामी दिनमा बैंकले उर्जा, यातायात तथा ढुवानी, पर्यटन, सूचना प्रविधि तथा सहरी पूर्वाधार लगायत उच्च सम्भावनायुक्त क्षेत्रमा दीर्घकालीन पुँजी परिचालन गर्दै सार्वजनिक निजी साझेदारी (PPP), नवीन वित्तीय उपकरण तथा दिगो वित्तीय प्रणालीको प्रयोगलाई थप विस्तार गर्नेछ । हरित ऋणपत्रबाट प्राप्त अनुभवलाई संस्थाको दीर्घकालीन पुँजी, संस्थागत सुशासन तथा वातावरणीय, सामाजिक र सुशासनसम्बन्धी मापदण्डलाई उच्च प्राथमिकतामा राखिनेछ।

अन्त्यमा, नेपालको पूर्वाधार विकासमा दीर्घकालीन वित्तीय साझेदारका रुपमा बैंकको भूमिका अझ सुदृढ बनाउने हाम्रो प्रतिवद्धता रहेको छ। सुरक्षित, दिगो, जलवायु अनुकुलनयुक्त र समावेशी पूर्वाधारमार्फत नेपालको आर्थिक समृद्धिमा योगदान पुर्‍याउनुनै हाम्रो साझा लक्ष्य हो । यहाँहरुको निरन्तर विश्वास, सहयोग र सहकार्यबाट नेपाल ईन्फ्रास्ट्रक्चर बैंक लिमिटेड आगामी दिनमा अझ सवल र प्रभावकारी संस्थाका रुपमा अघि वढ्ने विश्वास लिएको छु।

धन्यवाद।

**कृष्ण बहादुर अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत**

केन्द्रिय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ०१-४७१९६४१/४२
Site: www.nrb.org.np
Email: bsdoffsite@nrb.org.np
पोष्ट बक्स:७३

# नेपाल राष्ट्र बैंक

## बैंक सुपरिवेक्षण विभाग

प.सं: बै.सु.वि./अफसाइट/एजिएम/०४/२०८३-०८४
च.नं. : १३२

मिति: २०८३/०५/२५

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड,
नया बानेश्वर, काठमाडौं ।

**विषय: लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्वन्धमा ।**

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातहरुका आधारमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, सोही ऐनको उपदफा (१) बमोजिम बैंकले आ.व.२०८२/०८३ को सञ्चित मुनाफा रु.१,५७,०१,८८,९७३.०० (अक्षरेपी एक अर्ब सन्ताउन्न करोड एक लाख अठासी हजार नौं सय त्रिहत्तर रुपैया मात्र) बाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.२१,६०,००,००,०००.०० को ५.२६३२ प्रतिशतले हुने रकम रु.१,१३,६८,५१,२००.०० (अक्षरेपी एक अर्ब तेह्र करोड अठसठ्ठी लाख एकाउन्न हजार दुई सय रुपैया मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनका लागि समेत) अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व.२०८२/०८३ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायको निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्णरुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने आवश्यक व्यवस्था मिलाउनुहुन ।
२. यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र तथा प्रचलित कानूनी व्यवस्थाहरुको पूर्णरुपमा परिपालना गरेर मात्र लाभांश वितरण गर्नुहुन ।

उपरोक्त निर्देशनहरुलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नुहुन ।

भवदीय,

(जगिना श्रेष्ठ)
सहायक निर्देशक

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग, प्रतिवेदन कार्यान्वयन इकाई ।

**बैंकको आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंकबाट दिईएको निर्देशन उपर व्यवस्थापनको जवाफः**

लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न एवम् पुनः नदोहोरिने गरी आवश्यक व्यवस्था मिलाइएको छ। त्यसैगरी अन्य निर्देशनको हकमा तोकिए बमोजिम हुनको लागि समेत आवश्यक व्यवस्था मिलाईएको छ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण

(नियम २६ को उपनियम २ संग सम्बन्धित)

१. **संचालक समितिको प्रतिवेदन:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

२. **लेखापरीक्षकको प्रतिवेदन:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

४. **कानूनी कारवाही सम्वन्धी विवरण**

(क) आर्थिक वर्षमा संगठित संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए ।

- बैंकले आर्थिक वर्ष २०७४/७५ का लागि गरेको स्वयं कर निर्धारणभन्दा बढी ठूला करदाता कार्यालय (LTO) ले गरेको अतिरिक्त आयकर निर्धारणको सम्बन्धमा सर्वोच्च अदालतमा पूनरावेदन विचाराधीन रहेको । यस बाहेक संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा दायर मुद्धा ।

- यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर भएको भए ।

- यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

- नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्डको सुपरिवेक्षणमा संचालित भएको हुनाले यस सम्बन्धमा व्यवस्थापनको कुनै धारणा नभएको ।

(ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कूल कारोवार भएको दिन र कूल कारोवार भएको शेयर संख्याको विवरण देहाय वमोजिम रहेको छ ।

| त्रैमास | अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कूल कारोवार शेयर संख्या (हजारमा) | कूल कारोवार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक (असोज मसान्त २०८२) | ३२८.१० | २४९.९० | २६४.४० | १७,१७० | ५१ |
| दोस्रो त्रैमासिक (पौष मसान्त २०८२) | २९४.३० | २५५.९० | २६०.०० | ७,२२४ | ५५ |
| तेस्रो त्रैमासिक (चैत्र मसान्त २०८२) | २९९.०० | २५१.२० | २६७.८० | १२,६१६ | ५३ |
| चौथौं त्रैमासिक (आषाढ मसान्त २०८३) | २७८.०० | २४०.०० | २४५.६० | ४,३६० | ६४ |

६. **समस्या तथा चुनौती:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

७. **संस्थागत सुशासन:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सूचीकृत संगठित संस्थाको नाम | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड |
| ठेगाना, इमेल र वेबसाइट | काठमाण्डौ-१०, वानेश्वर<br>Email: info@nifrabank.com<br>Website: www.nifrabank.com |
| फोन नं. | ०१-४७९०८१८, ०१-४७९४१९७ |
| प्रतिवेदन पेश गरिएको आ.व. | आ.व. २०८२/८३ |

## १. सञ्चालक समिति सम्बन्धी विवरण

**(क) सञ्चालक समितिका अध्यक्ष:**

नाम : श्री महेश प्रसाद दहाल (स्वतन्त्र संचालक)

नियुक्ति मिति: २०८३/०२/२८

**(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य):**

संस्थापक: ६० प्रतिशत

सर्वसाधारण: ४० प्रतिशत

**(ग) सञ्चालक समिति सम्बन्धी विवरण:** (२०८३ आषाढ मसान्त)

| क्र.सं. | संचालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको सपथ लिएको मिति | संचालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री महेश प्रसाद दहाल, अध्यक्ष | स्वतन्त्र | - | २०८३/०२/२८ | २०८३/०२/२९ | सञ्चालक समितिबाट नियुक्त |
| २ | श्री महेश आचार्य (प्रतिनिधि अर्थ मन्त्रालय, नेपाल सरकार), सदस्य | संस्थापक | २,१६,००,००० | २०८३/०३/१७ | २०८३/०३/१७ | नेपाल सरकारबाट मनोनीत |
| ३ | श्री सुरेन्द्र राज रेग्मी (प्रतिनिधि, ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड), सदस्य | संस्थापक | १,१८,२६,००० | २०८३/०२/१३ | २०८३/०२/१३ | ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड बाट मनोनीत |
| ४ | श्री दिपक कुमार अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड) | संस्थापक | १६,२०,००० | २०८३/०२/२७ | २०८३/०२/२७ | विशाल ग्रुप लिमिटेड बाट मनोनीत |
| ५ | श्री विशाल उप्रेती (प्रतिनिधि इमर्जिङ्ग नेपाल लिमिटेड), सदस्य | संस्थापक | २७,००,००० | २०८२/०८/२२ | २०८२/०८/२२ | इमर्जिङ्ग नेपाल लिमिटेडबाट मनोनीत |
| ६ | श्री अनिता रायमाझी, सदस्य | सर्वसाधारण | १,००० | २०८२/१२/०३ | २०८२/१२/०३ | सञ्चालक समितिबाट नियुक्त |
| ७ | डा.श्री मनिष थापा, सदस्य | सर्वसाधारण | १०० | २०८२/०८/२३ | २०८२/०८/२३ | निर्वाचन |

**(घ) सञ्चालक समितिको बैठक**

- सञ्चालक समितिको बैठक संचालन सम्बन्धी विवरण:

| क्र.सं. | आ.व.२०८२/८३ मा बसेको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | आ.व.२०८१/८२ मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०८२।०४।१६ | ५ | नरहेको | २०८१।०४।०२ |
| २ | २०८२।०५।१९ | ५ | ऐ.ऐ. | २०८१।०४।३० |
| ३ | २०८२।०६।२४ | ५ | ऐ.ऐ. | २०८१।०५।०२ |
| ४ | २०८२।०८।०१ | ६ | ऐ.ऐ. | २०८१।०५।१८ |
| ५ | २०८२।०८।२२ | ७ | ऐ.ऐ. | २०८१।०५।२८ |
| ६ | २०८२।०८।२३ | ७ | ऐ.ऐ. | २०८१।०६।१५ |
| ७ | २०८२।०८।२६ | ६ | ऐ.ऐ. | २०८१।०७।१३ |
| ८ | २०८२।१०।२६ | ७ | ऐ.ऐ. | २०८१।०८।०९ |

| क्र. सं. | यस आ.व. मा बसेको संचालन समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| ९ | २०८२।११।०७ | ६ | ऐ.ऐ. | २०८१।०८।२१ |
| १० | २०८२।१२।०३ | ७ | ऐ.ऐ. | २०८१।०९।०५ |
| ११ | २०८२।१२।१७ | ५ | ऐ.ऐ. | २०८१।०९।०७ |
| १२ | २०८३।०१।०७ | ७ | ऐ.ऐ. | २०८१।०९।०९ |
| १३ | २०८३।०१।१७ | ६ | ऐ.ऐ. | २०८१।०९।२६ |
| १४ | २०८३।०२।०४ | ६ | ऐ.ऐ. | २०८१।१०।२९ |
| १५ | २०८३।०२।१३ | ६ | ऐ.ऐ. | २०८१।११।०६ |
| १६ | २०८३।०२।२६ | ६ | ऐ.ऐ. | २०८१।११।२१ |
| १७ | २०८३।०२।२७ | ६ | ऐ.ऐ. | २०८१।१२।१४ |
| १८ | २०८३।०२।२८ | ६ | ऐ.ऐ. | २०८१।१२।२२ |
| १९ | २०८३।०३।१७ | ६ | ऐ.ऐ. | २०८२।०१।०७ |
| २० | २०८३।०३।२२ | ७ | ऐ.ऐ. | २०८२।०१।२२ |
| २१ | | - | ऐ.ऐ. | २०८२।०१।३० |
| २२ | | - | ऐ.ऐ. | २०८२।०२।२१ |
| २३ | | - | ऐ.ऐ. | २०८२।०२।२९ |
| २४ | | - | ऐ.ऐ. | २०८२।०३।१९ |

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरणः
  - स्थगित नभएको
- संचालक समितिको बैठक सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने)ः | अनुसूची १ मा उल्लेखित गरिएको |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेकोः | राख्ने गरिएको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) ः | ५९ |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मितिः | २०७९/०८/१० |
| सञ्चालक समितिको प्रति वैठक भत्ता रु. | अध्यक्ष रु.१५,००० र सदस्य रु.१२,००० |
| आ.व.को संचालक समितिको कूल बैठक खर्च रु<br>(संचालक सम्मिलित समितिको कूल बैठक खर्च) | रु. १९,०२,०००/-<br>- |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरणः

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको ः | भएको। |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण ः | नभएको |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूनर्ताजगी कार्यक्रम सम्बन्धी विववरण ः | |
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरणः<br>■ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,<br>■ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,<br>■ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,<br>■ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण। | जानकारी गराएको |

| | |
|---|---|
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरणः | ग्लोबल आइ.एम.ई. बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक श्री सुरेन्द्र राज रेग्मी सोही बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत रहनु भएको |
| संचालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण | नगरिएको |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण :

(क) **जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारण** : गठन भएको

(ख) **जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारीः**

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको व्यवस्था बमोजिम बैंकले सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ । यस समितिले मुलतः बैंकले सामना गर्ने जोखिमको पहिचान गरी सोको मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङ्का लागि जोखिम व्यवस्थापन संरचना तयार गर्ने गर्दछ ।

अ) **समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**

२०८३ आषाढ मसान्तमाः

| | |
|---|---|
| संयोजक श्री सुरेन्द्र राज रेग्मी | संयोजक |
| सञ्चालक श्री विशाल उप्रेती | सदस्य |
| सञ्चालक श्री दिपक कुमार अग्रवाल | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख, स्रोत तथा सञ्चालन व्यवस्थापन) | सदस्य |
| प्रमुख जोखिम तथा अनुपालन अधिकृत | सदस्य सचिव |

आ) **समितिको बैठक संख्या** : आ.व. २०८२/८३ मा समितिको ६ वटा बैठक सम्पन्न भएको ।

(इ) **समितिको कार्य सम्बन्धी छोटो विवरण** :

विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने गरिएको । व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने गरिएको छ । समितिले व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई ऐन, नियमावली र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम भए/गरेका काम कारवाही उपर छलफल गरी सञ्चालक समितिमा आवश्यक राय, सुझाव पेश गर्ने गरिएको छ ।

(ग) **आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको** : भएको

(घ) **आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारणः**
आवश्यकता अनुसार गठन गर्ने गरिएको ।

(ङ) **आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरणः**

बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन निम्न बमोजिमका सञ्चालक स्तरीय समितिहरु गठन गरेको छ । यसका अतिरिक्त व्यवस्थापन स्तरका विभिन्न समितिहरु रहेका छन् ।

(अ) **समितिको संरचना** (२०८३ आषाढ मसान्त) **संयोजक तथा सदस्यहरुको नाम तथा पद :**

१. **कर्मचारी सेवा सुविधा समिति**

| | |
|---|---|
| सञ्चालक डा. श्री मनिष थापा | संयोजक |
| सञ्चालक श्री अनिता रायमाझी | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख, स्रोत तथा सञ्चालन व्यवस्थापन) | सदस्य |
| जनशक्ति तथा प्रशासन विभाग प्रमुख | सदस्य सचिव |

२. **लेखापरीक्षण समिति**

| | |
|---|---|
| सञ्चालक श्री विशाल उप्रेति | संयोजक |
| सञ्चालक श्री दिपक कुमार अग्रवाल | सदस्य |
| इन्चार्ज (In-Charge) आन्तरिक लेखापरीक्षण | सदस्य सचिव |

३. **जोखिम व्यवस्थापन समिति**

| | |
|---|---|
| सञ्चालक श्री सुरेन्द्र राज रेग्मी | संयोजक |
| सञ्चालक श्री विशाल उप्रेती | सदस्य |
| सञ्चालक श्री दिपक कुमार अग्रवाल | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख, स्रोत तथा सञ्चालन व्यवस्थापन) | सदस्य |
| प्रमुख जोखिम तथा अनुपालन अधिकृत | सदस्य सचिव |

४. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति**

| | |
|---|---|
| सञ्चालक श्री महेश आचार्य | संयोजक |
| सञ्चालक डा. श्री मनिष थापा | सदस्य |
| सञ्चालक श्री अनिता रायमाझी | सदस्य |
| प्रमुख जोखिम तथा अनुपालन अधिकृत | सदस्य सचिव |

(आ) **समितिको बैठक संख्या**

| | |
|---|---|
| कर्मचारी सेवा सुविधा समिति | : २ |
| लेखापरिक्षण समिति | : ५ |
| जोखिम व्यवस्थापन समिति | : ६ |
| सम्पत्ति शुद्धिकरण समिति | : १ |

(इ) **समितिको कार्य सम्बन्धी छोटो विवरण :**

**कर्मचारी सेवा सुविधा समिति :**

संस्थाको कर्मचारीसँग सम्बन्धित विषयहरुको समीक्षा, तलव/भत्ता तथा सुविधाहरुको पुनरावलोकन लगायतका विषयहरुमा आवश्यकता अनुसार छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समिति समक्ष आफ्नो राय सहित प्रतिवेदन पेश गर्ने ।

**लेखापरिक्षण समिति :**

संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समिति समक्ष आफ्नो राय सहित प्रतिवेदन पेश गर्ने र समय समयमा नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**जोखिम व्यवस्थापन समिति :**

विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने एवं संचालक समिति र नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**सम्पत्ति शुद्धीकरण निवारण समिति :**

सम्पत्ति शुद्धीकरण जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने एवं संचालक समिति र नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**(च) आर्थिक प्रशासन विनियमावली भए/नभएको** : भएको

## ४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

**(क) सूचना सार्वजनिकको विवरण**

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सुचना | राष्ट्रिय दैनिक पत्रिका तथा बैंकको वेबसाइटमा राख्ने गरिएको । | २०८३/०६/०२ |
| विशेष साधारण सभाको सुचना | नभएको | |
| वार्षिक प्रतिवेदन | बैंकको वेबसाइटमा राख्ने तथा बार्षिक प्रतिवेदन छपाई गरी वितरण गर्ने गरिएको । | |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय दैनिक पत्रिका | प्रत्येक त्रैमासिक समाप्त भएको ७ दिनभित्र । |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | नेपाल स्टक एक्सचेन्ज - पत्र तथा विद्युतिय माध्यमबाट जानकारी गराएको | सोही दिन वा भोलिपल्ट (नेपाल स्टक एक्सचेन्जमा कारोबार शुरु हुनुपूर्व ।) |
| सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसारको सूचना | राष्ट्रिय दैनिक पत्रिका | त्रैमासिक रुपमा प्रकाशन गर्ने गरिएको । |
| ब्याजदर सम्बन्धी विवरण | राष्ट्रिय दैनिक पत्रिका | त्रैमासिक रुपमा प्रकाशन गर्ने गरिएको । |

**(ख) सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी :** नभएको

**(ग) पछिल्लो वार्षिक साधारण सभा सम्पन्न भएको मिति :** २०८२/०८/२३

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

**(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृति विकाश, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको:** भएको

**(ख) सांगठनिक संरचना संलग्न गर्ने :** अनुसूची २ अनुसार बैंकको वेवसाइटमा राखिएको

**(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

| सि.नं. | कर्मचारीको नाम | तह | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | श्री कृष्ण बहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत | ई.एम.बि.ए., एम.बि.ए. | ३० वर्ष भन्दा माथि |
| २. | श्री सुर्य बहादुर तामाङ्ग | सहायक प्रमुख कार्यकारी अधिकृत | ई.एम.बि.ए. | ३६ वर्ष भन्दा माथि |
| ३. | श्री बिनय नाथ न्यौपाने | सहायक प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए. | ३३ वर्ष भन्दा माथि |
| ४. | श्री सुवर्ण कुमार सिंह | कार्यकारी भाइस प्रेसिडेन्ट | ई.एम.बि.ए., एम.एस्सी आईटी | २१ वर्ष भन्दा माथि |
| ५. | श्री रविन श्रेष्ठ | कार्यकारी भाइस प्रेसिडेन्ट | एम. बि. एस. | २४ वर्ष भन्दा माथि |

**(घ) कर्मचारी सम्बन्धी अन्य विवरण**

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | अन्तर्वार्ता |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या (करार समेत): | १२ |
| कुल कर्मचारीको संख्या (करार समेत): | २९ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | भएको |
| आ. व. मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मेलित कर्मचारीको संख्या (एक भन्दा बढी पटक समेत): | तालिम संख्या-५७<br>सम्मिलित कर्मचारीको संख्याः-१८५ |
| आ. व. को कर्मचारी तालिम खर्च रु : | रु. ४२,०२,१२८/- |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ५१.२५% |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत : | ५.३७% |

## ६. संस्थाको लेखा तथा लेखापरिक्षण सम्बन्धी विवरण

### (क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व.को वित्तिय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण : | NFRS अनुसार तयार गरेको |
| संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मितिः | २०८३/०५/१४ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | २०८३/०४/०७ |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | २०८३/०४/१४ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत हुने मिति : | २०८३/०६/२३ |
| **संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण :** | |
| (अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | वाह्य विज्ञ नियुक्त गर्ने गरिएको |
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सो को विवरण | SAR Associates, Chartered Accountants |
| (इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक,चौमासिक वा अर्धवार्षिक) | त्रैमासिक |

### (ख) लेखापरीक्षण समिति सम्बन्धी विवरण

संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यताः

| पदाधिकारी | नाम | पद | योग्यता |
|---|---|---|---|
| सञ्चालक | श्री विशाल उप्रेती | संयोजक | MBS, LLB, CA |
| सञ्चालक | श्री दिपक कुमार अग्रवाल | सदस्य | MPhil, MBA (Executive), CA |
| इन्चार्ज (In-charge), आन्तरिक लेखापरीक्षण | श्री मन्जिल मान श्रेष्ठ | सदस्य सचिव | MBA |

बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या :

| बैठक बसेको मिति | उपस्थित सदस्य संख्या |
|---|---|
| २०८२/०४/२३ | २ |
| २०८२/०६/१० | २ |
| २०८२/०७/२५ | २ |
| २०८२/१०/२५ | ३ |
| २०८३/०१/१४ | ३ |

प्रति सञ्चालक/प्रति बैठक भत्ता रु : १२,०००/-

लेखापरिक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन संचालक समितिमा पेश गरेको मिति : समय समयमा प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने गरेको । लेखापरिक्षण समितिको पछिल्लो प्रतिवेदन मिति २०८२/११/०७ मा बसेको सञ्चालक समितिको बैठकमा पेश गरिएको ।

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति बैंङक तथा बित्तीय संस्थाबाट ऋण वा सापटी अन्य कुनै रुपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानुन बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सुचिकृत संगठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति,फर्म,कम्पनी,कर्मचारी,सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पति कुनै भोगचलन गरे/नगरेको | नगरेको |
| नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |
| संस्था वा संचालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | तल उल्लेख भए बाहेक कुनै मुद्दा नरहेको* |

*बैंकले आर्थिक वर्ष २०७४/७५ का लागि गरेको स्वयं कर निर्धारणभन्दा बढी ठूला करदाता कार्यालय (LTO) ले गरेको अतिरिक्त आयकर निर्धारणको सम्बन्धमा सर्वोच्च अदालतमा पूनरावेदन विचाराधीन रहेको ।

अनुपालना अधिकृतको नाम : सुवर्ण कुमार सिंह

पद : कार्यकारी भाइस प्रेसिडेन्ट

मितीः २०८३/०५/३०

संस्थाको छापः

प्रतिवेदन संचालक समितीबाट स्वीकृत मिती : २०८३/०६/०१

## अनुसूची : १

### सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित नभएको विवरण :

| क्र.सं. | संचालक समितिको बैठकको मिति | सञ्चालकको नाम | कारण |
|---|---|---|---|
| १ | २०८२।०४।१६ | प्रतिनिधि अर्थ मन्त्रालय, नेपाल सरकार र प्रतिनिधि इमर्जिङ्ग नेपाल लिमिटेड | प्रतिनिधि संस्थाहरुबाट मनोनयन प्राप्त नभएको । |
| २ | २०८२।०५।१९ | प्रतिनिधि अर्थ मन्त्रालय, नेपाल सरकार र प्रतिनिधि इमर्जिङ्ग नेपाल लिमिटेड | प्रतिनिधि संस्थाहरुबाट मनोनयन प्राप्त नभएको । |
| ३ | २०८२।०६।२४ | प्रतिनिधि अर्थ मन्त्रालय, नेपाल सरकार र प्रतिनिधि इमर्जिङ्ग नेपाल लिमिटेड | प्रतिनिधि संस्थाहरुबाट मनोनयन प्राप्त नभएको । |
| ४ | २०८२।०७।०२ | प्रतिनिधि इमर्जिङ्ग नेपाल लिमिटेड | प्रतिनिधि संस्थाबाट मनोनयन प्राप्त नभएको । |
| ५ | २०८२।०८।२६ | श्री महेश प्रसाद दहाल | सञ्चालक समितिलाई पूर्व जानकारी दिई आफ्नो काम विशेषले उपस्थित हुन नसक्नु भएको । |
| ६ | २०८२।११।०७ | श्री लिमा अधिकारी आचार्य | सञ्चालक समितिलाई पूर्व जानकारी दिई आफ्नो काम विशेषले उपस्थित हुन नसक्नु भएको । |
| ७ | २०८२।१२।१७ | श्री महेश प्रसाद दहाल<br>श्री सुमन पोखरेल | सञ्चालक समितिलाई पूर्व जानकारी दिई आफ्नो काम विशेषले उपस्थित हुन नसक्नु भएको । |
| ८ | २०८३।०२।०४ | श्री अमृत लम्साल | कार्य व्यस्तताको कारण जानकारी गराउदै बैठकमा उपस्थित हुन नसक्नु भएको । |
| ९ | २०८३।०२।१३ | श्री अमृत लम्साल | कार्य व्यस्तताको कारण जानकारी गराउदै बैठकमा उपस्थित हुन नसक्नु भएको । |
| १० | २०८३।०२।२६ | श्री अमृत लम्साल | कार्य व्यस्तताको कारण जानकारी गराउदै बैठकमा उपस्थित हुन नसक्नु भएको । |
| ११ | २०८३।०२।२७ | श्री अनुज अग्रवाल<br>श्री अमृत लम्साल | श्री अनुज अग्रवालले सोही मितिमा राजिनामा दिनु भएको तथा श्री अमृत लम्साल आफ्नो कार्य व्यस्तताको कारण जानकारी गराउदै बैठकमा उपस्थित हुन नसक्नु भएको । |
| १२ | २०८३।०२।२८ | श्री अमृत लम्साल | कार्य व्यस्तताको कारण जानकारी गराउदै बैठकमा उपस्थित हुन नसक्नु भएको । |
| १३ | २०८३।०३।१७ | श्री अनिता रायमाझी | सञ्चालक समितिलाई पूर्व जानकारी दिई आफ्नो काम विशेषले उपस्थित हुन नसक्नु भएको । |

हाम्रो लगानी सहभागिता रहेका केही

# परियोजनाहरू





















# गत वर्षका केही विशेष सम्झनाहरु



लोवर कालंगा हाईड्रोपावर परियोजनाको लगानी सम्झौता



सी.एस.आर. बाट सहयोग



सी.एस.आर. बाट सहयोग



देउराली जनता फर्मास्युटिकल्सको लगानी सम्झौता



सी.एस.आर. बाट सहयोग



सेती क्यासकेड हाईड्रोपावर परियोजनाको लगानी सम्झौता



निवर्तमान अध्यक्ष श्री अनुज अग्रवालको विदाई



सी.एस.आर. बाट सहयोग



निवर्तमान संचालक श्री लीमा अधिकारी आचार्यको विदाई



सी.एस.आर. बाट सहयोग

# लेखापरीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८२/८३

B.R.S. Neupane & Co.
Chartered Accountants

ICAN Reg. No.: 24
Naya Basti Marg, House No. 22
P.O. Box 8137, Baluwatar
Kathmandu, Nepal
T: + 977-1- 4511314, 4517371
E: chartered@brs.com.np
www.brs.com.np

# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## राय

हामीले यसैसाथ संलग्न नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको ३२ आषाढ, २०८३ (१६ जुलाई २०२६) को वित्तीय विवरणहरु, सोसँग समाविष्ट वित्तीयस्थिति विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण तथा प्रमुख लेखानीति र अन्य व्याख्यात्मक टिप्पणीहरुको सारको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यसैसाथ संलग्न वित्तीय विवरणहरुले नेपाल इन्फ्रास्ट्रक्चर बैंकको ३२ आषाढ, २०८३ (१६ जुलाई २०२६) को वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको अवधिको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सबै सारभूतताको दृष्टिकोणबाट उचित चित्रण गर्दछ ।

## रायको आधारः

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यस लेखापरीक्षणमान अनुसारको हाम्रा दायित्वहरु यस प्रतिवेदनको लेखापरीक्षकको उत्तरदायित्व खण्डमा थप समावेश गरिएको छ । वित्तीय विवरणको लेखापरीक्षणको लागि पालना गर्नुपर्ने नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको Handbook of Code of Ethics for Professional Accountants अनुरुप हामी बैंकबाट स्वतन्त्र छौं र सोही Handbook of Code of Ethics for Professional Accountants अन्तर्गत यस लेखापरीक्षणसँग सान्दर्भिक आचारसंहिता तथा पेशागत जिम्मेवारीको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

## लेखापरीक्षणका मुख्य विषयः

लेखापरीक्षणका मुख्य विषयहरु भन्नाले ती विषयहरु हुन जुन हाम्रो निर्णयको आधारमा चालु आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा अधिक महत्वको विषयको रुपमा लिइएको हुन्छ । यी बिषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षण तथा हाम्रो राय व्यक्त गर्ने सन्दर्भमा उचित सम्वोधन गरिएको हुन्छ । यी विषयहरु उपर हामीले छुट्टै राय व्यक्त गर्ने गरेका छैनौं ।

देहायका बिषयहरु र ती विषयहरुको सम्वोधन गर्न गरिएको लेखापरीक्षण कार्यविधी लगायतको हाम्रो लेखापरीक्षण कार्यविधीहरुले संलग्न वित्तीय विवरणहरु उपर राय व्यक्त गर्न उपयुक्त आधार प्रदान गर्दछ ।

लेखापरीक्षणका मुख्य विषयहरु देहाय बमोजिम रहेको छ :

| क्र. सं. | लेखापरीक्षणका मुख्य विषयहरु | लेखापरीक्षणका मुख्य विषयहरु लेखापरीक्षणको क्रममा सम्वोधन गर्न गरिएका कार्यविधीहरु |
|---|---|---|
| १. | ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) सन्दर्भ नोट नं. ४.७ र वित्तीय विवरणको लेखा नीतिहरु | |
| | बैंकको ग्राहक कर्जा सापटी रकमले बैंकको कुल सम्पत्तिको ७५% प्रतिनिधित्व गरेको छ, जुन रु.४५.१४ करोड ऋण नोक्सानी | ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) को लेखापरीक्षणको क्रममा हामीले देहायका कार्यविधिहरु अवलम्वन गरेका छौं :<br>■ ऋणीहरुको ऋण फाइलहरुको जाँच तथा समीक्षा जसमा ऋणीहरुको ऋण चुक्ता गर्ने |

| क्र.सं. | लेखापरीक्षणका मुख्य विषयहरु | लेखापरीक्षणका मुख्य विषयहरु लेखापरीक्षणको क्रममा सम्बोधन गर्न गरिएका कार्यविधीहरु |
|---|---|---|
| | सम्बन्धी व्यवस्था (Loan Loss Provision) गरे पश्चात् पनि रु. ३१.४२ अर्ब रहेको छ ।<br><br>ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) को रकम निर्धारण गर्दा व्यवस्थापनको निर्णयको प्रमुख भुमिका रहने तथा नेपाल राष्ट्र बैंकको निर्देशिका तथा परिपत्रहरुको परिपालनाको पनि विषय रहने भएको हुंदा उक्त ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) को रकम निर्धारणलाई हामीले लेखापरीक्षणको मुख्य विषयको रुपमा लिएका छौं । | प्रवृत्तिको मूल्यांकन, उपलब्ध भएका वित्तीय विवरणको आधारमा वित्तीय क्षमता मूल्यांकन, धितोमा रहेको सम्पत्तिको पर्याप्तताको समीक्षा तथा कानूनी कागजात लिए नलिएको जाँच, कर्जा सुचना केन्द्रको प्रतिवेदन तथा सर्वमान्य कानूनको परिपालनाको जाँच,<br>▪ सूचना प्रविधिको जाँच तथा समीक्षा जसमा साँवा तथा ब्याज भुक्तानी नगरेको अवधिको आधारमा ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision)को गणना,<br>▪ नमूना संकलनको आधारमा सुचना प्रविधिबाट निर्धारण भएको ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) र हामीले हिसाव किताव गरी निर्धारण गरिएको ऋण<br>▪ नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) को भिडान तथा मिलान,<br>▪ व्यवस्थापनले सकृय कर्जा भनी निर्धारण गरिएका आधारहरुको उचितता सम्बन्धी मूल्यांकन,<br>▪ ऋणहरुमा बोर्डको मूल्यांकन तथा निर्णयहरुको समीक्षा ।<br><br>बैंकले निर्धारण गरिएको ऋण नोक्सानी सम्बन्धी व्यवस्था (Loan Loss Provision) उचित तथा स्वीकारयोग्य रहेको छ । |

## अन्य जानकारीहरुः

अन्य जानकारीहरुको सन्दर्भमा व्यवस्थापन उत्तरदायी रहेको हुन्छ । अन्य जानकारीहरुमा वार्षिक प्रतिवेदन तथा सञ्चालक समितिको प्रतिवेदन समावेश भएको हुन्छ तर वित्तीय विवरण र हाम्रो प्रतिवेदन समावेश भएको हुदैन ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीहरुलाई समेटेको हुदैन र त्यसमा हामीले कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखापरीक्षण गर्ने क्रममा उपलब्ध भएसम्मको उपरोक्त अन्य जानकारीहरु अध्ययन गर्ने र कतै वित्तीय विवरणमा उल्लेख भएका विवरणहरु वा हामीलाई प्राप्त भए सम्मको जानकारीहरु वा अन्य तवरबाट सारभुत रुपमा गलत उल्लेख गरिएको खण्डमा उचित विचार गर्ने हाम्रो दायित्व रहेको हुन्छ । जव हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दछौं र यदि हामीले उक्त प्रतिवेदनमा सारभुत रुपमा गलत उल्लेख गरिएको भनि निर्धारण गछौं, हामीले व्यवस्थापनलाई तथा शासनको लागि जिम्मेवार तहलाई ती जानकारीहरु सच्याउनको लागि अनुरोध गर्नुपर्ने हुन्छ ।

## वित्तीय विवरणहरुका लागि व्यवस्थापनको उत्तरदायित्व र सुशासनको जिम्मेवारी पाएका व्यक्तिहरुको भूमिकाः

व्यवस्थापनको वित्तीय विवरण तयार गर्ने तथा सोको यथार्थ चित्रण गर्ने जिम्मेवारी नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) बमोजिम रहेको छ । यसका साथै, जालसाजी वा त्रुतिका कारण हुनसक्ने सारभूत गलत विवरणहरुबाट मुक्त वित्तीय विवरण तयार गर्नका लागि आवश्यक आान्तरिक नियन्त्रण कायम गर्ने जिम्मेवारी पनि व्यवस्थापनकै हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा बैंक निरन्तर चलिरहने संस्था (Going Concern) का रुपमा सञ्चालन भइरहन सक्ने क्षमताको मूल्याङ्कन गर्ने जिम्मेवारी व्यवस्थापनको हो । यस प्रक्रियामा व्यवस्थापनले आवश्यकता अनुसार निरन्तर चलिरहने संस्थासम्बन्धी विषयहरुको खुलासा गर्नुपर्दछ र सोही आधारमा लेखा तयार गर्नुपर्दछ । तर, यदि व्यवस्थापनले संस्था खारेज गर्ने, सञ्चालन बन्द गर्ने अभिप्राय राखेको अवस्थामा वा त्यसो गर्नुको सट्टा अन्य कुनै वास्तविक विकल्प नभएको अवस्थामा भने यो लागू हुनेछैन ।

बैंकको वित्तीय प्रतिवेदन प्रक्रियाको सुपरीवेक्षण गर्ने जिम्मेवारी सुशासनको जिम्मेवारी पाएका व्यक्तिहरुमा रहन्छ ।

## वित्तीय विवरणप्रति लेखापरीक्षकको उत्तरदायित्वः

हाम्रो उद्देश्य गल्ती वा जालसाजीबाट वित्तीय विवरणहरु सारभूतरुपमा त्रुटीरहित छ भन्नको लागि उचित आश्वस्त प्राप्त गर्ने र राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने रहेको छ । उचित आश्वस्त भन्नाले उच्चस्तरको आश्वस्त हो, तर लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा गल्ती वा जालसाजीबाट भएका सारभूत त्रुटी पत्ता लगाइन्छ भन्ने कुनै निश्चित छैन । गल्ती वा जालसाजीबाट वित्तीय विवरण त्रुटीपूर्ण हुन सक्दछ । गल्ती वा जालसाजीबाट त्रुटीयुक्त विवरण सारभुत मानिन्छ यदि कुनै एउटा इकाई आफै वा अलग अलग इकाईहरुको योग अंकले वित्तीय विवरणको आधारमा वित्तीय विवरण प्रयोगकर्ताको आर्थिक निर्णयमा असर गर्दछ भन्ने समुचित विश्वास गरिन्छ ।

हामीले लेखापरीक्षणको क्रममा लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा पेशागत ठहरहरु लिएका छौं तथा लेखापरीक्षण अवधिभर पेशागत सुझबूझ र संशयताको प्रयोग गरेका छौं । साथै,

- हामीले गल्ती तथा जालसाजीको कारणले सारभूत रुपमा त्रुटीयुक्त विवरणको जोखिमको पहिचान तथा अनुमान लगायौं । ती जोखिमहरुको निराकरणको लागि आवश्यक उपयुक्त लेखापरीक्षणको कार्यविधिको छनौट गरि लेखापरीक्षण राय प्रदान गर्नको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गर्‍यौं । गल्तीको कारणले भन्दा जालसाजीको कारणले सारभुत रुपमा त्रुटीयुक्त वित्तीय विवरणको तयारी भएको पत्ता नलगाउनुको जोखिम बढी रहेको हुन्छ । किनभने, जालसाजीमा मिलेमतो, ठगी, जानाजानी छुटाउने प्रवृत्ती, त्रुटीपूर्ण प्रस्तुति वा आन्तरिक नियन्त्रणको उल्लंघन भएको हुनसक्दछ ।
- हामीले लेखापरीक्षणसँग सम्बन्धित प्रक्रियाहरु निर्धारण गर्नको लागि बैंकको आन्तरिक नियन्त्रणको जानकारी लियौं । तर यो जानकारी आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय प्रदान गर्ने उद्देश्यको लागि होइन ।
- हामीले वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिहरुको उपयुक्तताको, लेखाअनुमानहरुको सान्दर्भिकताको तथा व्यवस्थापनद्वारा आवश्यक तथ्यहरुको पूर्ण खुलासा गरिएको यकिन गरेका छौं ।
| **जम्मा** | **-** | **-** |

### ४.२३.६: अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको रकम

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| Actuarial (नोक्सान)/नाफा | - | - |
| **जम्मा** | **-** | **-** |

#### ४.२३.७ : Actuarial अनुमानहरु

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| Discount rate | ६.५% | ८% |
| योजना सम्पत्तिहरुबाट अपेक्षित प्रतिफल | - | - |
| भविष्यमा तलव वृद्धिदर | ७% | ७% |
| Withdrawal rate | ७% | ७% |

## ऋणपत्र जारी ४.२४

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नाफा नोक्सान हिसाव मार्फत उचित मूल्य सयायोजन हुने ऋणपत्र | - | - |
| Amortised cost को आधारमा समायोजन हुने ऋणपत्र | ७,२६,९६,५७,८२४ | ७,२६,६३,२१,१६० |
| **जम्मा** | **७,२६,९६,५७,८२४** | **७,२६,६३,२१,१६०** |

## Subordinated दायित्वहरु ४.२५

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| फिर्ता हुने अग्राधिकार शेयर | - | - |
| फिर्ता नहुने अग्राधिकार शेयर | - | - |
| अन्य | - | - |
| **जम्मा** | **-** | **-** |

## शेयर पुँजी ४.२६

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| साधारण शेयर | २१,६०,००,००,००० | २१,६०,००,००,००० |
| परिवर्तनयोग्य अग्राधिकार शेयर (इक्वीटी भाग मात्र) | - | - |
| फिर्ता नहुने अग्राधिकार शेयर (इक्वीटी भाग मात्र) | - | - |
| Perpetual Debt (इक्वीटी भाग मात्र) | - | - |
| **जम्मा** | **२१,६०,००,००,०००** | **२१,६०,००,००,०००** |

#### ४.२६.१ : साधारण शेयर

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **अधिकृत पुँजी** | | |
| ४०,००,००,००० साधारण शेयर रु. १०० का दरले | ४०,००,००,००,००० | ४०,००,००,००,००० |
| **जारी पुँजी** | | |
| २१,६०,००,००० साधारण शेयर रु. १०० का दरले | २१,६०,००,००,००० | २१,६०,००,००,००० |
| **चुक्ता पुँजी** | | |
| २१,६०,००,००० साधारण शेयर रु. १०० का दरले | २१,६०,००,००,००० | २१,६०,००,००,००० |
| **जम्मा** | **२१,६०,००,००,०००** | **२१,६०,००,००,०००** |

### ४.२६.२ : साधारण शेयर स्वामित्व

(रकम रु.)

| | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|
| | प्रतिशत | रकम | प्रतिशत | रकम |
| **१. स्वदेशी स्वामित्व** | | | | |
| नेपाल सरकार | १०.००% | २,१६,००,००,००० | १०.००% | २,१६,००,००,००० |
| "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरु | २०.४३% | ४,४१,२५,६४,००० | २०.८८% | ४,५०,९०,६४,००० |
| अन्य इजाजतपत्रप्राप्त संस्थाहरु | ०.०५% | १,०८,००,००० | ०.०५% | १,०८,००,००० |
| अन्य संस्थाहरु | १९.४२% | ४,१९,४२,३६,००० | १८.९७% | ४,०९,७७,३६,००० |
| सर्वसाधारण | ४०.००% | ८,६४,००,००,००० | ४०.००% | ८,६४,००,००,००० |
| अन्य | १०.१०% | २,१८,२४,००,००० | १०.१०% | २,१८,२४,००,००० |
| **२. विदेशी स्वामित्व** | - | - | - | - |
| **जम्मा** | **१००.००%** | **२१,६०,००,००,०००** | **१००.००%** | **२१,६०,००,००,०००** |

## जगेडा तथा कोषहरू

**४.२७**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| वैधानिक जगेडा कोष | १,७४,८९,४६,३९७ | १,५५,१३,३२,८१७ |
| सटही घटबढ कोष | - | - |
| संस्थागत सामाजीक उत्तरदायित्व कोष | ४,८०,४६,६३६ | ५,१७,६०,९५७ |
| पुंजी फिर्ता कोष | - | - |
| नियमनकारी कोष | १३,३९,४५,२२८ | २५,२४,५५,७८१ |
| लगानी समायोजन कोष | - | - |
| पुंजीगत जगेडा कोष | - | - |
| सम्पत्ति पुनर्मूल्यांकन कोष | - | - |
| उचित मूल्यांकन कोष | २१,८०,५०,००० | २८,७८,३६,५०० |
| लाभांश समीकरण कोष | - | - |
| Actuarial लाभ | - | - |
| विशेष कोष | - | - |
| अन्य जगेडा तथा कोषहरु | | |
| कर्मचारी तालिम कोष | - | - |
| **जम्मा** | **२,१४,८९,८८,२६१** | **२,१४,३३,८६,०५५** |

## सम्भावित दायित्व तथा प्रतिबद्धता

**४.२८**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सम्भावित दायित्व | १,२९,१८,७६,५१४ | १,१४,८४,३९,६७४ |
| ननिकालिएको तथा बांडफांड नगरिएका सुविधाहरु | ७,७४,००,००० | ७,२३,००,००० |
| पुंजी प्रतिवद्धता | - | - |
| लिज प्रतिवद्धता | - | - |
| मुद्दा मामिला | २,४०,५६,३२५ | १,६९,१३,४१२ |
| **जम्मा** | **१,३९,३३,३२,८३९** | **१,२३,७६,५३,०८७** |

### ४.२८.१ : सम्भावित दायित्व

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| Acceptance and documentary credit | १,२६,२७,६६,९७४ | १,१२,२८,१६,५८२ |
| संकलन बाँकी बिलहरु | - | - |
| Forward exchange contracts | - | - |
| जमानतहरु | २,९१,०९,५४० | २,५६,२३,०९२ |
| प्रत्याभूति प्रतिवद्धताहरु | - | - |
| अन्य प्रतिवद्धताहरु | - | - |
| **जम्मा** | **१,२९,१८,७६,५१४** | **१,१४,८४,३९,६७४** |

### ४.२८.२ : ननिकालिएको तथा बाँडफाँड नगरिएका सुविधाहरू

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बाँडफाँड नगरिएका कर्जाहरु | - | - |
| अधिविकर्ष कर्जा सीमा सम्म ननिकालिएको | २,९९,००,००० | २,५३,००,००० |
| प्रतितपत्र सीमा सम्म ननिकालिएको | - | - |
| जमानत सीमा सम्म ननिकालिएको | ४,७५,००,००० | ४,७०,००,००० |
| **जम्मा** | **७,७४,००,०००** | **७,२३,००,०००** |

### ४.२८.३ : पुँजी प्रतिवद्धता

सम्बन्धित अधिकारीबाट पुँजीगत खर्च स्वीकृत भइसकेको तर सोको लागि वित्तीय विवरणमा व्यवस्था नगरिएको

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **जायजेथा तथा उपकरण सम्बन्धी पुँजी प्रतिवद्धता** | | |
| स्वीकृत भई सम्झौता भइसकेको | | |
| स्वीकृत भई सम्झौता भइनसकेको | | |
| **जम्मा** | - | - |
| **अमूर्त सम्पत्ति सम्बन्धी पुँजी प्रतिवद्धता** | | |
| स्वीकृत भई सम्झौता भइसकेको | | |
| स्वीकृत भई सम्झौता भइनसकेको | | |
| **जम्मा** | - | - |
| **कुल जम्मा** | - | - |

### ४.२८.४ : लिज प्रतिवद्धता

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सञ्चालन लिज प्रतिवद्धता | | |
| रद्द नहुने सञ्चालन लिजको भविष्यको न्यूनतम बहाल, जसमा बैंक भाडावाल रहेको हुन्छ | | |
| एक वर्ष ननाघेको | | |
| एक वर्ष नाघेको तर पाँच वर्ष ननाघेको | | |
| पांच वर्ष नाघेको | | |
| **जम्मा** | - | - |
| **वित्तीय लिज प्रतिवद्धता** | | |
| रद्द नहुने वित्तीय लिजको भविष्यको न्यूनतम बहाल, जसमा बैंक भाडावाल रहेको हुन्छ | | |
| एक वर्ष ननाघेको | | |
| एक वर्ष नाघेको तर पाँच वर्ष ननाघेको | | |
| पांच वर्ष नाघेको | | |
| **जम्मा** | - | - |
| **कुल जम्मा** | - | - |

### ४.२८.५ : मुद्दा मामिला

बैंकले आर्थिक वर्ष २०७४/७५ का लागि गरेको स्वयं कर निर्धारणभन्दा बढी ठूला करदाता कार्यालय (LTO) ले गरेको अतिरिक्त आयकर निर्धारणका सम्बन्धमा विवाद रहेको छ । बैंकले गरेको प्रशासकीय पुनरावलोकनको निवेदन ठूला करदाता कार्यालयको पक्षमा निर्णय भएको थियो । त्यसपछि बैंकले उक्त निर्णयविरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेकोमा न्यायाधिकरणले बैंकको पक्षमा फैसला गरेको थियो । राजस्व न्यायाधिकरणको उक्त फैसलाविरुद्ध ठूला करदाता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको छ । हाल यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ र यसको अन्तिम परिणाम न्यायिक निर्णयमा निर्भर रहनेछ ।

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| करमा सम्भावित दायित्व | २,४०,५६,३२५ | १,६९,१३,४१२ |
| **जम्मा** | **२,४०,५६,३२५** | **१,६९,१३,४१२** |

## ब्याज आम्दानी

**४.२९**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नगद तथा नगद सरह | - | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुमा Placements | १३,२६,९४,५२० | १९,८२,०२,३९५ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापटी | - | - |
| ग्राहकहरुलाई दिएको कर्जा तथा सापटी | २,०३,०७,८३,५०८ | २,०७,८४,१८,३४१ |
| लगानी उपकरणहरु | २५,४९,६७,५०८ | १८,७९,३९,५१४ |
| कर्मचारीहरुलाई दिएको कर्जा तथा सापटी | ६०,६९,५७९ | ५४,४२,९१८ |
| अन्य | - | - |
| **जम्मा ब्याज आम्दानी** | **२,४२,४५,१५,११५** | **२,४७,००,०३,१६८** |

## ब्याज खर्च

**४.३०**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | ३७,६०,३४६ | ३५,२७,६८१ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | | |
| ग्राहकहरुबाट सँकलित निक्षेप | ५०,७१,२४,९९९ | ३७,१२,९०,९५७ |
| सापटी | | |
| ऋणपत्र जारी | ४६,३६,२३,५७६ | १९,०७,९८,४६६ |
| Subordinated liabilities | | |
| अन्य | २८,२४,३४३ | ३५,४३,१५८ |
| **जम्मा ब्याज खर्च** | **९७,७३,३३,२६५** | **५६,९१,६०,२६२** |

## शुल्क तथा कमिशन आम्दानी

**४.३१**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर्जा प्रशासन शुल्क | ४०,९३,१६७ | २३,२३,६५६ |
| सेवा शुल्क | ४,९०,०५,६३९ | १,३५,६५,१५० |
| Consortium शुल्क | - | - |
| प्रतिवद्धता शुल्क | - | - |
| DD/TT/Swift शुल्क | - | - |
| Credit card/ATM जारी तथा नवीकरण शुल्क | - | - |
| अग्रिम भुक्तानी तथा Swap शुल्क | - | - |
| लगानी बैंकिंग शुल्क | - | - |
| सम्पत्ति व्यवस्थापन शुल्क | - | - |
| दलाली शुल्क | - | - |
| विप्रेषण शुल्क | - | - |
| प्रतितपत्र कमिशन | ४७,६५,०४७ | ५१,९०,८९७ |
| जमानत जारी कमिशन | २,३९,४३८ | ६३,००० |
| शेयर निष्काशन तथा Underwriting कमिशन | - | - |
| लकर भाडा | - | - |
| अन्य शुल्क तथा कमिशन | १५,४४० | ७,५२१ |
| **जम्मा शुल्क तथा कमिशन** | **५,८१,१८,७३२** | **२,११,५०,२२५** |

## शुल्क तथा कमिशन खर्च 4.32

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| ATM व्यवस्थापन शुल्क | - | - |
| VISA/Master card शुल्क | - | - |
| जमानत कमिशन | - | - |
| दलाली शुल्क | - | - |
| DD/TT/Swift शुल्क | - | - |
| विप्रेषण शुल्क तथा कमिशन | - | - |
| अन्य शुल्क तथा कमिशन | ६५,७१६ | ५३,२२३ |
| **जम्मा शुल्क तथा कमिशन खर्च** | **६५,७१६** | **५३,२२३** |

## खुद व्यापारीक आम्दानी 4.33

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| व्यापारीक सम्पत्तिको उचित मूल्यमा परिवर्तन | | |
| व्यापारीक सम्पत्तिको निसर्गबाट भएको नाफा वा नोक्सान | | |
| व्यापारीक सम्पत्तिबाट ब्याज आम्दानी | | |
| व्यापारीक सम्पत्तिबाट लाभांश आम्दानी | | |
| विदेशी मुद्रा सटही लेनदेनमा नाफा वा नोक्सान | | |
| अन्य | | |
| **खुद व्यापारीक आम्दानी** | **-** | **-** |

## अन्य सञ्चालन आम्दानी 4.34

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| विदेशी विनिमय पुनर्मुल्याङ्कन मुनाफा | | |
| लगानी धितोपत्र विक्रीबाट नाफा वा नोक्सान | | |
| लगानी सम्पत्तिको उचित मुल्याङ्कबाट नाफा वा नोक्सान | | |
| इक्वीटी उपकरणमा लाभांश प्राप्त | | |
| जायजेथा तथा उपकरण विक्रीबाट नाफा वा नोक्सान | | |
| लगानी सम्पत्ति विक्रीबाट नाफा वा नोक्सान | | |
| सञ्चालन लिज आम्दानी | | |
| सुन तथा चाँदी विक्रीबाट नाफा वा नोक्सान | | |
| लकर भाडा | | |
| अन्य | | |
| **जम्मा** | **-** | **-** |

## कर्जा तथा अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) 4.35

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| ग्राहकहरुलाई दिइएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | (२१,२७,७०,४३८) | (१८,३३,६४,१०४) |
| वित्तीय लगानीमा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| बैंक तथा वित्तीय संस्थाहरुमा Placement मा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| जायजेथा तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| साख तथा अमुर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | | |
| **जम्मा** | **(२१,२७,७०,४३८)** | **(१८,३३,६४,१०४)** |

## कर्मचारी खर्च

**४.३६**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| तलव | २,६२,७०,३२३ | २,४८,८०,८५३ |
| भत्ता | ३,२१,९९,३९३ | २,९८,७४,९७० |
| उपदान खर्च | १६,३८,५३८ | १५,७०,०८८ |
| संचय कोष | १९,६७,०३२ | १८,८४,८५९ |
| पोशाक | १,९८,००० | १,८२,४१६ |
| तालिम खर्च | ४२,०२,१२८ | ३७,३०,८२१ |
| विदा बापतको खर्च | ५७,०७,७५७ | ७५,३१,००८ |
| स्वास्थ उपचार खर्च | - | - |
| बीमा खर्च | १,६६,०८५ | १,६६,२७१ |
| कर्मचारी प्रोत्साहन | - | - |
| नगद राफसाफ शेयरमा आधारित भुक्तानी | - | - |
| पेन्शन खर्च | - | - |
| NFRS को आधारमा वित्तीय खर्च | - | - |
| कर्मचारीसँग सम्बन्धित अन्य खर्च | ९,६४,६४८ | ८,०१,७१८ |
| **जम्मा** | **७,३३,१३,९०७** | **७,०६,२३,००५** |
| कर्मचारी बोनस | १५,७५,३०,६९४ | १९,६२,६८,८९७ |
| **कुल जम्मा** | **२३,०८,४४,६०१** | **२६,६८,९१,९०२** |

## अन्य सञ्चालन खर्च

**४.३७**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सञ्चालक समिति र सञ्चालक स्तरीय अन्य समितिहरुको कुल बैठक भत्ता | १९,०२,००० | २४,२७,००० |
| सञ्चालक समिति अन्य खर्च | १२,०१,०६३ | ३३,४०,६८२ |
| लेखापरीक्षण शुल्क | ८,४७,५०० | ८,४७,५०० |
| लेखापरीक्षण सम्बन्धी अन्य खर्च | - | - |
| पेशागत तथा कानूनी खर्च | १५,४२,७५२ | ५०,०३,००५ |
| कार्यालय सञ्चालन खर्च | ३,२०,०७,८९४ | २,९६,६१,३३३ |
| सञ्चालन लिज खर्च | - | - |
| लगानी सम्पत्ति सञ्चालन खर्च | - | - |
| संस्थागत सामाजीक उत्तरदायित्व खर्च | १,३५,९५,००० | ८५,३१,०४० |
| Onerous lease provisions | - | - |
| अन्य | ११,४६,४०१ | २१,९७,४२० |
| **जम्मा** | **५,२२,४२,६१०** | **५,२०,०७,९८१** |

## ह्रास कट्टी तथा Amortization

**४.३८**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| जायजेथा तथा उपकरणमा ह्रास कट्टी | १,७३,६३,५९४ | १,९२,७५,५३७ |
| लगानी सम्पत्तिमा ह्रास कट्टी | - | - |
| अमूर्त सम्पत्तिमा Amortization | १,४५,७०० | ५,४४,२७८ |
| **जम्मा** | **१,७५,०९,२९४** | **१,९८,१९,८१५** |

## गैर-सञ्चालन आम्दानी

**४.३९**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अपलेखन गरिएको कर्जाको असूली | - | - |
| अन्य आम्दानी | ४,५५,९३८ | ४,९३,४४४ |
| **जम्मा** | **४,५५,९३८** | **४,९३,४४४** |

## गैर-सञ्चालन खर्च

**४.४०**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| Redundancy व्यवस्था | - | - |
| पुनर्संरचना खर्च | - | - |
| अन्य खर्च | ८८,४९३ | ६,५७,६९० |
| **जम्मा** | **८८,४९३** | **६,५७,६९०** |

## आयकर खर्च

**४.४१**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **चालू कर खर्च** | | |
| यसवर्ष | ४२,९९,५०,७३४ | ५३,३८,३९,०९६ |
| विगत वर्षको समायोजन | १,६७,९३२ | ९,४८,१०४ |
| **स्थगन कर खर्च** | | |
| अस्थायी फरकको सृजना तथा फिर्ता | (४,१०,३२८) | (२३,७२,१२२) |
| करको दरमा परिवर्तन | - | - |
| अघिल्ला अवधिको पहिचान नभएको कर नोक्सानीको पहिचान | - | - |
| **जम्मा आयकर खर्च** | **४२,९७,०८,३३८** | **५३,२४,१५,०७७** |

### ४.४१.१ : कर खर्च र कितावी मुनाफाको हिसाव मिलान

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| करअघिको मुनाफा | १,४१,७७,७६,२४४ | १,७६,६४,२०,०६९ |
| कर रकम (३० प्रतिशतको दरले) | ४२,५३,३२,८७३ | ५२,९९,२६,०२१ |
| जोड: कर प्रयोजनको लागि अमान्य खर्चको कर प्रभाव | १०,६०,१७५ | १०,५८,३०४ |
| घटाउ: कर नलाग्ने आम्दानीको कर प्रभाव | - | - |
| घटाउ: अन्य शिर्षकमा कर प्रभाव | | |
| आय कर ऐन अनुसार अधिक ह्रास कट्टिमा करको प्रभाव | (२३,८०,०३५) | (२४,६०,०५६) |
| स्थगन कर (खर्च)/आम्दानी | ४,१०,३२८ | २३,७२,१२२ |
| अन्य | १३,४५,५८३ | १३,४२,८१८ |
| **जम्मा आयकर खर्च** | **४२,९७,०८,३३७** | **५३,२४,१५,०७७** |
| **प्रभावकारी करको दर** | **३०.३१%** | **३०.१४%** |

## वितरणयोग्य नाफा वा नोक्सान विवरण

०१ श्रावण २०८२ देखि ३२ आषाढ २०८३ सम्म
(नेपाल राष्ट्र बैंकको नियमानुसार)

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **श्रावण १ गतेको संचित मुनाफा** | **२,०२,१९,५५,३५३** | **७६,९५,३४,६१८** |
| समायोजन*/पुनर्लेखन | (२,३२,७७८) | (२,२४,१६९) |
| अधिग्रहण गरेको संस्थाबाट रकमान्तर | - | - |
| बोनस शेयर जारी तथा नगद लाभांश भुक्तानी | (१,३६,४२,१२,८००) | - |
| **नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा वा (नोक्सान)** | **९८,८०,६७,९०६** | **१,२३,४०,०४,९९२** |
| **बाँडफाँड** | | |
| क) साधारण जगेडा कोष | (१९,७६,१३,५८१) | (२४,६८,००,९९८) |
| ख) सटही घटवढ कोष | - | - |
| ग) पुंजी फिर्ता कोष | - | - |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | ३७,१४,३२१ | (३८,०९,०१०) |
| ङ) कर्मचारी तालिम कोष | - | - |
| च) अन्य | - | - |
| **नियमनकारी समायोजन अघिको नाफा वा (नोक्सान)** | **१,४५,१६,७८,४२०** | **१,७५,२७,०५,४३१** |
| **नियमनकारी समायोजन** | | |
| क) असूल हुन बाँकी मुल्तवी ब्याज (-) / अघिल्लो अवधिको प्राप्त हुन बाँकी ब्याज असूल (+) | ९,९८,९९,१३५ | ३०,०४,२४,१९७ |
| ख) कर्जा नोक्सानी व्यवस्थामा कमी (-) / फिर्ता (+) | - | - |
| ग) लगानीमा सम्भावित नोक्सानी व्यवस्थामा कमी (-) / फिर्ता (+) | - | - |
| घ) गैर-बैंकिंग सम्पत्तिमा नोक्सानी व्यवस्थामा कमी (-) /फिर्ता (+) | - | - |
| ङ) स्थगन कर सम्पत्तिको पहिचान (-) र फिर्ता (+) | (४,१०,३२८) | (२३,७२,१२२) |
| च) साख पहिचान (-) र साखमा क्षय ह्रास (+) | - | - |
| छ) Bargain Purchase लाभ पहिचान (-) / फिर्ता (+) | - | - |
| ज) एक्चुरियल नोक्सान पहिचान (-) / फिता (+) | - | - |
| झ) अन्य (+/-) | १,९०,२१,७४६ | (२,८८,०२,१५३) |
| **वितरणयोग्य मुनाफा वा (नोक्सान)** | **१,५७,०१,८८,९७३** | **२,०२,१९,५५,३५३** |

* यस आ.व.को शुरु संचित मुनाफामा भएको समायोजनमा गत आ.व.सम्मको NFRS-9 बमोजिम प्रशासनिक शुल्कको Amortization बापत रु.२,३२,७७८ रहेको र सोही बमोजिम गत आ.व.को शुरु संचित मुनाफामा भएको समायोजनमा NFRS-9 बमोजिम प्रशासनिक शुल्कको Amortization बापत रु.२,२४,१६९ रहेको ।

# वित्तीय विवरण सम्बन्धी महत्वपूर्ण लेखानीति तथा टिप्पणीहरू

श्रावण १ २०८२ देखि ३२ आषाढ २०८३ सम्मको

## १. प्रतिवेदन प्रस्तुत गर्ने निकाय:

नेपाल ईन्फ्रास्ट्रचर बैंक लिमिटेड (यस पछि “बैंक” भनिएको) २५ जेष्ठ २०७५ मा कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको पब्लिक लिमिटेड कम्पनी हो । नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको पूर्वाधार विकास बैंकको ईजाजतपत्र प्राप्त गरी बैंकले २२ फाल्गुन २०७५ देखि व्यवसायिक कारोवार सञ्चालन गर्दै आएको छ । बैंकको रजिष्टर्ड कार्यालय का.म.न.पा. १० मा अवस्थित रहेको छ । बैंकको साधारण शेयरहरु नेपाल स्टक एक्स्चेन्जमा सुचिकृत छन् ।

## २. वित्तीय विवरण तयारीको आधार

### २.१. अनुपालना सम्बन्धी विवरण (Statement of Compliance)

बैंकको वार्षिक वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारि भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा लागू गरिएको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार बैंक निरन्तर चलिरहने संस्थाको आधारमा (Going Concern Basis) नेपाल राष्ट्र बैंकबाट जारी ढाँचा बमोजिम तयार गरिएको छ ।

### २.२. वित्तीय विवरणको प्रतिवेदन अवधि र स्वीकृति

बैंकले नेपाली आर्थिक वर्षलाई अनुशरण गरी आर्थिक वर्ष तय गर्ने गरेको छ । प्रतिवेदन अवधि श्रावणको पहिलो दिनबाट शुरु भई अर्को वर्षको आषाढ मसान्तमा समाप्त हुने गर्दछ । वित्तीय प्रतिवेदन अवधिको सम्बन्धित ईस्वी सम्वत प्रतिवेदन मिति निम्न रहेको छ :

| सम्बन्धित वित्तीय विवरण अवधि | नेपाली आ.व.को | अंग्रेजी अवधि |
|---|---|---|
| तुलनात्मक वित्तीय स्थितिको विवरण मिति | ३२ आषाढ २०८२ | १६ जुलाई २०२५ |
| तुलनात्मक प्रतिवेदन अवधि | १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ | १७ जुलाई २०२४ देखि १६ जुलाई २०२५ |
| वित्तीय स्थितिको विवरण मिति | ३२ आषाढ २०८३ | १६ जुलाई २०२६ |
| प्रतिवेदन अवधि | १ श्रावण २०८२ देखि ३२ आषाढ २०८३ | १७ जुलाई २०२५ देखि १६ जुलाई २०२६ |

बैंकको वित्तीय विवरण १४ भाद्र २०८३ मा बसेको सञ्चालक समितिको बैठकबाट स्वीकृत भई जारी गर्नको लागि अख्तियार प्रदान गरेको छ साथै उक्त वित्तीय विवरण वार्षिक साधारण सभामा स्वीकृतीको लागि सिफारिस गरिएको छ ।

तुलनात्मक प्रतिवेदनका रकमहरुलाई उचित प्रस्तुतीकरणका लागी तथा नेपाल वित्तीय प्रतिवेदनमान र नियमकानूनको व्यवस्था अनुरुप आवश्यकता अनुसार पुन:वर्गीकरण तथा पुनर्लेखन गरिएको छ ।

### २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणलाई नेपाली रूपैयामा प्रस्तुतीकरण गरिएको छ र यो नै बैंकको कार्यात्मक मुद्रा रहेको छ । रकमहरूलाई अन्यथा उल्लेख गरिएको बाहेक प्रस्तुत गर्दा नजिकको रूपैयामा प्रस्तुत गरिएको छ ।

### २.४. निर्णय तथा अनुमानहरुको प्रयोग (Use of estimates, assumptions & judgments)

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले उपयुक्त तथा समुचित अनुमानहरू तथा निर्णयहरु गर्नुपर्ने हुन्छ, जसले वित्तीय विवरणमा सारभूत असर पारेको हुन सक्दछ । यस किसिमका अनुमान तथा निर्णयले बैंकको लेखानीति तथा सम्पत्ति, दायित्व, आम्दानी र खर्चको रकमहरूलाई समेत असर पुऱ्याउने गर्दछ ।

व्यवस्थापनले तय गरेका अनुमान र अन्तर्निहित धारणा समयसापक्ष उचित तथा व्यवहारिक भए नभएको निरन्तर रूपमा पुनरावलोकन गर्ने गरिन्छ । यसरी लेखांकन अनुमानहरूको परिवर्तन हुँदा त्यसको पहिचान अनुमान परिवर्तन अवधि पश्चात्का अवधिमा (Prospectively) गर्ने गरिएको छ ।

वित्तीय विवरणमा लेखानीतिको प्रयोग गर्दा प्रस्तुत गरिएका रकममा उल्लेखनीय प्रभाव पार्ने महत्वपूर्ण अनुमानका क्षेत्रहरू देहाय बमोजिम रहेको छ :

- निरन्तर चलिरहने (Going Concern)
- वित्तीय उपकरणको उचित मूल्य (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification Financial Assets and Financial Liabilities)
- जायजेथा तथा उपकरणहरुको प्रयोग हुनसक्ने आर्थिक अवधि (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर (Taxation and Deferred Tax)
- दायित्व तथा सम्भावित दायित्वको व्यवस्था (Provisions for Liabilities and Contingencies)

### २.५. लेखानीति परिवर्तन

तल उल्लेख गरिएको परिवर्तन बाहेक, बैंकले आफ्नो लेखा नीतिहरू प्रत्येक वर्ष एकरूपतामा लागु गर्दै आएको छ ।

**कर्जा प्रशासन शूल्कको लागि Materiality Threshold अवलम्बन (NFRS / NAS 1):**

समीक्षा अवधिमा, बैंकले कर्जा प्रशासन तथा व्यवस्थापन शूल्कको स्थगन र अमोर्टाइजेसन सम्बन्धी लेखा नीतिमा परिमार्जन गरेको छ । NAS 1 (Materiality) तथा NFRS 9 को लागि नेपाल लेखा मानक बोर्डबाट जारी Carve Outs बमोजिम बैंकले कर्जा प्रशासन शूल्कको लागि रु.२५ लाखको मेटिरियलिटी थ्रेसहोल्ड कायम गरेको छ । रु.२५ लाखको सीमासम्मको शूल्कलाई बैंकको थोक कर्जा पोर्टफोलियोको प्रभावकारी प्रतिफल (EIR) मा व्यक्तिगत रूपमा असरहीन (immaterial) मानिएकाले यस्तो शूल्कलाई प्राप्त भए बमोजिम सोझै "फी तथा कमिसन आम्दानी" अन्तर्गत जनाउन थालिएको छ । परिणामस्वरूप, "अन्य नकमाएको आम्दानी" (Other Unearned Income) अन्तर्गत स्थगन गरिएको प्रारम्भिक शूल्कको बाँकी रकम मध्ये रकम रु.२५ लाखसम्म जम्मा रु.२,७२,०२,३७१ समीक्षा अवधिमा सोझै नाफा नोक्सान हिसाबमा आम्दानी बाँधिएको छ ।

### २.६ जारी भएको तर कार्यान्वयनमा आउन बाकी नयाँ लेखामानहरु

ICAN बाट विभिन्न प्रभावकारी मिति सहित नेपाल वित्तीय प्रतिवेदनमानको घोषणा पश्चात् पनि अन्तर्राष्ट्रिय लेखामान बोर्डद्वारा धेरै नयाँ तथा संशोधित मापदण्डहरू/तीनका व्याख्याहरु जारी गरिएका छन्, जसलाई नेपाल लेखामान बोर्डले NFRS मा समावेश गरे पश्चात् मात्र लागू हुने गर्दछ । बैंकले लागू हुने नेपाल वित्तीय प्रतिवेदनमानका सबै व्यवस्थाहरु पालना गरेको छ ।

### २.७ लागू नगरिएका नयाँ लेखामान र तिनीहरुको व्याख्या

नेपाल लेखामान बोर्डले कार्यान्वयनका लागि जारी गरेका सम्पुर्ण लेखामान carve-outs समेत गरी लागू गरिएको छ ।

### २.८ समायोजित ब्याजदरको प्रयोग (Discounting)

बैंकले समायोजित व्याजदरको प्रयोग गर्दा सारभूत रुपमा असर पर्ने गैर चालु सम्पत्ति तथा दायित्वहरुमा समायोजित ब्याजदरको प्रयोग गरिएको छ ।

## ३. महत्वपूर्ण लेखानीतिहरु (Significant Accounting Policies)

### ३.१ मापनको आधार (Basis of measurement)

बैंकले विवरणमा अन्यथा उल्लेख गरिएको बाहेक वित्तीय विवरण तयार गर्दा सम्पत्ति तथा दायित्वहरूलाई प्रोदभावी लेखा आधार र ऐतिहासिक लागत आधारमा तयार गरिएको छ ।

### ३.२ एकीकृत प्रतिवेदनको आधार (Basis of Consolidation)

**क) व्यवसायको एकिकरण (Business combination)**

बैंकले लगानी गरेको सहायक कम्पनीहरुको acquisition विधिबाट लेखांकन गर्ने व्यवस्था गरिएको छ । Acquisition को लागत निर्धारण गर्दा हस्तान्तरण मितिमा रहेको सम्पत्तिको उचित मोल, जारी गरिएको इक्वीटी उपकरण र लागेको वा ग्रहण गरेको दायित्वका साथै सम्भावित प्रतिफल भुक्तानी बाँकीको उचित मोलका आधारमा कायम गर्ने व्यवस्था छ । बैंकले सहायक कम्पनी acquisition गर्दा लागेको लागत खुद सम्पत्ति र सम्भावित दायित्व रकमभन्दा अधिक भएको खण्डमा साख (Goodwill) का रूपमा लेखांकन गर्ने र Acquisition लागत लगानी गरिएको सहायक निकायको खुद सम्पत्ति र संभावित दायित्वको उचित मोल भन्दा कम भएको खण्डमा उक्त कम रकमलाई प्रत्येक्ष रुपमा आय विवरणमा पहिचान गर्ने विधि अबलम्बन गरिएको छ ।

यद्यपी प्रतिवेदन मितिसम्ममा बैंकको कुनै सहायक कम्पनी रहेको छैन ।

**ख) नियन्त्रणमा नरहेको स्वार्थ (Non-controlling interest)**

नियन्त्रणमा नरहेको स्वार्थको मापन उचित मोलका आधारमा वा सहायक कम्पनीको पहिचानयोग्य खुद सम्पत्तिमा बैंकको नियन्त्रणमा नहुने स्वार्थको समानुपातिक शेयरका आधारमा कायम गरिने व्यवस्था गरिएको छ । यद्यपी प्रतिवेदनको मितिसम्म बैंकसँग यस्तो स्वार्थ रहेको छैन ।

**ग) सहायक कम्पनीहरू (subsidiaries)**

सहायक कम्पनीहरु ती सबै निकाय र संरचनात्मक निकायहरु पर्दछन्, जसमा बैंकको नियन्त्रण रहेको हुन्छ । बैंकले कुनै निकायमा संलग्न भई प्रतिफलमा असर गर्ने अधिकार राख्दछ वा यसको क्षमताले उक्त कम्पनीको प्रतिफलमा असर पार्न सक्दछ भने यस अवस्थामा नियन्त्रणमा रहेको मानिन्छ । नियन्त्रण क्षमताको मुल्याङ्कन गर्दा बैंकको आफ्नो लाभको लागि सम्बन्धित निकायको उचित क्रियाकलापमा एकतर्फी प्रभाव पार्न सक्छ, सक्दैन यकिन गर्ने र एक वा एकभन्दा बढी नियन्त्रण तत्वहरु परिवर्तन भएमा मात्र असर गर्दछ भन्ने पुन:मूल्याङ्कन गर्नु पर्दछ । बैंकले प्रभावकारी नियन्त्रण लिएको दिनवाट सहायक कम्पनीको एकिकृत वित्तीय विवरण तयार गरिन्छ । कम्पनीमा नियन्त्रण नरहेको मितिदेखि नै एकिकृत विवरण तयार गर्न रोक लगाइन्छ । यदी सहायक निकायमा तत्पश्चात् पनि वित्तीय स्वार्थ रहेमा उक्त स्वार्थलाई उचित मोलमा मापन गरी सो को खुद किताव मोलसँगको परिवर्तन रकमलाई आम्दानी विवरणमा पहिचान गरिन्छ ।

**घ) नियन्त्रण गुमाउनु**

बैंकको कुनै सहायक कम्पनी नभएको हुँदा यो व्यवस्था बैंकलाई लागू हुँदैन ।

**ङ) विशेष उद्देश्यको निकाय (Special purpose entity)**

विशेष उद्देश्यको निकाय भन्नाले त्यस्तो निकाय हो, जसको संरचना विशेष तवरले गरिएको हुन्छ, जसमा बैंकको मतदान वा सोही प्रकारका अधिकारले उक्त निकायमा नियन्त्रण राख्छ राख्दैन भन्ने कुराको निधो गर्दैन । निकायसँगको सम्झौतामा उल्लेखित व्यवस्था अनुरुप विशेष उद्देश्यगत निकायमा रहने अधिकार र उचित कृयाकलाप निर्धारण हुने गर्दछ ।

सामान्यतय कृयाकलापहरुमा केहि बन्देज सहित सिमित तथा उचित परिभाषित उद्देश्य प्राप्तीका लागी विशेष उद्देश्यका निकायको सिर्जना गर्ने गरिन्छ । यस्ता निकायका करार अन्तर्गतका कृयाकलाप उपर अधिकार रहेमा, बैंक ती निकायको अस्थिर प्रतिफलप्रति उजागर भएमा र उक्त प्रतिफललाई प्रभाव पार्नसक्ने क्षमता राख्दछ भने यस्ता विशेष उद्देश्यगत निकायलाई एकीकृत गर्नु पर्दछ ।

बैंकका प्रतिवेदन मिति सम्म कुनै विशेष उद्देश्यगत निकाय रहेको छैन ।

**च) एकीकृत विवरणमा हटाइएका कारोवार**

बैंकको कुनै सहायक निकाय नभएकोले सम्वद्ध कारोबार एकिकृत गर्नुपर्ने र हटाउनुपर्ने नभएको ।

**३.३ नगद तथा नगद सरह**

यसअन्तर्गत निकायमा रहेको नगद रकम, बैंक तथा वित्तीय संस्थामा रहेको मैज्दात, माग तथा अल्प-सूचनाका आधारमा प्राप्त हुने रकम र यस किसिमका अधिक तरल सम्पत्ति जसको प्राप्त गर्दाको मितिमा सो को परिपक्व मिति ३ महिना वा सो अवधिभन्दा कम भएको जसको उचित मोलमा उल्लेखनीय परिवर्तन हुने सम्भावना कम रहेको हुन्छ । इजाजतप्राप्त निकायले छोटो अवधिको प्रतिवद्धता पूर्तिको व्यवस्थापन गर्न यसको प्रयोग गर्ने गर्दछ ।

**३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू (Financial assets & financial liabilities)**

**३.४.१ पहिचान (Recognition)**

बैंकले करारको व्यवस्था बमोजिम वित्तीय उपकरणको धारक भएको खण्डमा मात्र वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई वित्तीय स्थितिको विवरणमा शुरूवाती पहिचान गर्ने गर्दछ । बैंकले ऋण तथा पेश्की, धरौटी र अन्य सुरक्षण र Subordinated liabilities उपकरण आदीको शुरू उत्पत्ती भएको मितिमा जुन दिन बैंक उपकरणको करार व्यवस्थाको पक्षधर हुन्छ, सोही मितिमा पहिचान गर्दछ ।

बैंकले इक्युटी उपकरणमा, ऋणपत्र, सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्ष रिपो, खरीद अधिकार लगायत लगानीहरूलाई बैंकले वित्तीय सम्पत्ति खरिद गर्ने प्रत्याभूति जारी गरेको व्यवसायिक मितिमा पहिचान गर्ने गरिन्छ । वित्तीय सम्पत्तिको साधारण खरीद तथा बिक्रीलाई व्यवसायिक मितिमा (यस्तो मिति जहा बैंकले खरीद वा बिक्री गर्ने प्रत्याभूति जारी गर्दछ) पहिचान गर्ने गरिन्छ ।

**३.४.२ वर्गीकरण (Classification)**

**क) वित्तीय सम्पत्ति**

बैंकले आफ्नो वित्तीय सम्पत्ति व्यवस्थापन गर्ने आफ्नो व्यवसायिक मोडलको आधारमा र वित्तीय सम्पत्तिको करार अनुसारको नगद प्रवाहको आधारमा Amortized लागतमा मापन गर्ने वा उचित मोलमा मापन गर्ने गरी वर्गिकरण गरिएको छ । वित्तीय सम्पत्तिका दुई वर्गीकरण देहाय बमोजिम रहेको छ :

**i. Amortized लागतमा मापन गरिने वित्तीय सम्पत्ति**

निम्नलिखित दुवै अवस्थाहरु पुरा भएको अवस्थामा "Amortized लागत" मा वर्गीकरण गरिन्छ :

अ) कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सोलाई पुरै करार अवधि सम्मै निसर्ग नगरी सम्पत्तिको सम्झौता अनुसारको नगद प्रवाह संकलन गर्ने धारण राख्ने उद्देश्य भएको, र

आ) सम्झौता गरिएको शर्तमा उल्लेख गरे बमोजिम तोकिएको मितिमा हुने नगद प्रवाह बाँकी रहेको साँवा तथा त्यसमा पाकेको व्याजको भुक्तानीको मात्र हुने ।

**विस्तृत टिप्पणी**

यस बैंकको मिति ३२ आषाढ २०८३ मा रहेको Amortized लागतमा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम रहेको छ :

| विवरण | रकम रु. '000' मा |
|---|---|
| नगद मौज्दात | १० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४६,७६२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७,५५,४४० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मुद्धति मौज्दात | २९,००,००० |
| ग्राहकसँग लिनबाँकी कर्जा तथा सापटी रकम | ३,१४,२४,२११ |
| धितोपत्रहरुमा लगानी | ६६,४२,०३३ |

ग्राहकसँग लिनबाँकी कर्जा तथा सापटी र धितोपत्रहरुमा लगानी रकममा क्रमश: रु.१५,३१,१९,७४१ र रु.३,९७,७७,७२१ पाउनुपर्ने व्याज समावेश रहेको छ ।

**ii. उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति**

Amortized लगातमा मापन गरिएको बाहेक अन्य सबै वित्तीय सम्पत्तिलाई उचित मूल्यमा मापन गरिन्छ । उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिलाई देहाय बमोजिम पुन: दुई बर्गमा वर्गीकरण गरिएको छ :

**अ. उचित मूल्य नाफा वा नोक्सान मार्फत समायोजन हुने वित्तीय सम्पत्ति (Financial assets at fair value through profit or loss/FVTPL)**

कम अवधिमा व्यापारिक प्रयोजनका लागि राखिएका वित्तीय सम्पत्ति वा नाफा नोक्सान मार्फत उचित मूल्यको समायोजन हुने निर्दिष्ट गरेको खण्डमा त्यस्तो वित्तीय सम्पत्तिलाई यस अन्तर्गत वर्गीकरण गरिन्छ । यस प्रकारका वित्तीय सम्पत्तिमा प्रारम्भिक खरीद गर्दा हुने कारोवार खर्च यकिन हुने समयमानै नाफा नोक्सान विवरणमा पहिचान गर्ने गरिन्छ । यस वित्तीय सम्पत्तिलाई प्रारम्भिक मिति पश्चात्का अवधिमा उचित मूल्यमा मापन गरी त्यसमा हुन गएको फरक रकमलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ ।

बैंकको प्रतिवेदन मितिमा उचित मूल्यमा मापन गरी नाफा नोक्सान मार्फत समायोजन हुने वित्तीय सम्पत्ति रहेको छैन ।

**आ. उचित मूल्य अन्य विस्तृत आय विवरण मार्फत समायोजन हुने वित्तीय सम्पत्ति (Financial assets at fair value through other comprehensive income/FVTOCI)**

इक्वीटीमा लगानी व्यापारिक प्रयोजनले नगरिएको र प्रारम्भिक पहिचान गर्दा उचित मोलमा भएको परिवर्तनलाई विस्तृत आय विवरण मार्फत समायोजन हुनेगरी अपरिवर्तित छनौट भएको खण्डमा त्यस्तो वित्तीय सम्पत्तिलाई उचित

मूल्य अन्य विस्तृत आय विवरण मार्फत समायोजन हुने वित्तीय सम्पत्ति अन्तर्गत राख्नु पर्दछ । यस प्रकारको सम्पत्तिको प्रारम्भिक पहिचान पश्चात् उचित मूल्यमा मापन गर्नुपर्दछ र उचित मूल्यमा हुने फरकलाई अन्य विस्तृत आय विवरण मार्फत समायोजन गर्नुपर्दछ ।

**विस्तृत टिप्पणी**

यसअन्तर्गत नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडको इक्विटीमा गरिएको लगानी समावेश छ । उक्त लगानीले लगानी गरिएको संस्थामाथि नियन्त्रण वा महत्त्वपूर्ण प्रभाव पार्दैन । सो लगानी अन्य विस्तृत आम्दानी (FVTOCI) मार्फत उचित मूल्यमा मापन गर्ने गरी तोकिएको छ, जुन अनुसूची ४.८ अन्तर्गत प्रस्तुत गरिएको छ ।

नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडको सूचीकृत शेयरमा गरिएको लगानीलाई मूल्याङ्कन पदानुक्रम (Valuation Hierarchy) को स्तर १ (Level 1 Input) अनुसार प्रतिवेदन मितिमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा रहेको बजार मूल्य (प्रति शेयर रु. ७२३) मा मूल्याङ्कन गरिएको छ । सोसँग सम्बन्धित उचित मूल्य परिवर्तन (रु.९.९७ करोड) लाई चालू अवधिको विवरणमा प्रस्तुत गरिएको छ ।

**ख) वित्तीय दायित्वहरू (Financial Liabilities)**

बैंकले वित्तीय दायित्वहरूलाई देहाय बमोजिम वर्गीकरण गरेको छ:

**अ. उचित मूल्य नाफा वा नोक्सान मार्फत समायोजन हुने वित्तीय दायित्व (Financial liabilities at fair value through profit or loss/ FVTPL)**

व्यापारिक प्रयोजनका लागि ग्रहण गरिएको वित्तीय दायित्व वा नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने निर्दिष्ट गरेको खण्डमा त्यस्तो वित्तीय दायित्वहरुलाई यस अन्तर्गत वर्गीकरण गरिन्छ । यस प्रकारका वित्तीय दायित्वहरु प्रारम्भिक ग्रहण गर्दा हुने कारोवार खर्च यकिन हुनासाथ नाफा नोक्सान विवरणमा पहिचान गर्ने गरिन्छ । प्रारम्भिक मिति पश्चात्का उचित मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ ।

प्रतिवेदन मितिमा बैंकको यस प्रकारको उचित मूल्य नाफा नोक्सान विवरण मार्फत समायोजन हुने वित्तीय दायित्वहरु रहेको छैन ।

**ii. Amortized लागतमा मापन हुने वित्तीय दायित्वहरु**

उचित मूल्य नाफा नोक्सान विवरण मार्फत समायोजन हुने बाहेकका सम्पूर्ण वित्तीय दायित्वहरू प्रभावकारी व्याज दरको प्रयोग गरी Amortized लागतमा मापन गरिन्छ ।

**विस्तृत टिप्पणी**

प्रतिवेदन मितिमा बैंकले Amortized लागतमा मापन गरेको वित्तीय दायित्व देहाय बमोजिम रहेको छ ।

| विवरण | रकम रू. '000' मा |
|---|---|
| ग्राहकहरूको निक्षेप संकलन | ७८,३९,१२६ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | ५,००,०३८ |
| जारी गरिएको ऋणपत्र | ७२,६९,६५८ |

ग्राहकहरूको निक्षेप संकलनमा चल्ती तथा escrow खातामा रहेको रकम संलग्न छ । जारी गरिएको ऋणपत्रलाई परिशोधन हुन बाँकी ऋणपत्र जारी लागत घटाइ प्रस्तुत गरिएको छ ।

**३.४.३ मापन (Measurement)**

**प्रारम्भिक मापन (Initial measurement)**

वित्तीय सम्पत्ति तथा दायित्वलाई प्रारम्भिक मितिमा उचित मूल्यमा मापन गरिन्छ । नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने वित्तीय उपकरण बाहेक अन्य उपकरणको खरीद तथा जारी गर्दा लाग्ने कारोवार लागतलाई समेत माथि उल्लेखित उचित मूल्यमा जोड गरी मापन गरिन्छ । त्यस्तै नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने वित्तीय सम्पत्ति तथा दायित्वहरूमा भएको कारोबार लागतलाई नाफा नोक्सान हिसाब विवरणमा पहिचान गरिन्छ ।

**प्रारम्भिक मिति पश्चात्को मापन (Subsequent Measurement)**

वित्तीय सम्पत्ति तथा दायित्वहरुलाई प्रारम्भिक मापन पश्चात् उचित मूल्य वा amortized लागत मध्ये एकमा मापन गरिन्छ । Amortized लागतमा मापन हुने वित्तीय सम्पत्ति तथा दायित्वहरुलाई प्रभावकारी व्याजदर विधिको प्रयोगले मापन गरिन्छ ।

Amortized लागतमा मापन गरिएका सम्पत्ति तथा दायित्वहरुको मापन रकम यकिन गर्दा प्रारम्भिक पहिचान मितिमा भएको लागतमा, साँवा भुक्तानी कट्टी गरी, संचित परिशोधन खर्चको समायोजन पश्चात्को लागतलाई प्रभावकारी व्याजदर विधिले गणना गरी निर्धारण गरिन्छ । यसरी रकम निर्धारण गर्दा प्रारम्भिक मिति र maturity मितिमा हुने फरक रकम, क्षय नोक्सानी र असूल वा प्राप्त हुन नसक्ने रकम समेतलाई समायोजन गर्नुपर्ने हुन्छ ।

बैंकले ने.वि.प्र.मान-९ "वित्तीय उपकरण" ले निर्दिष्ट गरे अनुरुपको वर्गीकरण र मापन विधि अपनाएको छ ।

**३.४.४ वित्तीय सम्पत्तिहरु हटाउने (De-recognition)**

जब वित्तीय सम्पत्तिहरुबाट नगद प्रवाह प्राप्त गर्ने आधिकार समाप्त हुन्छ वा जब बैंकले वित्तीय सम्पत्तिबाट प्राप्त हुने सबैजसो लाभ तथा जोखिमहरु हस्तान्तरण हुने गरी स्वामित्व हस्तान्तरण गर्छ वा जब बैंकले ती जोखिम वा लाभहरु नत पूर्ण रुपमा हस्तान्तरण गर्छ नत कायम राख्छ र नत त्यसमा पूर्ण नियन्त्रण राख्न सक्दछ, त्यस्तो अवस्थामा बैंकले ती वित्तीय सम्पत्तिहरु हटाउने गर्दछ ।

वित्तीय सम्पत्तिबाट हटाउन योग्य सम्पत्तिहरुमा बैंकको कुनै स्वार्थ रहेको छ भने त्यसलाई छुट्टै सम्पत्ति वा दायित्वको रुपमा पहिचान गरिनु पर्दछ । जब कुनै वित्तीय सम्पत्ति हटाइन्छ, त्यस वेला सम्पत्तिको वहन मूल्य र प्राप्त गरिएको मुल्य तथा अन्य समूचित नाफा नोक्सान हिसावमा पहिचान गरिएको रकम बीचको फरक रकमलाई संचित मुनाफामा हिसाब मिलान गरिन्छ ।

बैंकले त्यस्ता कारोवारहरु पनि गर्ने गर्दछ जसमा आफ्नो वित्तीय विवरणमा पहिचान गरिसकेका वित्तीय सम्पत्तिहरुको हस्तान्तरण गरिसकेको हुन्छ तर त्यस सम्पत्तिको सबै वा प्रायजसो सबै लाभ तथा जोखिमहरु आफैले कायम राखेको हुन्छ । यदि सबै वा प्रायजसो सबै लाभ वा जोखिम कम्पनी आफैले राखेको हुन्छ भने त्यस्ता वित्तीय सम्पत्तिहरु वित्तीय

विवरणबाट हटाईदैन । लाभ वा जोखिम कम्पनीमा नै रहने गरि वित्तीय सम्पत्तिको हस्तान्तरण भन्नाले पुन: खरीद गर्ने शर्त सहितका हस्तान्तरणहरु समावेश भएको हुन्छ ।

**वित्तीय दायित्वहरु हटाउने**

जब कुनै वित्तीय दायित्व अन्तरगतको दायित्व भुक्तान भएमा वा म्याद सकेमा वा रद्द भएमा त्यस्तो वेला ती वित्तीय दायित्व वित्तीय विवरणबाट हटाइन्छ । जब कुनै विद्यमान वित्तीय दायित्वलाई एउटै पक्षको नितान्त भिन्न शर्तमा अन्य कुनै वित्तीय दायित्वबाट प्रतिस्थापन गरिन्छ वा ती शर्तहरुमा व्यापक परिमार्जन गरिएको हुन्छ, त्यस्तो अवस्थामा पुरानो वित्तीय दायित्व हटाइन्छ र नयाँ वित्तीय दायित्व पहिचान गरिन्छ । पुरानो वित्तीय दायित्व हटाउँदा र नयाँ वित्तीय दायित्वको पहिचान मार्फत प्राप्त हुने प्रतिफलको भिन्नताको रकमलाई नाफा वा नोक्सान हिसाबमा समावेश गरिन्छ ।

**३.४.५. उचित मूल्यको निर्धारण (Determination of fair value)**

उचित मूल्य भन्नाले त्यस्तो मूल्य हो जुन बजार सहभागी बीच मापन मितिमा सम्पत्ति प्राप्त गर्दा तिर्ने मूल्य वा दायित्व हस्तातरण गर्दा भुक्तानी गरिने उचित कारोवार रकमलाई जनाउदछ । उचित मोल नेपाल वित्तीय प्रतिवेदन मान १३ मा उल्लेख भए बमोजिम निर्धारण गरिएको छ ।

**तह १ :** तह १ मा बर्गिकरण हुने वित्तीय उपकरणहरुको मापन सुचिकृत मूल्य (Quoted Price) को आधारमा गरिन्छ ।

**तह २ :** वित्तीय उपकरणहरु जुन सकृय बजारमा कारोवार भएको हुदैन, ती उपकरणहरुको उचित मूल्य त्यस्तो मूल्यांकन विधी प्रयोग गरेर मापन गरिन्छ जसमा भरपर्दो बजार तथ्यांकलाई अधिकतम रुपमा प्रयोग गरिएको हुन्छ र निकाय विशेषको अनुमानहरुमा कम निर्भर गरेको हुन्छ । यदि वित्तीय उपकरणको उचित मूल्य निर्धारणका लागि आवश्यक सबै महत्वपूर्ण जानकारीहरु भरपर्दो भएमा मात्र ती उपकरणहरुलाई तह २ मा राखिन्छ ।

**तह ३ :** यदि एक वा सो भन्दा बढी महत्वपूर्ण सुचनाहरु भरपर्दो बजार तथ्यांकमा आधारित नभएको खण्डमा वित्तीय उपकरणलाई तह ३ मा राखिन्छ ।

यस आर्थिक वर्ष भरि वित्तीय उपकरणहरुलाई माथी उल्लेखित विभिन्न तहहरुबीच स्थान्तरण गरिएको छैन ।

**३.४.६. वित्तीय सम्पत्ति तथा दायित्वहरुको क्षय ह्रास (Impairment of financial assets/ liabilities)**

NFRS 9 "वित्तीय उपकरणहरु" ले भविष्यमा घट्ने घटनालाई पर्खेर नबसी अग्रिम सूचना र जानकारी तथा भविष्यको अपेक्षित नोक्सानीको आधारमा कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । जस अनुसार प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा, बैंकले NFRS 9 "वित्तीय उपकरणहरु" अनुसार वित्तीय सम्पत्ति हरुको अपेक्षित क्षयिकरणको लागि कर्जा नोक्सानी व्यवस्था गरेको छ ।

बैंकले वित्तीय सम्पत्तिहरुको प्रारम्भिक लेखांकन पश्चात् कर्जाको जोखिममा आएको परिवर्तनको आधारमा देहाय बमोजिम तीन चरणमा वर्गिकरण गरेको छ :

**चरण १ : १२ महिनाको अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (असल सम्पत्ति)**

प्रारम्भिक लेखांकन पश्चात् कर्जा जोखिममा उल्लेख्य वृद्धि भएको अनुभव नगरिएका वित्तीय सम्पत्तिहरुलाई चरण १ मा वर्गिकरण गरिएको छ । यस्ता सम्पत्तिहरुको लागि आगामी १२ महिनामा हुन सक्ने अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

**चरण २ : आजिवन अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (कमसल सम्पत्ति)**

जव कुनै वित्तीय सम्पत्तिमा असुल उपर नहुने जोखिम उल्लेखनीय वृद्धि भएको अनुभव गरिन्छ तर अझै कर्जा नोक्सानी भइ नसकेको हुन्छ, ती वित्तीय सम्पत्तिहरुलाई चरण २ मा सारिन्छ । यस्ता सम्पत्तिहरुको लागि बैंकले ऐतिहासिक, वर्तमान र भविष्यका जानकारीहरुको समायोजन गरी आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

**चरण ३ : आजिवन अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (खराव सम्पत्ति)**

जव कुनै वित्तीय सम्पत्तिमा कर्जा नोक्सानी भएको ठोस प्रमाणहरु देखिन्छ जस्तै कर्जाको गुणस्तरमा उल्लेख्य मात्रामा ह्रास आएको वा क्षयिकरण भएको अवस्थामा ती वित्तीय सम्पत्तिहरुलाई चरण ३ मा वर्गिकरण गरिन्छ । बैंकले चरण ३ का सम्पत्तिहरुको लागि आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

बैंकले वित्तीय सम्पत्तिहरुको लागि अपेक्षित कर्जा नोक्सानी व्यवस्थाको पहिचानको लागि नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको "NFRS 9- Expected Credit Loss Related Guidelines, २०२४" लागु गरेको छ ।

नियामक निर्देशिका अनुसार बैंकले NFRS 9 अन्तरगतको अपेक्षित कर्जा नोक्सानी (ECL) मोडेल प्रयोग गरि कर्जा तथा पेश्की रकममा क्षयिकरण रकम निर्धारण गरेको छ जसले अघिल्लो वर्षको Incurred Loss मोडेललाई प्रतिस्थापन गरेको छ । जसअनुसार वित्तीय सम्पत्तिको क्षयिकरण रकम देहाय मध्ये बढी रकमलाई मापन गरिनु पर्दछ :

(क) NFRS 9 अनुसार अपेक्षित कर्जा नोक्सानी मोडेलको आधारमा निर्धारण गरिएको रकम, र

(ख) नेपाल राष्ट्र बैंकको प्रचलित निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था रकम ।

**३.४.६.१ क्षयह्रास कायम/(फिर्ता) (Impairment charge/ reversal & write-off)**

क्षयह्रास रकम मापन गर्दा उक्त वित्तीय सम्पत्तिको खुद किताबी रकम र उक्त वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई (भविष्यमा हुने प्राप्य नोक्सानलाई समायोजन नगरी) शुरूमा कायम गरिएको प्रभावकारी ब्याज दरले (प्रारम्भिक पहिचानका कायम प्रभावकारी ब्याज दर) discount गरी गणना भएको वर्तमान रकमको भिन्नताको आधारमा मापन गरिन्छ । यसरी गणना गरी कायम गरिएको क्षयह्रासको व्यवस्था रकम बराबर उक्त सम्पत्तिको रकममा

घटाउने गरिन्छ । तत्पश्चात् आसामीको विश्वसनियता सुधार भएको खण्डमा क्षयह्रास रिभर्श लेखांकन गर्नुपर्दा नाफा नोक्सानमा समायोजन गर्नु पर्दछ । यसरी क्षयह्रास रिभर्श गर्दा पहिले क्षय नोक्सानी कायम गरेको रकम सम्म मात्र समायोजन हुने गर्दछ ।

वित्तीय सम्पत्ति रकम असुली हुने सम्भावना नरहेको खण्डमा त्यस्तो वित्तीय सम्पत्ति (सम्बन्धित क्षय ह्रास व्यवस्था समेत) अपलेखन गर्नुपर्दछ । यदी वित्तीय सम्पत्तिको सुरक्षणका रूपमा राखिएको उपकरणको असुलीबाट प्राप्त रकम नखामेमा उक्त फरक रकमले सम्पत्ति अपलेखन गर्नुपर्दछ ।

बैंकले NFRS 9 अनुसार आवश्यक अपेक्षित कर्जा नोक्सानी रकम/(फिर्ता) को समायोजन गरि नाफा नोक्सान हिसावमा क्षयिकरण नाफा वा नोक्सान पहिचान गरिएको छ ।

**विस्तृत टिप्पणी**

वित्तीय सम्पत्तिहरुको क्षयिकरण NFRS 9 को आधारमा निर्धारण गरिएको रकम भन्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको रकम बढि रहेको छ । तसर्थ वित्तीय विवरणमा कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार दर्शाईएको छ ।

| कर्जा नोक्सानी व्यवस्था | यस वर्ष | गत वर्ष |
|---|---|---|
| NFRS 9 अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था | ३९,३३,६०,९८० | ५४,४०,८७,६६८ |
| नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था | ४५,१४,१३,९५६ | ६६,४१,८४,३९२ |
| **NFRS 9 र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था मध्ये बढि** | **४५,१४,१३,९५६** | **६६,४१,८४,३९२** |

बैंकले नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम देहायको कर्जा नोक्सानी व्यवस्थाको गणना गरेको छ । साथै नेपाल राष्ट्र बैंकको Supervisory Review & Evaluation तथा लेखापरिक्षकको सिफारिस अनुसार थप रु. २ करोड १९ लाख कर्जा नोक्सानी व्यवस्थालाई निरन्तरता दिईएको छ ।

| ग्राहकलाई दिएको कर्जा तथा सापटीमा क्षयह्रास कायम | रकम रु. | रकम रु. |
|---|---|---|
| २०८३ आषाढ मसान्तसम्मको ग्राहकलाई दिएको कर्जा तथा सापट रकम | ३१,६३,४४,१२,६४५ | |
| शुरु कर्जा नोक्सानी व्यवस्था रकम | - | ६६,४१,८४,३९३ |
| यस वर्ष थप | - | ९,७७,७४,३६२ |
| यस वर्ष व्यवस्थाबाट फिर्ता | - | (३१,०५,४४,८००) |
| **अन्तिम कर्जा नोक्सानी व्यवस्था रकम** | **-** | **४५,१४,१३,९५६** |
| ने.रा. बैंकद्वारा जरी निर्देशन अनुसार व्यवस्था | ४२,९५,१३,९५६ | - |
| ने.रा. बैंक Supervisory Review र बाह्य लेखापरिक्षकको अनुसार थप | २,१९,००,००० | - |

### ३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति तथा दायित्व भन्नाले ती सम्पत्ति तथा दायित्व हुन जुन बैंकले छोटो अवधिमा मुनाफा कमाउने उद्देश्यले वा वित्तीय स्थिति कायम राख्ने उद्देश्यले खरीद गरेको वा भविष्यमा पुनर्खरीदको लागि बिक्री गरेको वा portfolio व्यवस्थापनको लागि राखिएको सम्पत्ति वा दायित्वहरु हुन ।

व्यापारिक सम्पत्ति तथा दायित्वहरूलाई वित्तीय स्थिति विवरणमा प्रारम्भिक मितिमा उचित मूल्यमा पहिचान गरिन्छ र सम्बन्धित कारोवार खर्चलाई नाफा नोक्सानमा देखाइन्छ । उचित मूल्यमा भएको फरक रकमलाई खुद व्यापारिक आम्दानीका रूपमा नाफा नोक्सान विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै व्यापारिक सम्पत्ति रहेको छैन ।

### ३.६ डेरिभेटिभ सम्पत्ति र डेरिभेटिभ दायित्वहरू (derivative assets & derivative liabilities)

जोखिम व्यवस्थापनका लागी धारण गरिएको र व्यापारिक सम्पत्ति तथा दायित्वमा नपर्ने सबै प्रकारका डेरिभेटिभ सम्पत्ति तथा दायित्वहरू यस अन्तरगत पर्दछन् । जोखिम व्यवस्थापनका लागी धारण गरिएको डेरिभेटिभ सम्पत्ति तथा दायित्वहरूलाई उचित मूल्यमा मापन गरि वित्तीय स्थिति विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै डेरिभेटिभ दायित्वहरू रहेको छैन ।

### ३.७ जायजेथा तथा उपकरण (Property and Equipment)

**क) पहिचान र मापन (Recognition and Measurement)**

भविष्यमा सम्बन्धित सम्पत्तिबाट बैंकलाई आर्थिक लाभको प्रवाह हुने र उक्त सम्पत्तिको लागत सहजरूपमा मापन गर्न सकिने अवस्थामा मात्र जायजेथा तथा उपकरणको पहिचान गरिन्छ । लागत निर्धारण गर्दा प्रत्यक्ष रूपमा सम्पत्तिका प्राप्तीमा भएको खर्चहरूलाई समेत समावेश गर्नुपर्दछ । स्वयम् निर्मित सम्पत्तिको लागतमा निम्न लागत समावेश गर्नुपर्दछ:

- सामाग्रीको लागत र प्रत्यक्ष ज्याला खर्च
- सम्पत्तिलाई तोकिएको प्रयोग योग्य स्थितिमा ल्याइ पुऱ्याउन लागेको प्रत्यक्ष खर्चहरु
- ऋणको लागत पुँजीकरण

जायजेथा र उपकरणलाई लागतमा संचित ह्रास र भएको संचित क्षय नोक्सानी घटाई खुद रकममा मापन गरिन्छ । प्रतिबेदन मितिमा कुनै पनि जायजेथा तथा उपकरहरू पुन:मूल्याङ्कन मोडल वा उचित मूल्यबाट मापन गरिएको छैन । खरीद पश्चात्को खर्चहरुबाट यदि भविष्यमा बैकलाई थप आर्थिक लाभ प्राप्त हुन्छ भन्ने सम्भावना रहेको अवस्थामा ती खर्चहरु पुँजीकृत गरिन्छ । नियमित रुपमा गरिने मर्मत सम्भार खर्चहरु जसले जायजेथा तथा उपकरणलाई संचालनयोग्य बनाइराख्दछ, ती रकमलाई खर्चको रुपमा जनाउनुपर्दछ ।

जायजेथा तथा उपकरण विक्री गर्दा वा हटाउँदा हुने लाभ वा नोक्सानीलाई नाफा नोक्सानी विवरणमा पहिचान गरिन्छ ।

बैकको प्रतिवेदन मितिमा जायजेथा र उपकरणहरू विक्री गरिएको वा हटाइएको छैन ।

**ख) निर्माणाधिन पुँजीगत खर्च (Capital work in progress)**

निर्माणाधिन पुँजीगत खर्चलाई लागत रकममा प्रस्तुत गरिन्छ । यस अन्तर्गत पुँजीगत प्रकृतिका खर्चहरू जस्तै पुँजीकृत हुन बाँकी भवन निर्माण गर्दाको खर्चहरू पर्दछन् ।

प्रतिवेदन मितिमा बैंकको निर्माणाधिन पुँजीगत खर्च रहेको छैन ।

**ग) ह्रास खर्च (Depreciation)**

व्यवस्थापनले निर्धारण गरे बमोजिम जायजेथा तथा उपकरणहरुलाई प्रयोगका लागि उपलब्ध मितिदेखि अनुमानित प्रयोग आयुसम्म straight line विधिबाट ह्रास खर्च गरिन्छ । ह्रास खर्चलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ । वित्तीय लिज अन्तर्गत प्राप्त सम्पत्तिको ह्रास अवधि उक्त लिजको अवधि वा सम्पत्तिको प्रयोग अवधि मध्ये जुन कम हुन्छ सोही अवधिका आधारमा गरिन्छ । जग्गाको ह्रासकट्टी गरिदैन । सम्पत्तिलाई बेच्नको लागि राखिएको वा विक्री वा हटाइएको समय मध्ये जुन अघि हुन्छ सोही अवधि देखि ह्रास कट्टी गरिनु हुँदैन ।

जायजेथा र उपकरणको महत्वपूर्ण शीर्षकहरुको अनुमानित प्रयोग गर्न सकिने अवधि निम्न बमोजिम रहेको छ ।

| विवरण | प्रयोग गर्न सकिने अवधि |
|---|---|
| लिजमा लिएको भवन | १० वर्ष |
| **फर्निचर तथा फिक्सचर्स** | |
| फर्निचर तथा फिक्सचर्स (मिटिङ्ग हलमा प्रयोग भएको) | ८ वर्ष |
| फर्निचर तथा फिक्सचर्स (अन्य) | १० वर्ष |
| **कम्प्युटर तथा सहायक उपकरणहरू** | |
| सर्भर र नेटवर्क | ६ वर्ष |
| अन्य | ३ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| विद्युतीय उपकरण तथा जडान | १० वर्ष |
| **सवारी साधन, मोटरसाईकल** | |
| कार, बस | ८ वर्ष |
| मोटरसाईकल | १० वर्ष |
| मेसिनरी | १५ वर्ष |
| **अमूर्त सम्पत्ति** | **५ वर्ष वा सम्झौता बमोजिम** |

व्यवस्थापनले रु.१०,००० भन्दा कम लागत भएका सम्पत्तिलाई खरिद भएको वर्षमा पूर्ण ह्रास कट्टी गर्ने व्यवस्था गरेको छ । खरिद तथा विक्री गरिएका सम्पत्तिलाई उक्त अवधीसम्मको अनुपातका आधारमा ह्रास खर्च गणना गरिन्छ ।

ह्रास खर्च विधि, उपयोग्य आयु र शेष रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरी समायोजन गर्नुपर्दछ ।

## ३.८ साख र अमूर्त सम्पत्ति (Goodwill & intangible assets)

**साख**

कुनै पहिचान योग्य सम्पत्ति प्राप्ती गर्दा तिरेको लागतभन्दा उक्त सम्पत्तिको उचित मूल्य कम भएमा बाँकी हुने शेष रकमले साख बुझाउँदछ । साखले पहिचान हुन नसक्ने अमूर्त सम्पत्तिलाई दर्साउदछ । साखलाई नगद आर्जन गर्ने ईकाई (cash generating unit) को आधारमा विभाजन गर्नुपर्दछ, जुन प्राप्त गरेको निकाय भन्दा ठूलो हुन सक्दछ र Amortized गरिदैन । वार्षिकरूपमा नगद आर्जन गर्ने ईकाईको अनुमानित नगद प्रवाहको वर्तमान मूल्य र खुद किताव मूल्यको तुलनात्मक हिसावले क्षयह्रास भए नभएको मूल्यांकन गर्नुपर्दछ । क्षयह्रास पहिचान भएमा उक्त रकमलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गर्नु पर्दछ ।

**प्राप्त गरिएको अमूर्त सम्पत्ति (Acquired intangible assets)**

प्राप्त गरिएको अमूर्त सम्पत्तिलाई प्रारम्भिक मितिमा उचित मूल्यमा मापन गरिन्छ । यसरी मापन गर्दा उक्त सम्पत्तिले भविष्यमा बैंकलाई प्रवाह गर्नसक्ने आर्थिक लाभ सम्बन्धी बजार अपेक्षालाई दर्शाउनुपर्ने हुन्छ । प्राप्त गरिएको अमूर्त सम्पत्तिलाई अनुमानित उपयोग्य आयुका आधारमा amortization गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

बैंकले खरिद गरेको कम्प्युटर सफ्टवेयर अमूर्त सम्पत्ति अन्तर्गत रहेको छ । उक्त सफ्टवेयरलाई लागतमा संचित amortization र भएको संचित क्षयह्रास रकम घटाई खुद रकममा मापन गरिएको छ । सफ्टवेयरलाई straight line आधारमा उपयोग्य अवधिभर amortization गरिएको छ । यसको अनुमानित आयु यस वर्ष र तुलनात्मक वर्षको लागि पाँच वर्ष वा सम्झौता बमोजिम रहेको छ । परिशोधन विधि अनुमानित आयु तथा शेष रहने मूल्य प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र केही परिवर्तन भएको अवस्थामा समायोजन गरिन्छ ।

## ३.९ लगानी सम्पत्ति (Investment Properties)

लगानी सम्पत्ति भन्नाले त्यस्ता सम्पत्ति हुन् जुन बैंक आफैले उपभोग गर्नुभन्दा त्यसबाट भाडा अथवा पुँजी अभिवृद्धि अथवा दुवैबाट आम्दानी प्राप्त गर्ने उद्देश्यले राखेको हुन्छ । यस्तो सम्पत्ति व्यवसाय सञ्चालनमा उपभोग गर्न राखिएको हुँदैन र यसको निसर्गले बैंकको सञ्चालनमा केही असर गर्दैन । लगानी सम्पत्तिहरु प्रारम्भमा कारोवार खर्च सहितको लागत मूल्यमा लेखाङ्न गरिन्छ । तत्पश्चात् सम्पूर्ण लगानी

सम्पत्ति (अपवाद बिना) उचित मूल्यमा मापन गरिन्छ । साथै उचित मूल्य निर्धारण गर्ने क्रममा नाफा वा घाटा भएको पाइएमा नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । लगानी सम्पत्तिमा प्रयोग हुने सो उचित मूल्य भन्नाले इच्छुक तथा जानकार व्यक्तिबीच प्रतिवेदन मितिको बजार अवस्था अनुसार हाताहाती कारोबारमा सम्पत्ति साट्न सकिने मूल्य हो ।

**विस्तृत टिप्पणी**

यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको लगानी सम्पत्ति छैन ।

### ३.१० आयकर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर समावेश भएको हुन्छ । इक्वीटीमा र अन्य विस्तृत आम्दानीमा सोझै पहिचान गरिएको वाहेक चालु कर र स्थगन कर नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको छ ।

**क) चालू कर**

चालू कर चालु आर्थिक वर्षमा आर्जन गरेको मुनाफामा प्रतिवेदनको मितिमा लागु हुने कानूनी करको दरको आधारमा अनुमानित तिर्नुपर्ने कर वा असुली गर्नुपर्ने कर रकम र विगतका वर्षहरुको तिर्नबाँकी कर समायोजन रकम रहेको छ । चालू करमा लाभांस घोषणा गर्दाको अवस्थामा सृजना हुने कर दायित्व समेत समावेश हुन्छ ।

**ख) स्थगन कर**

स्थगन कर सम्पत्ति तथा दायित्वको कितावी मूल्य र कर प्रयोजनको लागि प्रयोग भएको रकमको अस्थायी फरक रकमको आधारमा पहिचान गरिन्छ । स्थगन करको निर्धारण प्रतिवेदनको मितिमा बैंकलाई लागू हुने करको दरको आधारमा गरिन्छ जुनबेला सम्बन्धित स्थगन कर सम्पत्ति बेचिन्छ वा स्थगर कर दायित्व मिलान गरिन्छ भन्ने अनुमान गरिएको हुन्छ ।

कुनै विशेष पट्टाको Right-of-use सम्पत्ति र पट्टाको दायित्वसँग सम्बन्धित अस्थायी फरक रकम वापतको स्थगन कर पहिचान गर्नको लागि उक्त अस्थायी फरक रकम खुद आधारमा (पट्टा वापतको अस्थायी फरक रकम मानिएको) पहिचान गरिएको छ ।

स्थगन कर सम्पत्ति त्यस वखत पहिचान गरिएको हुन्छ जब भविष्यमा करयोग्य मुनाफा प्राप्त हुने सम्भावना रहन्छ र अस्थायी फरक परिचालन गर्न सकिन्छ ।

### ३.११ निक्षेप, ऋणपत्र तथा Subordinated दायित्वहरु

**क) निक्षेप**

बैंकले ग्राहकवर्गहरुबाट आवधिक निक्षेप स्वीकार गर्ने गरेको छ । उक्त निक्षेप बैंकले दायित्वका रुपमा लेखाङक्न गर्दछ र यसले ग्राहकहरुलाई तिर्न बाँकी रकमको प्रतिनिधित्व गर्दछ ।

**ख) ऋण धितोपत्र जारी**

यसमा बैंकले जारी गरेको ऋणपत्र, बोन्ड अथवा अन्य ऋण सुरक्षण समावेश गरिन्छ । सुरुमा जारी गरेको ऋण धितोपत्र उचित मूल्यमा बढोत्तरी प्रत्यक्ष कारोवार खर्च घटाई मापन गरिन्छ र त्यसपछि प्रभावी व्याज दरको प्रयोग गरि Amortized लागतमा मापन गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकले आ.व. २०७८/७९ मा रु.२,२८,९८,१३,००० मूल्यको ७ वर्ष अवधि रहेको 'निफ्रा इनर्जी बोन्ड ७% -२०८५/८६' सार्वजनिक निष्कासन गरेको थियो । यसको निष्कासन लागत रु.८५,०९,९५४ रहेको र यस आ.व. को अन्तिमसम्म कुल परिशोधन (Amortization) रु.३७,५९,८८२ रहेको छ ।

यसैगरी, आ.व. २०८१/८२ मा बैंकले रु.५ अर्ब मूल्यको ७ वर्ष अवधि रहेको 'निफ्रा ग्रिन इनर्जी बोन्ड ६%-२०८८/८९' को सार्वजनिक निष्कासन गरेको छ । यसको निष्कासन लागत रु.१,७४,१७,६२१ रहेको छ भने यस आ.व. को अन्तिमसम्म कुल परिशोधन (Amortization) रु.२०,१२,५१६ रहेको छ ।

| शिर्षक | निफ्रा इनर्जी बोन्ड २०८५/८६ | निफ्रा ग्रिन इनर्जी बोन्ड २०८८/८९ |
|---|---|---|
| अंकित मूल्य | प्रति युनिट रु.१००० | प्रति युनिट रु.१००० |
| परिपक्वता अवधि | ७ वर्ष | ७ वर्ष |
| परिपक्वता मिति | २०८६ पौष २० | २०८९ जेष्ठ २९ |
| ब्याज दर | प्रतिवर्ष ७% | प्रतिवर्ष ६% |
| युनिट संख्या | २२,८९,८१३ | ५०,००,००० |
| रकम | रु.२,२८,९८,१३,००० | रु.५,००,००,००,००० |

**ग. Subordinated दायित्वहरु**

Subordinated दायित्वहरु भन्नाले ति दायित्वहरु हुन जुन संस्था खारेज भएको खण्डमा निक्षेपकर्ता, ऋणपत्र तथा साहूहरुको दाबी भन्दा पछाडी भुक्तानी दावीयोग्य रहेको हुन्छ

### ३.१२ व्यवस्था तथा सम्भावित सम्पत्ति/दायित्वहरु

यदि विगतको घटनाले गर्दा बैंकले वर्तमान अवस्थामा कानूनीरुपमा वा व्यवहारिक रुपमा दायित्व निर्वाह गर्नुपर्ने हुन्छ जसको विश्वसनिय रुपमा मापन गर्न सकिन्छ र उक्त दायित्व पूरा गर्नको लागि आर्थिक लाभ बाहिरिने सम्भावना रहेको हुन्छ भने बैंकले त्यसको लागि व्यवस्था पहिचान गरेको हुन्छ ।

जब सम्भावित दायित्व वा वर्तमान दायित्व जसबाट आर्थिक लाभ बाहिरिने सम्भावना न्यून रहेको हुन्छ त्यसको लागि बैंकले व्यवस्था पहिचान गरिएको हुँदैन साथै खुलासा पनि गरेको हुँदैन ।

Onerous सम्झौताको लागि व्यवस्थाको पहिचान त्यस्तो अवस्थामा मात्र गरिएको हुन्छ जुनबेला सम्झौताबाट प्राप्त गर्ने अनुमानित लाभ त्यस सम्झौता बमोजिम दायित्व निर्वाह लाग्ने लागत भन्दा कम भएको हुन्छ ।

प्रत्येक प्रतिवेदन मितिमा व्यवस्था रकमलाई पुनरावलोकन गरिन्छ र चालु उचित अनुमानलाई दर्शाउनको लागि समायोजन गर्ने गरिन्छ । यदि दायित्व निर्वाहको लागि आर्थिक लाभ बाहिरिने सम्भावना नहुने देखिएमा ती व्यवस्थालाई फिर्ता गरिन्छ ।

सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा पहिचान गरिदैन । तथापि, सम्भावित सम्पत्तिलाई नियमित रुपमा निर्धारण गर्ने गरिन्छ र यदि वास्तविक रुपमा आर्थिक लाभ

भित्रिने सम्भावना निश्चित रहेको अवस्थामा सम्बन्धित आम्दानीलाई त्यहि समयमा पहिचान गर्ने गरिन्छ ।

सम्भावित दायित्वको खुलासा त्यस बेला गरिन्छ जुनबेला सम्भावित दायित्व वा वर्तमान दायित्वको लागि श्रोतको बहिर्गमनको आवश्यकता पर्दैन । यसमा सामान्यतया कागजाती ऋण, Forward सम्पत्ति खरीद तथा उपयोग नभएको (Undrawn) औपचारिक स्वीकृत ऋण सुविधा आदी पर्दछन् । यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको व्यवस्था छैन । सम्भावित दायित्व अनुसूची ४.२८ मा देखाइएको छ ।

**३.१३ आयको पहिचान**

आयमा ब्याज आम्दानी, शुल्क र कमिशन समावेश भएको हुन्छ । आयको पहिचान त्यसबेला मात्र गरिएको हुन्छ, जुनबेला आर्थिक लाभ बैंकलाई प्राप्त हुने सम्भावना रहेको हुन्छ र आयको सुनिश्चित तरिकाले मापन गर्न सकिएको हुन्छ । आय रकम असुली गर्ने सम्भावना नरहेको अवस्थामा उक्त अवधिका आयको पहिचान गरिदैन । आय पहिचानका आधारहरु देहाय बमोजिम रहेका छन् :

**क. ब्याज आम्दानी**

बैंकले कर्जामा प्राप्त हुने ब्याज आम्दानीलाई NFRS 9 अनुसार प्रोदभावी पद्धतिका आधारमा पहिचान गर्ने गरेको छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको उचित मूल्यमा भएको परिवर्तनबाट भएको लाभ तथा हानीलाई नाफा वा नोक्सानी विवरणमा जुन समयमा लाभ हानी भएको हुन्छ सोहि अवधिमा समावेश गरिएको हुन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको सम्झौता अनुसारको ब्याज आम्दानी तथा खर्चहरुलाई खुद ब्याज आम्दानीमा पहिचान गरिएको हुन्छ ।

Amortized लागत वा FVOCI को आधारमा वर्गिकरण गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी प्रभावी ब्याजदरको प्रयोग गरि मापन गरिन्छ । यस किसिमको वित्तीय सम्पत्तिमा ऋण तथा सापटी, कर्मचारी ऋण, बैंक तथा वित्तीय संस्थाहरुमा Placement, नेपाल सरकारको ऋणपत्रमा लगानी आदि पर्दछन् ।

प्रभावी ब्याजदर प्रणाली वित्तीय सम्पत्ति वा दायित्वको Amortized लागत निर्धारण गर्ने प्रणाली हो जसमा ब्याज खर्च तथा आम्दानी सम्बन्धित अवधिमा बांडफांड गरिन्छ । प्रभावी ब्याजदर भन्नाले त्यो दर हो जसले वित्तीय उपकरणको आयुको आधारमा वा यदि उचित देखिएमा कम अवधिमा भविष्यको अनुमानित नगद भुक्तानी तथा प्राप्तिलाई Discount गरी वित्तीय सम्पत्ति वा दायित्वको खुद धारित मूल्य तय गरिएको हुन्छ । प्रभावी ब्याजदार अनुसार हिसाब किताब गर्दा बैंकले वित्तीय विवरणको सबै शर्तहरुको आधारमा नगद प्रवाहको अनुमान गर्ने गर्दछ । तर भविष्यमा हुने नोक्सानीहरु (Credit Losses) लाई गणना गर्दैन । सो गणनाले करारका पक्षहरुबीच भुक्तानी वा प्राप्ती हुने प्रभावी ब्याजदरको अभिन्न हिस्सा भएका सबै शुल्कहरु, कारोबार लागत र अन्य सबै प्रीमियम वा छुट समावेश गर्छ । अनुमानित नगद प्रवाहमा संशोधन भएको खण्डमा वास्तविक एवं संशोधित नगद प्रवाहलाई प्रतिबिम्बित गर्नको निम्ति उपकरणको मुल्य प्रभावी ब्याजदरले डिस्काउण्ट ( Discount) गरी वित्तीय सम्पत्ति वा दायित्वको धारित मूल्यलाई समायोजन गरिन्छ । सो समायोजित रकमलाई संशोधन गरिएको अवधिमा ब्याज आम्दानी वा खर्च लेखाङ्कन गरिन्छ । यदि वित्तीय सम्पत्तिको पुनर्वर्गिकरण भएमा पुनर्प्राप्तिको वृद्धिको परिणाम स्वरुप भविष्यको नगद प्राप्तिको अनुमानमा हुने वृद्धिलाई अनुमान परिवर्तन भएको मितिदेखि प्रभावी ब्याजदरमा समायोजन गरी लेखाङ्कन गरिन्छ ।

कुनै वित्तीय सम्पत्ति वा समान प्रकृतिका वित्तीय सम्पत्तिको समुहलाई क्षयह्रासको कारण मुल्य घटेको खण्डमा क्षयह्रासको मापनको निम्ति भविष्यको नगद प्रवाहलाई डिस्काउण्ट (Discount) गर्न प्रयोग गरिएको ब्याजदर प्रयोग गरी ब्याज आम्दानीको लेखाङ्कन गरिन्छ ।

बैंकले जोखिमयुक्त (Credit–impaired) बाहेक अन्य वित्तीय सम्पत्तिहरूमा ब्याज आम्दानी गणना गर्दा किताबी मूल्य (gross carrying amount) मा प्रभावकारी ब्याज दर (EIR) लाई प्रयोग गरेर गणना गर्दछ । तर, कुनै वित्तीय सम्पत्ति जोखिमयुक्त (credit–impaired) भई चरण ३ (Stage 3) मा वर्गीकृत भएमा, बैंकले सो वित्तीय सम्पत्तिको ब्याज आम्दानी खुद परिशोधित लागत (net amortised cost) मा प्रभावकारी ब्याज दर प्रयोग गरेर गणना गर्दछ ।

कर्जा प्रशासन शूल्क रु. २५ लाख भन्दा बढी भएका तथा लगानी गरिएको आयोजना सञ्चालनमा आइसकेका वा सम्पन्न हूने अन्तिम चरणमा पुगेका कर्जा खाताहरुको लागि NFRS-9 अन्तर्गतको प्रभावकारी ब्याज दर पद्धति (EIR Method) बमोजिम ब्याज आम्दानी लेखााङ्कन गरिएको छ । ई.सि.एल. (expected credit loss) अवलम्बन गरिएपश्चात् बाँकी कर्जा खाताहरुको हकमा नेपाल राष्ट्र बैंकबाट जारी भएको "ब्याज आम्दानी पहिचान सम्बन्धी मार्गदर्शन, २०२५" बमोजिम ब्याज आम्दानी लेखाङ्कन गरिएको छ । उक्त मार्गदर्शनको व्यवस्था अनुसार, अघिल्लो त्रैमासिकको स्टेज ३ मा रहेका कर्जाहरुको ब्याज आम्दानी नगद प्राप्तिको आधारमा मात्र लेखाङ्कन गरिनु पर्दछ ।

**विस्तृत टिप्पणी**

कर्जा प्रशासन शूल्क रु. २५ लाख भन्दा बढी भएका तथा लगानी गरिएको आयोजना सञ्चालनमा आइसकेका वा सम्पन्न हुने अन्तिम चरणमा पुगेका कर्जा खाताहरुको लागि NFRS-9 अन्तर्गतको प्रभावकारी ब्याजदर (Effective Interest Rate) विधिबाट ब्याज आम्दानी लेखाङ्कन गरिएको छ । ई.सि.एल. (Expected Credit Loss) अवलम्बन गरिएपश्चात् बाँकी कर्जा खाताहरुको हकमा नेपाल राष्ट्र बैंकबाट जारी भएको "ब्याज आम्दानी पहिचान सम्बन्धी मार्गदर्शन, २०२५" बमोजिम ब्याज आम्दानी लेखाङ्कन गरिएको छ । उक्त मार्गदर्शनको व्यवस्था अनुसार, अघिल्लो त्रैमासको Stage 3 मा रहेका कर्जाहरुको ब्याज आम्दानी नगद प्राप्तिको आधारमा मात्र आम्दानी पहिचान गरिएको छ ।

आषाढ मसान्त २०८३ मा बैंकले Stage 3 मा रहेको एक ऋणीको नगदमा प्राप्त हुन नसकेको (Accural) ब्याज बापत रु.८९.५२ लाखलाई ब्याज आम्दानीमा लेखाङ्कन गरिएको छैन ।

प्रतिवेदन अवधिमा ब्याज आम्दानी रु.२४२.४५ करोड रहेको छ जुन अनुसूची ४.२९ मा प्रस्तुत गरिएको छ ।

यस आर्थिक वर्षमा स्वीकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क रकम रु.३,९८,९४,३३५, उक्त कर्जा प्रवाह भएका पूर्वाधारका परियोजनाको हकमा प्रतिवेदन मितिसम्ममा नगद प्रवाहलाई भरपर्दो रूपमा अनुमान गर्न नसकिने हुनाले र सो शुल्क प्रभावी ब्याजदर (EIR) को अभिन्न हिस्सा भएको हुनाले आर्जन नभएको आम्दानी 'unearned other Income' को रुपमा स्थगन गरिएको छ । 'unearned other Income' बाट गरिएको आम्दानी लेखाङ्कन रु.४,३९,५२,३५० मध्ये आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेका वा सञ्चालनमा रहेका आयोजनाहरूको शुल्क Amortization बापत रु.५७,८१,९५१, कर्जा खाताहरू बन्द भएको कारणले रु.१,०९,६८,०२८ तथा रु.२५ लाख वा सोभन्दा कम व्यवस्थापन शुल्क भएका (मेटिरियलिटी थ्रेशहोल्ड) कार्यान्वयन बापत रु.२,७२,०२,३७१ समावेश रहेको छ । यस आर्थिक वर्षान्तमा रु.११,४२,२८,६९३ "आर्जन नभएको आम्दानी" को रुपमा रहेको छ जसको विवरण निम्न बमोजिम रहेको छ ।

| आर्जन नभएको आम्दानी | रकम (रू.) |
|---|---|
| शुरु रकम | ११,८२,८६,७०८ |
| यस आ.व.मा आर्जन नभएको आम्दानीमा रकमान्तर गरेको | ३,९८,९४,३३५ |
| यस आ.व.मा आर्जन नभएको आम्दानीबाट रकमान्तर गरेको | (४,३९,५२,३५०) |
| **अन्तिम रकम** | **११,४२,२८,६९३** |

**ख. शुल्क तथा कमिशन**

सेवा प्रदान गरिसकेका वा प्राय सबै कार्य सम्पन्न भइसकेको अवस्थामा शुल्क तथा कमिशन आम्दानीलाई प्रोदभावी पद्धतिका आधारमा बैंकले पहिचान गर्ने गरेको छ । स्विकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क तथा प्रतिफल वृद्धि गर्ने शुल्क कर्जाको प्रभावी ब्याजदरको अभिन्न हिस्सा हुन्छन् । तर बैंकले निर्धारण गरेको २५ लाख वा सोभन्दा कम रकम भएका (मेटिरियलिटी थ्रेशहोल्ड भन्दा कम रकम भएका) शुल्कहरूको हकमा भने प्राप्त हुनासाथ सोझै "शुल्क तथा कमिशन आम्दानी" अन्तर्गत लेखांकन गरिन्छ ।

**विस्तृत टिप्पणी**

प्रतिवेदन मितिमा शुल्क तथा कमिशन बापत रु ५.८१ करोड रहेको छ जसलाई अनुसूची ४.३१ मा देखाईएको छ ।

**ग. अन्य सञ्चालन आम्दानी**

यो शिर्षकमा बैंकले ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी बाहेकका आम्दानीलाई प्रस्तुत गर्ने गरिएको छ । इक्विटी शेयर बाट प्राप्त लाभांश आम्दानी पनि यसै शिर्षकमा पहिचान गरिन्छ जब बैंक सँग लाभांश प्राप्त गर्ने अधिकार स्थापित हुन्छ ।

**घ. खुद व्यापारिक आम्दानी**

खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति तथा दायित्वसँग सम्बधित लाभ/नोक्सानी संलग्न गर्ने गरिएको छ र सोमा उचित मुल्यमा भएको परिवर्तन रकम (आर्जित र आर्जन हुन बाँकी), ब्याज, लाभांस, र विदेशी विनिमय दरबाट हुने नाफा र नोक्सान समावेश गर्ने गरिएको छ ।

**ङ. नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा मापन गरिएको अन्य वित्तीय उपकरणको खुद आम्दानी**

प्रारम्भमा बैंकले कुनै निश्चित वित्तीय सम्पत्ति तथा दायित्वलाई नाफा वा नोक्सानको माध्यमबाट उचित मुल्य (FVTPL) मा वर्गीकरण गर्न सक्दछ । यस्ता उपकरणको कमाइएको र नकमाइएको नाफा नोक्सानलाई खुद व्यापारिक आम्दानी मार्फत प्रस्तुत गर्नु पर्दछ ।

**३.१४ ब्याज खर्च**

नाफा वा नोक्सानको माध्यमबाट उचित मुल्य (FVTPL) मा वर्गीकरण नगरिएका वित्तीय तथा ऋण उपकरणको ब्याज खर्च प्रभावी ब्याज दर प्रणाली प्रयोग गरी मापन गर्नु पर्दछ । ब्याज खर्चको गणना ब्याज आम्दानीको गणना गरे सरह गरिएको हुन्छ । जसमा सम्झौता अनुसारको ब्याज मुल्तवी, छुट तथा थप शुल्क, पुँजीकरण गर्न मिल्ने शुल्कहरु, कारोबार खर्च आदी समावेश भएको हुन्छ ।

**३.१५ कर्मचारी लाभ**

कर्मचारी लाभमा संस्थालाई कर्मचारीले सेवा दिए वापत संस्थाले प्रदान गरिने विभिन्न प्रकारका प्रतिफल अथवा सेवाबाट निवृत कर्मचारीलाई दिइने सबै प्रकारको सुविधा समावेश भएको हुन्छ ।

बैंकले आफ्नो कर्मचारी सेवा विनियामावलीको आधारमा कर्मचारीको सञ्चय कोष र अन्य अवकाश लाभ योजनाहरु जस्तै उपदान, संचित विदा वापतको भुक्तानीका लागि परिभाषित योगदान योजना सञ्चालन गर्दछ ।

परिभाषित योगदान योजनाको लागि, बैंकले सार्वजनिक रुपमा संचालित सञ्चय कोष योजनामा अनिवार्य रुपमा योगदान (contribute) गरेको छ र त्यस्तो रकमलाई सञ्चालन खर्चमा खर्च देखाएको छ । बैंकले एकपटक योगदान गरिसके पश्चात् थप भुक्तानी गर्ने दायित्व रहदैन । अवकाश लाभको लागि वित्तीय विवरणमा देखाइएको दायित्व Actuarial Valuation बाट अनुमान गरिएको हुन्छ ।

बैंकको कर्मचारी सेवा विनियामावली अनुसार बैंकले आफ्नो कर्मचारीलाई विभिन्न ऋण तथा सापटी जस्तै आवास कर्जा र सवारी कर्जा दिएको हुन्छ । कर्मचारी ऋणलाई प्रभावी ब्याजदरको प्रयोग गरि Amortized लागतमा मापन गरिएको छ, जुन अनुसूची ४.७ ऋण तथा सापटीमा प्रस्तुत गरिएको छ ।

**अवकाश सुविधा**

**क. परिभाषित योगदान योजना**

नेपाल लेखामान १९ अनुसार परिभाषित योगदान योजना भनेको अवकाश लाभ योजना हो जसमा निश्चित रकमको योगदान बैंकमा छुट्टै कोषमा भुक्तान गरिएको हुन्छ र यदि

सो कोषमा कर्मचारीलाई भुक्तानी गर्नको लागि पर्याप्त सम्पत्ति नभएमा बैंकमा कुनै किसिमको कानूनी तथा व्यवहारिक दायित्व रहदैन ।

संस्थाद्धारा परिभाषित योगदान योजनालाई भुक्तानी गर्नुपर्ने रकम कर्मचारीले बैंकमा प्रदान गर्ने सेवाको अनुपातमा हुने गर्दछ र सो योगदान तिर्नुपर्ने दायित्वमा परिणत हुनासाथ "कर्मचारी खर्च" मा लेखाङकन गरिएको हुन्छ । भुक्तानी नभएको योगदानलाई दायित्वका रुपमा "अन्य दायित्वमा" मा लेखाङकन गरिएको छ ।

यस बैंकले प्रत्येक कर्मचारीको हकमा खाई-पाई आएको तलबको दश प्रतिशतका हिसाबले कर्मचारी संचय कोषमा योगदान स्वरुप भुक्तानी गरेको छ । उक्त खर्चलाई नेपाल लेखामान १९ अनुसार परिभाषित योगदान योजना स्वरुप पहिचान गरिएको छ ।

श्रम ऐन, २०७४ बमोजिम उपदान वापतको दायित्व निश्चित भएकोले कर्मचारीको आधारभुत तलबको ८.३३% ले गणना गरेको रकम परिभाषित योगदान योजना मानी उपदान खर्च लेखी व्यवस्था गरिएको छ ।

**ख. परिभाषित सुविधा योजना**

परिभाषित सुविधा योजना भनेको परिभाषित योगदान योजना बाहेकको अवकाश लाभ योजना हो । परिभाषित सुविधा योजनाको सम्बन्धमा बैंकको खुद दायित्व कर्मचारीहरुले वर्तमान तथा विगतका अवधिमा उनीहरुको सेवावापत आर्जन गरेको भविष्यमा पाउने सुविधा रकम अनुमान गरी हरेक योजनाको निम्ति छुट्टै गणना गरिन्छ । सो सुविधा रकमलाई discounting गरी वर्तमान मूल्य निर्धारण गरी त्यसबाट खर्च लेखाङ्कन नगरिएको विगतको सेवा लागत (unrecognized past service costs) र योजना सम्पत्ति (plan assets) को उचित मूल्य घटाईन्छ ।

बैंकले परिभाषित सुविधा योजनाबाट सिर्जना हुने सबै एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी स्थगन कर घटाएर तुरुन्तै अन्य विस्तृत आम्दानीमा र परिभाषित सुविधा योजनासंग सम्बन्धित सबै खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गर्दछ ।

बैंकले परिभाषित सुविधा योजनाको curtailment वा settlement हुँदा लाभ तथा नोक्सानी लेखाङ्कन गर्छ । सो लाभ तथा नोक्सानीमा परिणामस्वरुप योजना सम्पत्ति (plan assets) को उचित मूल्यमा हुने परिवर्तन, परिभाषित सुविधा दायित्वको वर्तमान मूल्यमा हुने परिवर्तन, सम्बन्धित एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी र पहिले खर्च लेखाङ्कन नगरिएको विगतको सेवा लागत समावेश हुन्छन् ।

**ग. अन्य कर्मचारी अवकाश सुविधा**

**अ. अन्य दीर्घकालीन कर्मचारी सुविधा**

अन्य दीर्घकालीन कर्मचारी सुविधा भन्नाले छोटो अवधि बाहेकका तथा रोजगार पश्चात् प्राप्त हुने सुविधा भन्ने बुझिन्छ । यसरी बैंकले नेपाल लेखामान-१९ अनुसार बैंकको विदा वापतको भुक्तानी योजनालाई अन्य दीर्घकालीन कर्मचारी सुविधामा समावेश गरेको छ ।

**आ. खपत नभएको संचित बिदा**

बैंकले प्रतिवेदन मितिभन्दा एक वर्षपछि मात्रै उपयोग हुने संचित बिदाबापतको दायित्वलाई अन्य दीर्घकालीन कर्मचारी सुविधा अन्तर्गतको दायित्व मानिएको छ ।

कर्मचारीहरुले यसवर्ष र विगतका वर्षहरुमा प्रदान गरेका सेवा वापत भविष्यमा पाउने सुविधाहरुलाई अहिलेको मूल्यमा रुपान्तरण गरेर बैंकको प्रयोग नगरिएको संचित बिदातर्फको दायित्व निर्धारण गरिन्छ । यसको लागि discount rate सरकारी bond मा प्राप्त हुने Yield to Maturity (YTM) को आधारमा वा यस्तै खाले decrement (adjusted estimated term of liabilities) को निर्धारण गरिन्छ । यसको गणना Projected Unit Credit Method द्वारा गरिन्छ । प्रयोग नगरिएको सञ्चित बिदा तथा अनुदानको गणनामा देखिएको खुद थपघट रकम जुन वर्ष उक्त दायित्व सिर्जना भएको हो त्यही वर्षको नाफा वा नोक्सान विवरणमा कर्मचारी खर्च अन्तर्गत पहिचान राखिन्छ ।

**विस्तृत टिप्पणी**

अनुसूची ४.३६ मा प्रस्तुत गरिएको कर्मचारी सुविधामा बोनस ऐन बमोजिम खुद मुनाफाको १०% का दरले गणना गरिएको बोनस व्यवस्था समेत समावेश छ ।

अन्य अवकाश सुविधा तथा कर्मचारीको दीर्घकालीन सुविधासँग सम्बन्धित actuarial अनुमानहरु अनुसूची ४.२३ मा देखाईएको छ ।

**३.१६ लिज/पट्टा (Lease)**

बैंक अवस्थित रहेको भवनको लागि दश वर्ष अवधिको (नवीकरण हुने गरी) को लिज करार गरिएको छ । उक्त लिजलाई पहिले NAS १७ बमोजिम सञ्चालन पट्टा (Operating Lease) को रुपमा वर्गिकृत गरिएको थियो जसको परिणामस्वरुप स्थगन पट्टा दायित्वको पहिचान भएको थियो ।

उक्त पट्टाको सम्बन्धमा बैंकले नेपाल वित्तीय प्रतिवेदन मान १६-पट्टा (Lease) को Appendix C को Para C8 बमोजिम प्रतिवेदन अवधिको शुरुवात (प्रारम्भिक लागु हुने मिति) मा Right-of-use सम्पत्ति र पट्टाको दायित्व वापत रु.४,८५,३५,१२५ पहिचान गरेको छ ।

बैंकले बोण्डमा प्राप्त हुने प्रचलित Yield को विश्लेशण गरी पट्टाको अवधि र प्रकार प्रतिबिम्बित हुने गरी केही समायोजन गरेर incremental borrowing rate निर्धारण गरेको छ ।

प्रारम्भिक लागु हुने मिति पश्चात् Right-of-use सम्पत्ति लागत मूल्यमा मापन गरी पट्टाको बाँकी अवधिमा straight-line विधि (SLM) मा ह्रास कट्टी गरिन्छ । साथै उक्त सम्पत्ति आवधिक रुपमा क्षयह्रास भए सो रकमले घटाइन्छ र पट्टाको दायित्व पुन:मापनले गर्दा समायोजन गरिन्छ ।

त्यसै गरी पट्टाको दायित्व प्रभावी व्याज दरको प्रयोग गरि Amortized लागतमा मापन गरिन्छ । पट्टाको दायित्वको व्याज नाफा नोक्सान हिसाबमा पहिचान गरिन्छ ।

पट्टा बारे जानकारी देहाय बमोजिम छः

**क. Right-of-Use सम्पत्ति**

कार्यालय भवनसँग सम्बन्धित Right-of-use सम्पत्ति अनुसूची ४.१३ **जायजेथा तथा उपकरण** मा प्रस्तुत गरिएको छ ।

| Right-of-Use सम्पत्ति | रकम |
|---|---|
| शुरु रकम | २,०१,८२,०९८ |
| यस वर्ष थप | - |
| घटाउः यस वर्षको amortization | ६१,९७,७८२ |
| **अन्तिम रकम** | **१,३९,८४,३१६** |

**ख. पट्टा वापतको दायित्व**

कार्यालय भवनसँग सम्बन्धित पट्टा वापतको दायित्व अनुसूची ४.२३ **अन्य दायित्व** मा प्रस्तुत गरिएको छ ।

| पट्टाको दायित्व | रकम | रकम |
|---|---|---|
| शुरु रकम | | २,८२,९७,०२६ |
| यस वर्ष थप | | - |
| घटाउः पट्टा वापतको भुक्तानी | | ७२,३७,६६७ |
| पट्टा वापतको कुल भुक्तानी | १,००,६२,०१० | |
| पट्टाको दायित्वको ब्याज | (२८,२४,३३४) | |
| **अन्तिम रकम** | | **२,१०,५९,३५९** |

**ग. नाफा नोक्सान विवरणमा पहिचान गरिएको रकम**

कार्यालय परिसरसँग सम्बन्धित Right-of-use सम्पत्ति अनुसूची ४.१३ **जायजेथा तथा उपकरण** मा प्रस्तुत गरिएको छ ।

| नाफा नोक्सान विवरणमा पहिचान गरिएको | रकम |
|---|---|
| पट्टाको दायित्वको ब्याज | २८,२४,३४३ |
| छोटो अवधि तथा कम मुल्यको पट्टासँग सम्बन्धित खर्च | - |
| **जम्मा** | **२८,२४,३४३** |

**घ. नगद प्रवाह विवरणमा पहिचान गरिएको रकम**

| नगद प्रवाह विवरणमा पहिचान गरिएको | रकम |
|---|---|
| पट्टा वापतको कुल भुक्तानी | १,००,६१,९५३ |
| **जम्मा** | **१,००,६१,९५३** |

## ३.१७ विदेशी मुद्रा कारोबार

बैंकको वित्तीय विवरण उल्लेख गरिएका विभिन्न शिर्षकहरुको रकम बैंकको चलनचल्ती मुद्रामा मापन गरिएको हुन्छ, जून नेपाली रुपैया रहेको छ र कारोवार भएको दिनको प्रचलित विनिमय दरको प्रयोग गरी चलनचल्ती मूल्यमा रुपान्तरण गरिन्छ ।

विदेशी मुद्रामा अंकित मौद्रिक सम्पत्ति तथा दायित्वहरु वित्तीय विवरणको मितिमा चलनचल्ती मुद्रामा रुपान्तरण गरिन्छ, जसमा खरीद तथा विक्री दुवै विनिमय दरहरुको प्रयोग गरिन्छ । यसरी रुपान्तरण गर्दा हुने विनिमय अन्तर रकमलाई नाफा वा नोक्सान विवरणको अन्य सञ्चालन आम्दानीमा समावेश गरिन्छ । विदेशी मुद्रामा कारोवार भएका ऐतिहासिक लागतमा मापन गरिने गैर मौद्रिक सम्पत्ति तथा दायित्वहरुको चलनचल्ती मुद्रामा रुपान्तरण कारोवार भएको मितिको प्रचलित विनिमय दरको प्रयोग गरि गरिन्छ । विदेशी मुद्रामा कारोवार भएका उचित मूल्यमा मापन गरिने गैर मौद्रिक सम्पत्ति तथा दायित्वहरुको चलनचल्ती मुद्रामा रुपान्तरण उचित मूल्य कायम गरिएको मितिको प्रचलित विनिमय दरको प्रयोग गरि गरिन्छ ।

मौद्रिक विषयवस्तुको मिलान (Settlement) गर्दा उत्पन्न हुने विनिमय अन्तर रकमलाई नाफा वा नोक्सान विवरणको खुद व्यापारिक आम्दानीमा समावेश गरिन्छ ।

**ब्याख्यात्मक टिप्पणी**

बैंकसँग अमेरिकी डलर १०,००० बराबरको ग्राहक निक्षेप दायित्व रहेको छ र नेपाल राष्ट्र बैंकमा सोही बराबरको अमेरिकी डलर १०,००० विदेशी मुद्रा मौज्दात रहेको छ, जसलाई क्रमशः अनुसूची ४.२० र अनुसूची ४.०२ अन्तर्गत देखाइएको छ । मौद्रिक सम्पत्ति तथा दायित्वको स्थिति पूर्ण रूपमा बराबर (matched) रहेकाले प्रतिवेदन मितिमा नाफा वा नोक्सानको विवरणमा खुद वैदेशिक मुद्रा पुनर्मूल्याङ्कन नाफा वा नोक्सान शुन्य रहेको छ । साथै, ३२ आषाढ २०८३ का दिन मध्यवर्ती दर (mid-rate) प्रति अमेरिकी डलर ने. रु.१५४.१० का दरले निक्षेप तथा नेपाल राष्ट्र बैंक मौज्दात दुवैको रूपान्तरण गरिएको छ ।

## ३.१८ वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता

बैंकले आफ्ना ग्राहकहरुलाई वित्तीय जमानतहरु उपलब्ध गराइरहेको हुन्छ जसअन्तर्गत बैंकले ग्राहकको तर्फबाट भुक्तानी गर्नुपर्ने हुनसक्छ साथै तीनीहरुको तरलता आवश्यकताको सुनिश्चित गर्न ऋण उपलब्ध गराउने प्रतिवद्धता सम्झौता गरेको हुन्छ ।

एल.सी. र बैक जमानत (Standby LC समेत) मा सामान्यतया सामान आयात निर्यात गर्दा कुनै विशेष अवस्थामा बैंकले ग्राहकको तर्फबाट भुक्तानी गर्ने प्रतिवद्धता गरेको हुन्छ । यस्ता प्रतिवद्धताहरुमा पनि ऋण सरह जोखिम रहेको हुन्छ र जोखिमको व्यवस्थापन एउटै प्रक्रिया र नीतिहरुबाट गरिएको हुन्छ ।

**ब्याख्यात्मक टिप्पणी**

वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता बारे बुँदा नं. ४.२८ मा उल्लेख गरिएको छ ।

## ३.१९ शेयर पुँजी र जगेडा कोष

बैंकले उपकरणको करार सम्झौतामा उल्लेख भए बमोजिम पुँजी उपकरणलाई इक्विटी उपकरण र वित्तीय दायित्व मा वर्गिकरण गरेको छ । इक्विटीलाई संस्थाको सबै सम्पत्तिमा सबै दायित्व घटाइसके पछिको अन्तिम चासोको रुपमा परिभाषित गरिएको छ । साधारण शेयरहरुलाई बैंकको इक्विटीमा वर्गिकरण गरिएको छ र तिनीहरुलाई गरिएको वितरणलाई इक्विटी परिवर्तन विवरणमा देखाईएको छ ।

## ३.२० प्रति शेयर आम्दानी

बैंकले आफ्ना साधारण शेयरधनीहरुको लागि आधारभुत प्रति शेयर आम्दानी तथा घुलित प्रति शेयर आम्दानी प्रस्तुत गरेको छ । आधारभुत प्रति शेयर आम्दानी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरि गणना गरिन्छ । घुलित प्रति शेयर

आम्दानी साधारण शेयरमा परिणत हुन सक्ने सम्भावनाहरुको असर समायोजन गरी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरी गणना गरिन्छ ।

### ३.२१ इकाई प्रतिवेदन (Segment reporting)

सञ्चालन इकाई भन्नाले बैंकको त्यस्तो घटक हो जुन बैंकको व्यवसायिक गतिविधिमा संलग्न भएको हुन्छ, जसबाट बैंकले आय आर्जन गर्दछ र खर्च पनि व्यहोरेको हुन्छ । साथै बैंकको अन्य घटकहरुसँग भएका कारोवारसँग सम्बन्धित आम्दानी तथा खर्च पनि समावेश भएको हुन्छ । व्यवस्थापनले सञ्चालन इकाईहरुमा श्रोत वितरणको लागि आवश्यक निर्णय गर्न तथा ती इकाईहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न इकाईहरुको सञ्चालन परिणाम समिक्षा गर्ने गर्दछ ।

### ४. व्याख्यात्मक टिप्पणीहरू

वित्तीय विवरणहरूसँग सम्बन्धित व्याख्यात्मक टिप्पणीहरू र महत्वपूर्ण खुलासाहरू नोट ४.१ देखि ४.४१ मा र आवश्यकता अनुसार 'खुलासा तथा थप जानकारीहरु' अन्तर्गत प्रस्तुत गरिएका छन् ।

## ५. खुलासा तथा थप जानकारीहरु

### ५.१ जोखिम व्यवस्थापन

यस बैंकले छुट्टै जोखिम व्यवस्थापन विभागको व्यवस्था गरेको छ, जसले दैनिक व्यवसाय सञ्चालनका साथै आवधिक आधारमा उत्पन्न हुने समग्र जोखिमको निरीक्षण गर्दछ र त्यसको नतिजा उच्च व्यवस्थापन, जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा प्रस्तुत गरिन्छ । सो प्रतिवेदनमाथि छलफल पश्चात् व्यवस्थापनलाई आवश्यक निर्देशनहरु जारी हुन्छ ।

#### क. जोखिम व्यवस्थापन समिति

संस्थागत सुशासनको सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सञ्चालक समितिले स्पष्ट कार्यादेश सहित सञ्चालक समेत सहभागी हुने गरी जोखिम व्यवस्थापन समिति गठन गरेको छ । सो समिति गैर कार्यकारी सञ्चालक संयोजक हुने गरी, लेखापरीक्षण समितिका संयोजक, प्रमुख श्रोत व्यवस्थापन अधिकृत र प्रमुख जोखिम अधिकृत सदस्य रहने गरी गठन गरिएको छ । समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्ने गरेको छ । समितिले कर्जा, बजार, प्रतिष्ठा, पुँजी र तरलता, परिचालनसँग सम्बन्धित, वित्तीय अपराध र सुचना तथा साइबर सुरक्षा जोखिम आदिसँग सम्बन्धित जोखिमहरुको निरीक्षण र समिक्षा गर्दछ । जोखिम व्यवस्थापन समितिले हाम्रो पोर्टफोलियो प्रवृत्ति, नीति र मापदण्ड, दवाव परीक्षण, तरलता र पुँजी पर्याप्तता सहित जोखिम व्यवस्थापनसँग सम्बन्धित आवधिक रिपोर्टहरु प्राप्त गर्दछ । साथै यसको कार्यादेशमा पर्ने गतिविधिसँग सम्बन्धित कुनैपनि जानकारी खोज्ने र समीक्षा गर्ने अधिकार यस समितिलाई दिईएको छ ।

रणनीतिक तहमा सञ्चालक समितिले जोखिम वहन गर्दछ । जोखिम व्यवस्थापन समितिको भूमिका भनेको जोखिम सम्बन्धी क्षेत्रको गहिरो अध्ययन गरी त्यसको समीक्षा गर्ने र सल्लाह दिने रहेको छ । जसले गर्दा सञ्चालक समितिलाई यसको अन्तिम जोखिम बहनकर्ताको भूमिका निर्वाह गर्न सहयोग पुग्दछ ।

#### ख. जोखिम संयन्त्र

प्रभावकारी जोखिम व्यवस्थापन हाम्रा सबै सरोकारवालाहरुको लागि स्थिर र दिगो कार्यसम्पादनको लागि अत्यावश्यक रहेको छ । त्यसैले जोखिम व्यवस्थापन बैंकको वित्तीय र सञ्चालन कार्यसम्पादनको केन्द्रिय अंश बनेको छ । बैंकले जोखिम लिने र त्यसको उचित व्यवस्थापन गरी सेयरधनीहरुलाई प्रतिफल दिनुका साथै ग्राहक र आफू सञ्चालित समाजमा योगदान प्रदान गर्दछ ।

बैंकले अपनाएको जोखिम व्यवस्थापन नीतिले एक स्पष्ट कार्यविभाजनका साथ जोखिम व्यवस्थापन संस्कृति र स्पष्ट नियन्त्रण कार्यनिति निर्धारण गर्दछ । यसले सम्पूर्ण बैंकमा जोखिम व्यवस्थापनको लागि आवश्यक सिद्धान्त र मापदण्डहरु तय गर्दछ ।

बैंकले संस्थागत तहको जोखिम व्यवस्थापन गर्दा जोखिम वहन क्षमताको परिधिमा रही अन्तर्निहित रणनीति र व्यवसायिक पद्धति मार्फत जोखिमपछिको समायोजित प्रतिफललाई उच्च बनाउने गरी गर्दछ । बैंकले आफ्नो आम्दानी वृद्धि र उच्च प्रतिफल आय प्राप्त गर्नको लागि जोखिम वहन गर्न सकिने परिधि तथा जोखिम व्यवस्थापनको परिपालनामा कुनै सम्झौता गर्ने छैन ।

बैंकको मुख्य जोखिम सम्बन्धी प्राथमिकताहरु : जोखिम व्यवस्थापन संस्कृतिलाई सुदृढ पार्ने, सूचना र साइबर सुरक्षाको व्यवस्था र सुधार गर्ने, वित्तीय अपराध जोखिमको व्यवस्थापन, आचरण वातावरण सुदृढ पार्ने, अनुपालन पूर्वाधार सुदृढ गर्ने तथा क्षमता र प्रभावकारितामा सुधार गर्ने रहेका छन् ।

बैंकले जोखिम व्यवस्थापन संस्कृतिलाई प्रवर्धन गर्न निश्चित सिद्धान्तहरुको प्रयोग गर्दछ । बैंकले अनुसरण गरेको जोखिम व्यवस्थाको सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् :

- जोखिम तथा प्रतिफलको सन्तुलन
- **व्यवसायीक आचरण**: कानून र नियमहरुको मर्म र अक्षरस पालना गर्दै ग्राहक, लगानीकर्ता र बजारको लागि राम्रो नतिजा प्राप्त गर्ने प्रयासमा बैंक संचालित हुन्छ जुन कुरा हाम्रो आचरणको माध्यमबाट प्रस्तुत गर्दछौं ।
- **जिम्मेवारी र उत्तरदायित्व**: जोखिम वहन गर्ने कार्य अनुशासित र ध्यान पुर्वक गरिएको भन्ने एकिन गर्नु, विशेष गरेर व्यवसायीक जोखिम व्यवस्थापन संयन्त्र बमोजिम जोखिम बहन क्षमता सीमाहरु भित्र रहेको, अख्तियारीको क्षेत्र भित्र रहेर जोखिम लिएको तथा ती जोखिमहरु पारदर्शी, नियन्त्रित र प्रतिवेदन पेश गर्नु रहेको छ ।
- **अनुमान**: ठूला जोखिमहरुको पूर्वानुमान गर्ने, प्रतिकुल नतिजा आउने घटनाहरुबाट पाठहरु सिक्ने र ज्ञात जोखिमहरुप्रति सजगता जगाउने ।
- **प्रतिस्पर्धी लाभ**: दक्ष र प्रभावकारी जोखिम व्यवस्थापन र नियन्त्रणको माध्यमबाट प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्ने ।

बैंकको जोखिम वहन क्षमता निर्धारण गर्ने र जोखिमको दक्ष र प्रभावकारी व्यवस्थापनको अन्तिम उत्तरदायित्व सञ्चालक समितिमा रहेको हुन्छ ।

सञ्चालक समितिले तोकेको अख्तियारीमा रही कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, प्रतिष्ठा जोखिम, सार्वभौम जोखिम, वित्तीय अपराध जोखिम, सूचना र साइबर सूरक्षा सम्बन्धी नीतिहरुको स्थापना र अनुपालनको लागि जिम्मेवारी जोखिम व्यवस्थापन समितिको रहेको हुन्छ । यो समिति प्रत्येक तीन महिनामा एक पटक बैठक बस्दछ र समग्र जोखिम समीक्षा गर्दछ, जुन सञ्चालक समितिमा छलफलको लागि राखिन्छ । यसको उद्देश्य बैंकको व्यवसायिक रणनीतिमा सहयोग पुग्ने गरी समग्र बैंकको जोखिमको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु हो ।

पुंजीको व्यवस्थापन र तरलता, पुंजीको पर्याप्तता र विदेशी विनिमय र ब्याज दरको अवस्था र करको अवस्थाको व्यवस्थापन सहित वासलत व्यवस्थापनसँग सम्बन्धित नीतिहरुको निर्माण र अनुपालनको लागि जिम्मेवारी सम्पत्ति दायित्व समितिमा रहेको छ ।

बैंकको समितिको संस्थागत संरचनाले जोखिम लिने अधिकार र जोखिम व्यवस्थापन नीतिहरु सञ्चालक समितिबाट तल विनियोजित गरी, ग्राहक व्यवसाय, उच्च व्यवस्थापन र समितिहरुमार्फत लागू भएको सुनिश्चित गर्नु रहेको छ । सारभुत जोखिम मुद्दाहरुको बारेमा जानकारी र नीतिहरु र मापदण्डहरुको पालना व्यवसाय, प्रशासनिक संरचना, उच्च व्यवस्थापन र समितिका माध्यमबाट जानकारी गराईएको हुन्छ ।

**ग. आन्तरिक नियन्त्रण**

रणनीति र उद्देश्यहरु हासिल गर्न बैंकमा उचित आन्तरिक नियन्त्रण प्रणाली रहेको छ भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी संञ्चालक समितिको रहेको हुन्छ । बैंकको विभिन्न कार्यहरुको विस्तार र विकासको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिले हेर्नु पर्दछ जसले गर्दा लाभदायक व्यवसायिक अवसरहरु उच्च बनाउन, जोखिम हटाउन वा घटाउन सक्षम गर्दछ, कानून र नियमहरुको अनुपालन सुनिश्चित गर्न र बाह्य घटनाहरु सामना गर्न सक्षम बनाउँदछ ।

सञ्चालक समितिले जोखिम पहिचान, जोखिम मुल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप विकासका साथै प्रभावकारी कार्यान्वयनमा ल्याएको छ ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सञ्चालक समिति, आन्तरिक लेखापरीक्षण समिति, व्यवस्थापन र आन्तरिक लेखापरीक्षण In-charge द्वारा नियमित समीक्षा गरिन्छ ।

आन्तरिक लेखापरीक्षणले नीति/मापदण्डको पालनाको समिक्षाका साथै नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणाली लेखापरीक्षण, गैह्र स्थलगत सुपरिवेक्षण, AML/CFT/ KYC लेखापरिक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत बैंकभर आन्तरिक नियन्त्रण संरचनाहरुको प्रभावकारिताको अनुगमन गर्दछ । लेखापरीक्षण टिप्पणीहरु तत्काल सुधारात्मक कारवाही शुरु गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र विभागीय प्रमुखलाई रिपोर्ट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु आवधिक रुपमा लेखापरीक्षण समिति समक्ष समीक्षाका लागि पठाईन्छ र समितिले सम्बन्धित विभागमा सम्बन्धित मुद्दाहरुको आधारमा उपयुक्त सुधारात्मक निर्देशन दिने गर्दछ ।

**५.१.१ कर्जा जोखिम**

कर्जा जोखिम भनेको ऋणीले समझदारी बमोजिम कर्जाको सर्तको पालना गर्न नसकेको कारणले गर्दा हुने सम्भावित नोक्सानी हो । बैंकले कर्जा जोखिम कर्जा प्रकार, ऋणीको वर्ग एवं व्यवसाय क्षेत्रको आधारमा विविधिकरण गर्ने सिद्धान्त अनुसार व्यवस्थापन गर्ने गरेको छ । ग्राहक/ विकासकर्ता लाई कर्जा दिने कुरा कर्जा स्विकृति कागजात/कर्जा मार्गदर्शनले निर्दिष्ट गरिएको हुन्छ । मार्गदर्शनले ऋणिलाई दिईने कर्जा, लेखा व्यवस्थापन, कर्जा प्रकार स्विकृति र अन्य कर्जा प्रकार सम्बन्धि मार्गदर्शन, कर्जा प्रक्रिया र पोर्टफोलियो मापदण्ड सम्बन्धी ढाँचा प्रदान गर्दछ । कर्जा कारोबारमा संग्लन कारोबारी र जोखिम मुल्याङ्कनकर्ताको बीचमा स्पष्ट कार्यविभाजन गरिएको छ । सम्पूर्ण कर्जा जोखिम सिमाहरु कर्जा स्विकृति अख्तियारी कार्यविधीमा व्याख्या गरिए बमोजिम गर्ने गरिएको छ ।
कर्जा जोखिम व्यवस्थापनले कर्जा जोखिम मुल्याङ्कन र कर्जा स्विकृति, ठूलो ऋण र ऋण अधिकेन्द्रन, कर्जा अनुगमन, कर्जा जोखिम निराकरण र पोर्टफोलियो विश्लेषणलाई जनाउँछ ।

**५.१.१.१ अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss)**

बैंकले आन्तरिक जोखिम व्यवस्थापन फ्रेमवर्क तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको नियामक मार्गदर्शन र NFRS 9 को परिपालनाको आधारमा कर्जा जोखिमको मूल्याङ्कन र व्यवस्थापन गर्दछ । बैंकले ऐतिहासिक तथ्यांक, वर्तमान अवस्था तथा यथोचित र उपयुक्त भविष्यको सूचना तथा जानकारीहरुको आधारमा कर्जा नोक्सानीको अनुमान गर्न अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss) मोडेल लागू गरेको छ ।

बैंकको वित्तीय सम्पत्तिहरुको अपेक्षित कर्जा नोक्सानीको गणना गर्न लागू गरिएको विधी निम्नानुसार वर्णन गरिएको छ ।

अपेक्षित कर्जा नोक्सानीको गणना कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD), कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) र ऋणीसंग रहेको प्रत्येक जोखिमयुक्त रकम Exposure at Default (EAD) for each exposure लाई गुणन गरी देहाय बमोजिम गणना गरिन्छः

**अपेक्षित कर्जा नोक्सानी (ECL) = PD X LGD X EAD**

चरण १ मा वर्गिकरण गरिएका सम्पत्तिहरुको लागि आगामी १२ महिनामा हुन सक्ने अपेक्षित कर्जा नोक्सानी तथा चरण २ र चरण ३ का सम्पत्तिहरुको लागि ऐतिहासिक, वर्तमान र भविष्यका जानकारीहरुको समायोजन गरी आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss) मोडेल कोषमा आधारित तथा गैर कोषमा आधारित सबै प्रकारका सुविधाहरुमा लागु गरिन्छ । यस विधीमा NFRS 9 को मापदण्ड अनुसार ऐतिहासिक तथ्यांक तथा भविष्यको सूचना तथा जानकारीहरुलाई समेत विचार गरी समायोजन गरिएको हुन्छ ।

**अ) चरण निर्धारण (Staging)**

NFRS 9 अनुसार वित्तीय सम्पत्तिहरुको चरण निर्धारण ती सम्पत्तिहरुमा रहेको कर्जा जोखिमको ठोस वृद्धि Significant Increase in Credit Risk (SICR) गणनाको आधारमा तय गरिन्छ ।

बैंकले कर्जा जोखिमको ठोस वृद्धि Significant Increase in Credit Risk (SICR) गणना गर्दा विस्तृत स्वीकृत मापदण्डहरु जस्तै बक्यौता दिनहरु, वित्तीय सुचकांकहरु, धितो मुल्यांकनमा परिवर्तन, वित्तीय श्रोतहरु, कर्जा अनुपातहरु, व्यवसायमा अवरोध, नियामक कार्यहरु, पुनर्संरचनाको स्थिति, क्रेडीट रेटिंग र नगद प्रवाह आदिको आधार लिने गरेको छ । कर्जा भुक्तानी अवधी बाँकी रहेता पनि यथोचित र उपयूक्त भविष्यको सुचना तथा जानकारीहरुको आधारमा कर्जा जोखिममा ठोस वृद्धि Significant Increase in Credit Risk (SICR) भएको पाईएमा औचित्यको आधारमा चरण २ वा चरण ३ मा वर्गिकरण गर्ने गरिएको छ ।

**आ) कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD)**

कर्जा भुक्तान नहुने सम्भावना विगतमा कर्जा भुक्तान गर्न चुकेको प्रवृत्ती तथा भविष्यको अर्थतन्त्रको अनुमानको आधारमा तय गरिन्छ । कर्जाको किसिमको र चरणको आधारभुत कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD) Cox Proportional Hazard model लागू गरि निकालिएको छ । यदि गणना गरिएको PD नियामक निकाय नेपाल राष्ट्र बैंकले तोकिएको भन्दा कम भएको खण्डमा नियामक PD नै लागू गरिएको छ ।

| कर्जाको किसिम | चरण १ PD | चरण २ PD | चरण ३ PD |
|---|---|---|---|
| अन्य कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |
| आवधिक कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |
| अधिविकर्ष कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |

**इ) कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD)**

कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) ले त्यो प्रतिशतलाई प्रतिनिधित्व गर्दछ जसमा कर्जा भुक्तान गर्न चुकेको अवस्था हुन सक्ने असुल उपर, धितो र कर्जामा बढोत्तरीलाई समेत विचार गरिएको हुन्छ । ऐतिहासिक असुल उपरको तथ्यांक हाल उपलब्ध नभएको कारणले बैंकले नेपाल राष्ट्र बैंकको मार्गदर्शन बमोजिम धितोको खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) लाई प्रयोग गरी कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) आंकलन गरेको छ ।

खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) मा अपेक्षित बिक्री समय तथा लागतको समायोजन गरिएको हुन्छ । ऋण भुक्तान गर्न व्यतित भएको अवधि पाँच वर्ष भन्दा वढी समय सम्म पनि धितो बिक्री वितरण गरिनसकेका धितोलाई यसमा समावेश गरिँदैन (हाल धितोको खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) मा ५ प्रतिशत अतिरिक्त कटौती (haircut) समायोजन गरी लागू गरिएको छ) । बैंकले यसरी समायोजित धितो मूल्यलाई ऋण जोखिम (Loan Exposure) सँग तुलना गरी बाँकी रहेको अंशलाई Loss Given Default (LGD) को रूपमा निर्धारण गर्दछ । त्यसपछि सम्बन्धित उद्योग/क्षेत्रको औसत LGD निकालिन्छ । यदि कुनै ऋणीको LGD उक्त उद्योग/क्षेत्रको औसत LGD भन्दा कम भएमा, सो उद्योग/क्षेत्रको औसत LGD लाई नै उक्त ऋणीको अन्तिम LGD मानिन्छ । साथै, यदि कुनै उद्योग/क्षेत्रको औसत LGD शुन्य भएमा सम्पूर्ण ग्राहकहरूको औसत LGD (Portfolio Average LGD) लाई प्रयोग गरी सो क्षेत्रका ग्राहकहरूको LGD निर्धारण गरिन्छ ।

**ई) ऋणीसँग रहेको जोखिमयुक्त रकम Exposure at Default (EAD)**

ऋणीसंग रहेको जोखिमयुक्त रकम Exposure at Default (EAD) मा उठ्न बाँकी मूल कर्जा रकम, उठ्न बाँकी ब्याज रकम तथा उपयोग गर्न बाँकी कर्जा सुविधा समेत समावेश भएको हुन्छ ।

कोषमा आधारित जोखिम रकममा प्रतिवेदनको मितिमा बाँकी रहेको रकम समावेश गरिएको हुन्छ । गैर कोषमा आधारित र उपयोग हुन बाँकी सिमा रकमको हकमा नेपाल राष्ट्र बैंकको मार्गनिर्देशन बमोजिम नगद रुपान्तरण चक्र (Cash Conversion Cycle) लागु गरिन्छ ।

**आषाढ ३२, २०८३ मा वित्तीय सम्पत्तिको एमोर्टाइज्ड (Amortized) लागत अनुसार अपेक्षित कर्जा नोक्सानी (ECL) को विवरण**

रकम (रू.'000' मा)

| वित्तीय विवरणका शीर्षक | कुल रकम (Gross Carrying Amount)/ (Exposure at Default) (क) | | | | अपेक्षित कर्जा नोक्सानी व्यवस्था (ECL) (ख) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चरण १ | चरण २ | चरण ३ | जम्मा | चरण १ | चरण २ | चरण ३ | जम्मा |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | ४५,६०,९६० | २,६९,८४,८८३ | २,५०,५८४ | ३,१७,९६,४२७ | २६,४०० | १,४४,६४१ | ८,७७० | १,७९,८११ |
| कर्जा प्रतिबद्धता | ६८,९०,२५६ | १,०८,१४,१३६ | – | १,७७,०४,३९१ | ७८,१३८ | १,२६,७०९ | – | २,०४,८४७ |
| वित्तीय जमानत सम्झौता | ५,९७,६३८ | ६,९४,२३९ | – | १२,९१,८७७ | २,९४८ | ५,७५५ | – | ८,७०३ |
| **जम्मा** | **१,२०,४८,८५४** | **३,८४,९३,२५७** | **२,५०,५८४** | **५,०७,९२,६९५** | **१,०७,४८६** | **२,७७,१०४** | **८,७७०** | **३,९३,३६१** |

| वित्तीय विवरणका शीर्षक | कर्जा नोक्सानी व्यवस्था पश्चातको रकम (Carrying Amount After Provision) (क-ख) | | | |
|---|---|---|---|---|
| | चरण १ | चरण २ | चरण ३ | जम्मा |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | ४५,३४,५६० | २,६८,४०,२४२ | २,४१,८१३ | ३,१६,१६,६१६ |
| कर्जा प्रतिबद्धता | ६८,१२,११८ | १,०६,८७,४२७ | – | १,७४,९९,५४४ |
| वित्तीय जमानत सम्झौता | ५,९४,६९० | ६,८८,४८४ | – | १२,८३,१७४ |
| **जम्मा** | **१,१९,४१,३६७** | **३,८२,१६,१५३** | **२,४१,८१३** | **५,०३,९९,३३४** |

**उ) सामूहिक र एकल कर्जा नोक्सानी व्यवस्था (Impairment) को विवरण**

रकम (रू.'000' मा)

| विवरण | अपेक्षित कर्जा नोक्सानी (ECL) |
|---|---|
| **क. सामूहिक व्यवस्था** | **१,७९,८११** |
| चरण १ | २६,४०० |
| चरण २ | १,४४,६४१ |
| चरण ३ | ८,७७० |
| **ख. एकल व्यवस्था** | **–** |
| चरण १ | – |
| चरण २ | – |
| चरण ३ | – |
| **कोषमा आधारित सुविधामा जम्मा कर्जा नोक्सानी व्यवस्था (क+ख)** | १,७९,८११ |
| **गैर कोषमा आधारित सुविधामा जम्मा कर्जा नोक्सानी व्यवस्था** | २,१३,५५० |
| **जम्मा अपेक्षित कर्जा नोक्सानी (Impairment)** | **३,९३,३६१** |

गैर कोषमा आधारित सुविधाहरुमा प्रतितपत्र, वित्तीय जमानत, अल्पकालिन तथा दीर्घकालिन कर्जाको उपयोग नभएको सीमा समावेश भई कुल रकम रु.१८.९९ अर्ब रहेको छ ।

**ऊ) अपेक्षित कर्जा नोक्सानी व्यवस्था (Expected Credit Loss) को सारांश**

रकम (रू.'000' मा)

| वित्तीय विवरणका शीर्षक | कुल रकम (Gross Carrying Amount) (क) | | | | अपेक्षित कर्जा नोक्सानी (ECL Provision) (ख) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चरण १ | चरण २ | चरण ३ | जम्मा | चरण १ | चरण २ | चरण ३ | जम्मा |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | ४५,६०,९६० | २,६९,८४,८८३ | २,५०,५८४ | ३,१७,९६,४२७ | २६,४०० | १,४४,६४१ | ८,७७० | १,७९,८११ |
| कर्जा प्रतिबद्धता | ६८,९०,२५६ | १,०८,१४,१३६ | – | १,७७,०४,३९१ | ७८,१३८ | १,२६,७०९ | – | २,०४,८४७ |
| वित्तीय जमानत सम्झौता | ५,९७,६३८ | ६,९४,२३९ | – | १२,९१,८७७ | २,९४८ | ५,७५५ | – | ८,७०३ |
| **जम्मा** | **१,२०,४८,८५४** | **३,८४,९३,२५७** | **२,५०,५८४** | **५,०७,९२,६९५** | **१,०७,४८६** | **२,७७,१०४** | **८,७७०** | **३,९३,३६१** |

| वित्तीय विवरणका शीर्षक | नेपाल राष्ट्र बैंकको नियामकीय व्यवस्था (ग) | | | | अपेक्षित कर्जा नोक्सानी अनुपात (%) (ख/क) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चरण १ | चरण २ | चरण ३ | जम्मा | चरण १ | चरण २ | चरण ३ | जम्मा |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | ४५,६१० | ३,७०,७८३ | ३५,०२१ | ४,५१,४१४ | ०.५८% | ०.५४% | ३.५०% | ०.५७% |
| कर्जा प्रतिबद्धता | – | – | – | – | १.१३% | १.१७% | ०.००% | १.१६% |
| वित्तीय जमानत सम्झौता | – | – | – | – | ०.४९% | ०.८३% | ०.००% | ०.६७% |
| **जम्मा** | **४५,६१०** | **३,७०,७८३** | **३५,०२१** | **४,५१,४१४** | **०.८९%** | **०.७२%** | **३.५०%** | **०.७७%** |

| वित्तीय विवरणका शीर्षक | नियामकीय कर्जा नोक्सानी व्यवस्था अनुपात (%) (ग/क) | | | |
|---|---|---|---|---|
| | चरण १ | चरण २ | चरण ३ | जम्मा |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | १.००% | १.३७% | १३.९८% | १.४२% |
| कर्जा प्रतिबद्धता | – | – | – | – |
| वित्तीय जमानत सम्झौता | – | – | – | – |
| **जम्मा** | **१.००%** | **१.३७%** | **१३.९८%** | **१.४२%** |

### ५.१.२ सञ्चालन जोखिम

सञ्चालन जोखिम भनेको बैंकको आन्तरिक तथा बाह्य प्रक्रियाहरुको अपर्याप्तता, अदक्ष जनशक्ति वा बाह्य घटनाको असर (कानूनी जोखिम समेत) को कारणले हुने सम्भावित नोक्सानी हो । बैंकले त्यसमा लाग्ने लागत फाईदा सन्तुलनलाई विचार गरी सञ्चालन जोखिम घटाउने प्रयास गर्दछौं । सञ्चालन जोखिमको व्यवस्थापन एक नियमित संयन्त्रको माध्यमबाट गरिन्छ जसले जोखिम पहिचान, मुल्याङ्कन, नियन्त्रण र अनुगमन गर्दछ ।

सञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिले समग्र बैंकको सञ्चालन जोखिमको निरीक्षण गर्दछ । जोखिम वहन गर्ने अधिकारीको यो सुनिश्चित गर्ने उत्तरदायित्व रहन्छ की कार्य प्रक्रियामा संलग्न व्यक्तिहरुले कानूनी आवश्यकताहरु पुरा गर्नुपर्ने प्रक्रिया तथा नियन्त्रणहरु उचित छ । साथै अनुपालन अपवादलाई पहिचान गरिएको छ, सुधार गरिएको छ र सञ्चालन जोखिम व्यवस्थापनको अभिन्न अंग रहेको, रिपोर्ट गरिएको छ छैन समेत सुनिश्चित गर्नुपर्दछ । जोखिम धनीहरु निम्न सञ्चालन जोखिमका किसिमहरुको व्यवस्थापनबाट उत्पन्न सञ्चालन जोखिमको नियन्त्रणको लागि जिम्मेवार रहन्छ : बाह्य नियम र नियमनहरु, दायित्व, कानूनी कार्यान्वयन, भौतिक सम्पत्तिको क्षति वा नोक्सान, सूरक्षा, आन्तरिक ठगी वा बेइमानी, बाह्य ठगी, सूचना प्रविधि सुरक्षा, प्रक्रियागत असफलता तथा ढांचा । सञ्चालन जोखिम सबै व्यापार क्षेत्रहरु र बैंकद्वारा गरिने सबै गतिविधिहरुबाट उत्पन्न हुन सक्छ । सञ्चालन जोखिम व्यवस्थापन सबै व्यवसाय खण्डहरु, उत्पादनहरु र प्रक्रियाहरुका लागि पूर्ण परिभाषित एवं एकरुपताका साथ कायम गरेर सञ्चालन जोखिमको व्यवस्थापन सुनिश्चित गरिन्छ ।

ग्राहकहरुलाई प्रस्ताव गरिएका सेवा/सुविधाहरु सम्बन्धि मूल्याङ्कन गर्न उपयुक्त मार्गदर्शन अनुरुप हुने व्यवस्था गरिएको हुन्छ ।

### ५.१.३ बजार जोखिम

बैंकले बजार जोखिमलाई वित्तीय बजार दर वा मूल्यमा प्रतिकुल परिवर्तनको कारण आय वा आर्थिक मूल्यमा हुने सम्भावित घाटाको रुपमा परिभाषित गरेको छ । मुद्रा विनिमय दर, ब्याज दर, वस्तु मूल्य र इक्विटी मूल्यमा प्रतिकुल परिवर्तनको कारण उत्पन्न जोखिम बजार जोखिम अन्तर्गत पर्दछ । बैंकको बजार जोखिम मुख्यतया ग्राहकले गर्ने कारोबारबाट उत्पन्न हुन्छ । नेपाल राष्ट्र बैंकले तोकेको जोखिम व्यवस्थापन निर्देशनहरु अनुसार बजार जोखिममा पुँजीको व्यवस्थापन/गणनाको लागि बैंकले मुद्रा विनिमय दर जोखिम व्यवस्थापनमा केन्द्रित गरेको छ ।

बजार जोखिम व्यवस्थापनलाई मजबुत गर्न ब्याजदर जोखिमको साथ-साथै इक्विटी मूल्य जोखिम पनि नियमित अन्तरालमा मुल्याङ्कन गरिन्छ । बजार जोखिम सञ्चालक समितिद्वारा निर्धारित जोखिम लिने क्षमता र बजार जोखिम सीमा भित्र रही व्यवस्थापन गरिन्छ ।

### ५.१.४ पुंजी र तरलता जोखिम

पुंजी जोखिम बैंकको व्यवसाय सञ्चालनको लागि आवश्यक पुंजीको अपर्याप्तता वा अपर्याप्त पुंजीको मिश्रण भई उत्पन्न हुने जोखिम हो । बैंकले आफ्नो रणनीतिक उद्देश्यहरूको प्राप्तिका लागि पर्याप्त पुंजी स्थिति कायम गरेको छ । बैंकको पुंजी पर्याप्तता अनुपात ३२ आषाढ २०८३ मा ६७.१५% रहेको छ ।

तरलता जोखिम त्यस्तो सम्भावित अवस्था हो जब बैंकसँग आफ्ना सबै तिर्नुपर्ने दायित्वहरू पुरा गर्न पर्याप्त तरल वित्तीय संसाधनहरू उपलब्ध भएको हुँदैन वा अधिक लागतमा मात्र वित्तीय स्रोतहरूमा पहुँच प्राप्त गर्न सक्दछ । तरलता जोखिम तरलता जोखिम फ्रेमवर्क मार्फत सम्पत्ति दायित्व समितिद्वारा व्यवस्थापन गरिन्छ । उक्त नीति बमोजिम बैंकले तरलता बफरको रूपमा बजारयोग्य धितोहरूको तरल पोर्टफोलियो कायम गर्दछ ।

### ५.१.५ प्रतिष्ठा जोखिम

प्रतिष्ठा जोखिम शाखमा हुन सक्ने सम्भावित क्षति हो, जसले गर्दा आम्दानीमा नोक्सानी वा बजार पुंजीकरणमा प्रतिकुल प्रभाव पर्न सक्दछ । यसको परिणामस्वरूप सरोकारवालाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्था उपर नकारात्मक दृष्टिकोण लिन सक्दछ, जसले गर्दा सरोकारवालाहरूले आफ्नो व्यवहार बदल्न अग्रसर हुन्छन् ।

प्रतिष्ठा जोखिम सञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिद्वारा व्यवस्थापन गरिएको छ, जुन स्थानीय रूपमा बैंकको प्रतिष्ठा जोगाउन जिम्मेवार छ र बैंकले संस्थाको शाखमा ठूलो क्षति पुऱ्याउने कुनै गतिविधि नगरेको सुनिश्चित गर्ने जिम्मेवारी रहेको छ । सबै कर्मचारीहरू दिन प्रतिदिन प्रतिष्ठा जोखिमको पहिचान र व्यवस्थापनको लागि जिम्मेवार छन् ।

### ५.१.६ सूचना र साइबर सुरक्षा जोखिम

सूचना र साइबर सूरक्षा जोखिम गोपनीयता र निष्ठाको उलंघन र साइबर हमला, भित्री गतिविधि, त्रुटि वा नियन्त्रणमा विफलता मार्फत बैंक सूचना प्रणाली र सम्पत्तिको उपलब्धताको कारणबाट हुने सम्भावित हानी हो । जोखिम व्यवस्थापन समितिले बैंकको महत्वपूर्ण सूचना प्रविधि सम्पत्तिको लागि जोखिम र अनिश्चितताबाट बच्न सक्दो कोसिस गर्दछ । बैंकको साइबर सुरक्षा रणनीतिले बैंकको संसाधनलाई पाँच प्रमुख लगानी क्षेत्रहरूमा केन्द्रित गर्दछ, जस्तै पहिचान, पत्ता लगाउन, पुन: प्राप्ति, प्रतिक्रिया र सुरक्षा ।

सञ्चालक तहको जोखिम व्यवस्थापन समिति सुचना र साइबर सुरक्षा जोखिम व्यवस्थापन गर्नको लागी जिम्मेवार रहेको छ । त्यसका लागि बैंकले सूचना सुरक्षा जोखिमका मुद्दाहरूको पहिचान गर्न, निर्धारण गर्न र सम्बोधन गर्न सूचना प्रविधि नीति विकसित गरेको छ । बैंकले व्यवसाय निरन्तरता योजना र प्रकोप पुर्नस्थापना संयन्त्रको एक हिस्साको रुपमा Backup नीति समेत तयार गरेको छ ।

## ५.२. पुँजी व्यवस्थापन

### क. गुणयुक्त खुलासाहरु

बैंकको कुल इक्विटीमा चुक्ता पुँजी, वैधानिक जगेडा कोष र अन्य जगेडा कोषहरू समावेश छन् । चुक्ता पुँजी पूर्ण भुक्तानी भइसकेको साधारण शेयर हो । बैंकसँग अन्य प्रकृतिका सम्मिश्रीत स्व:पुँजी तथा ऋण उपकरणहरु जस्तै अग्राधिकार सेयर, अधीनस्थ ऋण, वारन्टहरू इत्यादि छैनन् । बैंकको खुद सम्पत्तिमा साधारण शेयर धारकको अधिकार अन्तिम रुपमा रहने गरेको छ ।

बैंकले आउँदो वर्षहरूमा मौलिक विकासको लक्ष्य प्राप्ति गर्नका लागि बलियो पुँजी व्यवस्थापन गरिसकेको छ जुन सामान्य अवस्था र आर्थिक तनावपूर्ण स्थिति दुबै अवस्थामा यसको अनुमानित जोखिमलाई धान्न पर्याप्त रहेको छ । अनिवार्य चुक्ता पुँजी र नियमनकारी जगेडा कोषको पर्याप्तताको कारणले गर्दा पुँजी जोखिम बहन क्षमताको सीमाको तुलनामा बैंकसँग पर्याप्त पुँजी रहेको छ ।

### ख. संख्यात्मक खुलासा

### १. पुँजीको संरचना र पुँजीको पर्याप्तता

### क. प्राथमिक पुँजी र यसको वर्गिकरण

| क्र.सं. | विवरण | रकम (रू. '000') |
|---|---|---|
| | **प्राथमिक पुँजी** | **२,४८,९६,७८०** |
| १. | चुक्ता पुँजी (साधारण शेयर) | २,१६,००,००० |
| २. | प्रस्तावित बोनस शेयर | - |
| ३. | शेयर प्रिमियम | - |
| ४. | नियमनकारी साधारण जगेडा कोष | १७,४८,९४६ |
| ५. | संचित नाफा वा नोक्सान | १५,७०,१८९ |
| ६. | यस बर्षको लेखापरीक्षण नगरिएको संचित नाफा | - |
| ७. | अन्य स्वतन्त्र जगेडा | - |
| ८. | घटाउः अमूर्त सम्पत्तिहरु | १६,१२९ |
| ९. | घटाउः स्थगन कर सम्पत्तिहरु | ६,२२६ |
| १०. | घटाउः अन्य | - |

### ख. पुरक पुँजी र यसको वर्गीकरण

| क्र.सं. | विवरण | रकम (रू. '000') |
|---|---|---|
| | **पुरक पुँजी** | **३,१६,३४०** |
| १. | साधारण कर्जा नोक्सानी व्यवस्था | ३,१६,३४० |
| २. | विनिमय समायोजन कोष | - |

### ग. Subordinated Debt को विस्तृत जानकारीहरु, जसअन्तर्गत बाँकी मौज्दात, भुक्तानी मिति, चालु आर्थिक वर्षमा संकलन गरेको रकम र सो मध्ये पुँजीको रुपमा गणना गर्न मिल्ने रकम

- नरहेको

### घ. पुँजीबाट घट्ने

- रू. २२,३५५ हजार

### ङ. जम्मा पुँजीकोष

- रू. २,५२,१३,१२१ हजार

### च. पुँजी पर्याप्तता अनुपात

- ६७.१५%

### छ. बैंकको विद्यमान र भविष्यका गतिविधिहरुलाई सहयोग गर्न यसको पुँजीको पर्याप्तताको मूल्याङ्कन गर्ने आन्तरिक तौरतरिकाको सारांश,

बैंकले आन्तरिक पुँजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया २०२५ बनाएको र सञ्चालक समितिको अनुमोदन पश्चात् कार्यान्वयन गरेको छ । आन्तरिक पुँजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रिया २०२५ चुस्त, प्रभावकारी र पूर्ण रणनीति र प्रक्रियाहरूको प्रणाली हो जसले बैंकलाई आन्तरिक पुँजीको रकम, प्रकार र वितरणको आकलन गरी सो बमोजिम कायम राख्न मद्दत गर्दछ, जुन बैंकको कारोवार प्रकृति र जोखिमको स्तरको लागि पर्याप्त छ ।

आन्तरिक पुँजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रियामा सुदृढ शासन व्यवस्था, सबै मुख्य जोखिमहरूको व्यवस्थापनको कुशल प्रक्रिया र बैंकमा पर्याप्त आर्थिक पुँजी रहने मुल्याङ्कन व्यवस्थाका लागि एक प्रभावकारी प्रणाली पनि समावेश भएको हुन्छ, जहाँ आर्थिक पुँजी (आर्थिक रूपले आवश्यक पुँजी) भन्नाले बैंकको व्यवसाय परिचालनका लागि र सम्बन्धित जोखिमहरूलाई वहन गर्नको लागि आवश्यक पुँजीको मात्रालाई जनाउँदछ ।

आन्तरिक पुँजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रियाले आन्तरिक पुँजी पर्याप्तताको गणनाको लागि नीति र प्रक्रियात्मक दिशानिर्देश प्रदान गर्दछ । यसले बैंकको जोखिम क्षेत्र र यसको जोखिम व्यवस्थापन, नियन्त्रण, वातावरण र रणनीतिक योजनाको प्रभावकारिताको सम्बन्धमा पुँजी पर्याप्तता आवश्यकताहरू मुल्याङ्कन गर्न उचित विधि, प्रविधि र प्रक्रियाहरू तोकेको छ ।

